# व्यवसायिक खेतीले महिला सशक्तीकरणमा पारेको प्रभाव: भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं ९ को एक समाजशास्त्रीय अध्ययन

समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत गरिएको

शोधपत्र


प्रस्तुतकर्ता

हिरा थापा

सिम्बोल नं २८३१९१

त्रिवि दर्ता नं ६–२–०७२०–००२०–२०११

मानवशास्त्र केन्द्रिय विभाग, कीर्तिपुर

त्रिभुवन विश्वविद्यालय



२०८१

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौँ**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रमअनुसार स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूरा गर्नको लागि मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्त्तगत समाजशास्त्र विभागको छात्रा हिरा थापाले “व्यवसायिक खेतीले महिला सशक्तीकरणमा पारेको प्रभावः भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं. ९ को एक समाजशास्त्रीय अध्ययन” विषयमा स्थलगत अध्ययन गरी यो शोधपत्र तयार गर्नु भएको हो । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्यांङ्कनको लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

..............................................
केशव सिलवाल
समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाण्डौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रमअनुसार स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूरा गर्नको लागि मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तगत समाजशास्त्र विभागको छात्रा हिरा थापाले गरेको "व्यवसायिक खेतीले महिला सशक्तीकरणमा पारेको प्रभाव: भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं. ९ को एक समाजशास्त्रीय अध्ययन" विषयक शोधपत्र उपाधि प्राप्तिका लागि उपयुक्त भएकोले मूल्यांकन समितिद्वारा स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समितिः

................................

उप–प्राध्यापक केशव सिलवाल

शोध निर्देशक

...................................

डा. मनहरी ढकाल

वाह्य निरीक्षक

...................................

प्रा. डा. युवराज लुइटेल

विभागीय प्रमुख

मितिः २०८१-०३-२६

# कृतज्ञता ज्ञापन

यस शोधपत्र तयार गर्ने क्रममा प्रस्तावना कार्यदेखि अन्त्यसम्म, आफ्नो अमुल्य समय दिइ आवश्यक निर्देशन, सल्लाह तथा सुझाव प्रदान गर्नहुने, व्यवस्थित र स्तरीय ढंगबाट अगाडी बढाउन, अनुसन्धानको गरिमाप्रति सधै सचेत रहेर कार्यक्षेत्र जुट्न र खोजसँग सरोकार रहेका तथ्याङ्कहरु संकलन गर्न तथा शोधपत्रको समाजशास्त्रीय छविलाई कायम राख्न प्रेरणा दिनुहुने मेरो आदरणीय गुरु शोध निर्देशक समाजशास्त्र केद्रिन्य विभागका उप–प्राध्यापक केशव सिलवालज्यूप्रति हृदयदेखि नै हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै शोधपत्रको तयारीको क्रममा स्वीकृत प्रदान गरी अनुसन्धान गर्न अवसर दिनुहुने विभागीय प्रमुख प्रा. डा. युवराज लुइटेलज्यूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी मेरो बाहय सुरपरिवेक्षक डा. मनहरी ढकालज्यूको सुझाव र सल्लाहको लागि म विशेष धन्यवादन दिन चाहान्छु ।

उच्च शिक्षा हासिल गर्ने क्रममा भौतिक, आर्थिक तथा जीवन र जगतको सम्पूर्णता बुझेर आधुनिक युगको मुल प्रवाहमा बाँच्न पाउने सौभाग्य मलाई आमा सुन्तली थापा, बुवा विद्यापति प्वाँर थापा र ससुरा बुबा जयराम के.सी., सासुआमा गीता के.सी., श्रीमान् प्रदीप के.सी. एवम छोरी मायरा के.सी. एवम् परिवारका सम्पूर्ण सदस्यहरुबाट भएको छ, त्यसैले म मेरो परिवारप्रति सदैव जीवनपर्यन्त ऋणी रहनेछु ।

हिरा थापा

# विषयसूची

**पृष्ठ संख्या**

सिफारिस पत्र
स्वीकृति पत्र
कृतज्ञता ज्ञापन
विषयसूची
अध्याय एक १
परिचय १
१.१ अध्ययनको पृष्ठभूमी १
१.२ समस्या कथन ७
१.३ अध्ययनका उद्देश्यहरु ९
१.४ शोधको महत्व ९
१.५ अध्ययनको ढाँचा १०
अध्याय दुई ११
पूर्वकार्यको समीक्षा ११
२.१ परम्परागत कृषिमा महिलाको सहभागिता ११
२.२ व्यवसायिक कृषिमा महिला सभागिता १२
२.३. महिला सशक्तीकरण १०
अध्याय तीन २४
अध्ययन विधि २४
३.१ अध्ययनक्षेत्र छनौटको औचित्य २४
३.२ अनुसन्धानको ढाँचा २४
३.३ तथ्याङ्कको प्रकृति र स्रोत २४
३.४ अध्ययनको समग्र र नमुना २५
३.५ तथ्याङ्क सङ्कलन विधि २५
३.६ तथ्याङ्क सङ्कलनका साधनहरु २५

३.६.१ अन्तवार्ता अनुसूची २५
३.६.२ अवलोकन विधि २५
३.६.३ वैयक्तिक अध्ययन २६
३.७ अध्ययनको वैद्‍यता र विश्वसनियता २६
३.८ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण २६
अध्याय चार २७
तथ्यांकको व्याख्या तथा विश्लेषण २७
४.१ जनसाख्यिक विवरण २७
४.१.१ उत्तरदाताको जातिगत विवरण २७
४.१.२ उत्तरदाताको भाषागत विवरण २८
४.१.३ उत्तरदाताको धार्मिक विवरण २९
४.१.४ उत्तरदाताको उमेरगत विवरण ३०
४.१.५ उत्तरदाताको शैक्षिक अवस्था ३१
४.१.६ उत्तरदाताको पारिवारिक संरचना ३३
४.१.७ उत्तरदाताको घरको वनावट ३४
४.१.८ परिवारको नाममा रहेको जग्गा जमिनको अवस्था ३५
४.१.९ उत्तरदाताहरूको घरको मुख्य आम्दानीको स्रोत ३६
४.२ व्यवसायिक खेतीमा महिलाको सहभागिता ३८
४.२.१ व्यवसायिक खेतिमा लागेको समय ४०
४.२.२ व्यवसायिक खेतिमा लाग्नुका मुख्य कारण ४१
४.२.३ व्यवसायिक खेतिमा प्रयोग भएका जग्गाको विवरण ४२
४.२.४ तरकारीका किसिमहरु ४४
४.२.५ व्यवसायिक खेतीबाट हुने आम्दानी ४५
४.३ व्यवसायिक खेतीले महिलाको जीवनस्तरमा पारेको प्रभाव ४६
४.३.१ आम्दानीको खर्च गर्ने निर्णय सम्बन्धी धारणा ४७
४.३.३ हरहिसाव बुझाउनु पर्ने सम्बन्धी धारणा ४८

४.३.४ उत्तरदाताको शैक्षिक आधारमा पढाइखर्च एवम किनमेल सम्बन्धी धारणा ५०
४.३.५ शैक्षिक अवस्थाअनुसार उत्तरदाताको नाममा घरजग्गा रहेको नरहेको सम्बन्धी विविरण ५१
४.३.६ उत्तरदाताको गरहना एवम बैंकव्यालेसन्मा स्वामित्व ५३
४.३.७ गरगहना बनाउँदा लिइएको स्वीकृति एवम रोकटोक बारे जानकारी ५४
४.३.८ व्यवासायिक खेतीमा थप लगानी गर्नुपर्ने अवस्थामा लिइएको स्वीकृति एवम आर्थिक सहयोगसम्बन्धी जानकारी ५६
४.३.९ व्यवासायिक खेतीमा लागेका महिलाहरुको महिला समूहमा आवद्धताको अवस्था ५७
४.३.१० व्यवासायिक खेतीमा लागेका महिलाहरुको राजनीतिक दलमा आवद्धताको अवस्था ५८
४.३.११ व्यवासायिक खेतीमा लागेका महिलाहरुको गाउँमा हुने भेला, सम्मेलन, सभा जस्ता कार्यक्रममा सहभागिसम्बन्धी जानकारी ५९
४.३.१२ व्यवासायिक खेतीमा लागेका महिलाहरुको गाउँमा परि आउने समस्या समाधानका लागि आमन्त्रित गर्ने सम्बन्धी जानकारी ६१
४.३.१३ उत्तरदाताको सहकारीमा संलग्नता सम्बन्धी विवरण ६२
४.३.१४ व्यवसायिक खेती सम्बन्धी तालिम लिए नलिएको सम्बन्धी जानकारी ६३
४.३.१५ व्यवसायिक खेतीबाट जम्मा हुने रकम बचत सम्बन्धी विवरण ६४
४.३.१६ छोराछोरीको शिक्षा सम्बन्धी विवरण ६५
४.३.१७ व्यवसायिक खेतीले परिवारको जीवनस्तरमा ल्याएको परवर्तन ६७
अध्याय पाँच ६८
सारांश तथा निष्कष ६८
५.१ सारांश ६८
५.२ निष्कर्ष ६९
सन्दर्भसूची ७२
अनुसूची १ ः अन्तरवार्ता अनुसूचि ७४

## तालिका सूची

**पृष्ठ संख्या**


तालिका ४.१ ः जातिगत विवरण २७

तालिका ४.२ ः उत्तरदाताको भाषागत विवरण २९

तालिका ४.३ः उत्तरदाताको धर्मिक विवरण ३०

तालिका ४.४ः उत्तरदाताको उमेरगत विवरण ३१

तालिका ४.५ः उत्तरदाताको उमेरगत विवरण ३२

तालिका ४.६ ः उत्तरदाताको परिवारको स्वरूप ३३

तालिका ४.७ः उत्तरदाताको घरको वनावट ३४

तालिका ४.८ः उत्तरदाताको परिवारको नाउमा रहेको जग्गा जमिनको अवस्था ३६

तालिका ४.९ः उत्तरदाताहरूको घरको मुख्य आम्दानीको स्रोत ३७

तालिका ४.१०ः व्यवसायिक खेतिमा लागेको समय ४०

तालिका ४.११ः व्यवसायिक खेतिमा लाग्नुको मुख्य कारण ४१

तालिका ४.१२ः व्यवसायिक खेतिमा प्रयोग भएका जग्गाको विवरण ४३

तालिका ४.१३ः व्यवसायिक खेतिबाट वार्षिक आम्दानी ४५

तालिका ४.१४ः उत्तरदाताको खर्च गर्ने निर्णय सम्बन्धी धारणा ४८

तालिका ४.१५ः हरहिसाव बुझाउनु पर्ने सम्बन्धी धारणा ४९

तालिका ४.१६ः उत्तरदाताको शैक्षिक आधारमा पढाइखर्च एवम किनमेल सम्बन्धी धारणा ५०

तालिका ४.१७ः उत्तरदाताको शक्षिक अवस्था एवम् उनीहरुको नाममा घरजग्गा रहेको नरहेको सम्बन्धी विविरण ५२

तालिका नं. १८ ः उत्तरदाताको गरहना एवम बैंकव्यालेसन्मा स्वामित्वसम्बन्धी विवरण ५३

तालिका नं. १९ ः गरगहना बनाउँदा लिइएको स्वीकृति एवम रोकटोकसम्बन्धी विवरण ५५

तालिका नं. २० ः व्यवासायिक खेतीमा थप लगानी गर्नुपर्ने अवस्थामा लिइएको स्वीकृति एवम आर्थिक सहयोगसम्बन्धी विवरण ५६

तालिका नं. २१ ः व्यवासायिक खेतीमा लागेका महिलाहरुको आमासमूहमा आवद्धता सम्बन्धी विवरण ५७

तालिका नं. २२ ः व्यवासायिक खेतीमा लागेका महिलाहरुको राजनीतिमा सक्रीय आवद्धता सम्बन्धी विवरण ५९

तालिका नं. २३ ः व्यवासायिक खेतीमा लागेका महिलाहरुको गाउँमा हुने भेला, सम्मेलन, सभा जस्ता कार्यक्रममा सहभागिसम्बन्धी जानकारी ६०

तालिका नं. २४ ः व्यवासायिक खेतीमा लागेका महिलाहरुको गाउँमा परि आउने समस्या समाधानका लागि आमन्त्रित गर्ने सम्बन्धी जानकारी ६१

तालिका नं. २५ ः व्यवासायिक खेतीमा लागेका महिलाहरुको गाउँमा परि आउने समस्या समाधानका लागि आमन्त्रित गर्ने सम्बन्धी जानकारी ६२

तालिका २६ ः व्यवसायिक खेती सम्बन्धी तालिम लिए नलिएको सम्बन्धी जानकारी ६३

तालिका नं. २७ः व्यवसायिक खेती सम्बन्धी तालिम लिए नलिएको सम्बन्धी जानकारी ६४

तालिका नं. २८ ः व्यवसायिक खेतीमा लागि सकेपछि छोराछोरीको शिक्षा सम्बन्धी जानकारी ६६

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

महिला सशक्तीकरण भनेको महिलालाई सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक अधिकार तथा अवसरहरु प्रदान गर्ने प्रक्रिया हो । महिलाहरुको व्यवसायिक कृषि गतिविधिहरुमा संलग्नताद्वारा महिला सशक्तीकरण सम्भव छ । व्यवसायिक खेतीमा महिलाहरुले योगदान गर्दा आर्थिक स्वतन्त्रता प्राप्त गर्न सक्दछन्, जसले उनीहरुको परिवार र समाजमा सम्मान बढ्छ साथै कृषि ज्ञान र सीपले महिलाहरुलाई आत्मनिर्भर बनाउँछ त्यसैगरी यसले समग्रसमाजमा समानता र समृति ल्याउन मद्दत पु¥याउँछ । कार्ल माक्र्सले भने झै आर्थिक अवस्थाले मानिसमा चेतना ल्याउन महत्व पूर्ण भूसिमका निर्वाह गर्छ । जुन कुरा नेपाली समाजमा महिलाहरुले पाएका छैनन् । सशक्तीकरणको लागि चाहिने अन्य कारकहरु जस्तै राजनीतिक, साँस्कृतिक चेतनालाई प्रभावपार्ने कारकहरुमध्ये पूँजी एउटा नभई नहुने कुरा हो भनेर युवराज लुइँटेल आफ्नो "पुस्तक लिङ्ग र विकास"मा रुविनका शब्दहरु सापटी लिँदै लेख्नुहुन्छ, लिङ्ग व्यवस्था पुँजीवाद अन्तर्गत राजनीतिक अर्थतन्त्रको प्रणालीसँग तुलनात्मक रुपमा काम गरिरहेको छ । पूँजीवादको ऐतिहासिक नैतिक तत्वले 'श्रीमती' भनेको श्रमिकको आवश्यकता हो, पुरुषभन्दा महिलाले घरपरिवारको काम गर्ने र पुरुष भनेको लामो पुँजीवादी परम्पराको उत्तराधिकारी हो, जसमा महिलाले उत्तराधिकारीको स्थान पाउँदैनन् भन्ने कुरा निर्धारण गर्दछ (लुइँटेल, २०१८) । माथिका कुराहरुलाई हेर्ने हो भने नेपाली समाजमा महिला पछि पर्नुको कारणहरुमध्ये मुख्य कारण उनीहरुको वर्ग उत्पीडान र पूँजीवादी पितृसत्तो रहेको छ, जसमा सामाजिक अर्थव्यवस्था, राजनीति र यौनिकताको घनिष्ठ सम्बन्ध रहेको छ जसले महिलाका निजी प्रक्रियासँग अन्तक्रिया गर्दछ भन्ने निष्कर्ष लुइटेलको रहेको छ ।

महिलाको अवस्था नेपाली समाजमा विश्वका धेरै मुलुकहरुमा जस्तै महिला र पुरुषबीच ठूलो विभेदको अवस्था रहेको छ । यहाँको सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक एवम व्यवसायिक क्षेत्र लगायत सवै क्षेत्रका पुरुषको तुलनामा महिलाको पहुँच ज्यादै न्यून रहेको छ । नेपालमा कुल जनसंख्याको आधाभन्दा बढी (५१.१%) प्रतिशत हिस्सा ओगटेका महिलाहरु राज्यका हरेक पक्षमा पिछडिएका छन् (राष्ट्रिय तथ्यांक विभाग, २०२१) । परम्परागत रुपमा जातपातको भेदभाव, चाँडो विवाह, परिवारमा छोराको महत्व जस्ता परम्परागत मूल्य र मान्यता जस्ता कारणले महिलाको स्तर विकास हुन सकेको छैन् । महिलालाई सन्तान पैदा गर्ने साधनको रुपमा मात्रै लिने, उनीहरुलाई बाल बच्चाहरुको स्याहार सुसार गर्ने, बच्चा हुर्काउने, खाना बनाउने, बाल बच्चाहरुलाई खाना खुवाउने, भाँडा माझ्ने, वस्तुभाउ हेर्ने खेती बाली गोडमेल गर्ने, विउ रोप्ने, बुढाबुढीलाई स्याहार सुसार गर्ने तर उनीहरुको कामको कदापी कदर नगर्ने परिपाटी आज पनि अध्ययन क्षेत्रमा रहेको छ । कुनै कलकारखाना, उद्योग, व्यवसायहरुमा महिलाहरुलाई काम गर्ने अवसर दिइयो भने पनि उनीहरुलाई निम्नस्तरको पारिश्रमिक दिने र मामुली काममा मात्र लगाउने गरिन्छ । लैगिक भिन्नताका कारण लैगिक असमानता, साधन र स्रोतको अवसर आदिमा कमिका कारण महिलाहरुको स्तर निकै पछाडि परेको छ ।

समाजमा महिला तथा पुरुषको हैसियतलाई देखाउने पक्ष आर्थिक पक्ष हो । आर्थिक रुपमा जसले निर्णय गर्न सक्दछ, आय आर्जन गर्न सक्छ वा त्यसलाई परिचालन गर्न सक्छ, स्वभावैले त्यसको हैसियत र भूमिका बढी हुन्छ (आचार्य, २०७१) । आचार्यले भने झै महिलाहरु आर्थिक रुपमा सक्षम भए भने उनीहरुले आफ्ना दैनिक आवश्यकताका बस्तुहरुदेखि सामाजिक विषयवस्तुहरुमाथि पनि निर्णय गर्न सक्ने हुनाले व्यवसायिकतामा लागेका महिलाको सशक्तीकरण अरु महिलाहरुको तुलनामा उच्च हुन्छ । त्यसैले उन्नताइसौं शतब्दीकी प्रख्यात महिलावादी कमला भासिनले महिलाहरुलाई घरबाहिरका कार्य गर्ने स्वतन्त्रता हुनुपर्दछ भन्ने विषयमा जोड दिइ पेशा, शिक्षा जस्ता पक्षमा महिलाका लागि स्वतन्त्रता निकै आवश्यक वस्तु हो भन्ने कुराको वकालत गरेकी छन् (भासिन, २००३) जुन कुरा मेरो अध्ययनको विषयवस्तुसँग

ठ्याक्कै मेल खान्छ । जुन कुुरा जेटकिन (२०६५) ले महिला दमनको कारक तत्व पुँजीवादी व्यवस्थाका उत्पादन कार्यमा महिलाको प्रभुत्वकम हुनुलाई जान्छ भनेर भनेकी छिन् ।

नेपाल संघीय गणतन्त्रात्मक संरचनामा गइसकेको यो राजनैतिक अवस्थामा महिला हक, अधिकार र सशक्तिकरणका लागि विभिन्न गैर सरकारी संघसंस्था तथा सरकारी एवम स्थानीय निकायहरुले कामहरु सशक्त रुपबाट गरिरहेकै छन्, जसले गर्दा यस क्षेत्रका महिलाहरुमा केही गर्नुपर्दछ भन्ने जागरुकता आएको देखिन्छ । पुरुषहरु वैदेशिक रोजगारीमा जाने, गाउँबाट मानिसहरु दिनदिनै सहर पस्ने कारणहरुले गर्दा काठमाडौँ, भक्तपुर र ललितपुर तिनवटै सहरहरुमा तरकारीको माग दिनदिनै बढ्ने क्रममा रहेको हुनाले अध्ययन क्षेत्रका महिलाहरु व्यवसायिक कृषिमा लागेका छन् । आर्थिक शक्ति आत्मनिर्भर बनाउने तथा निर्णय प्रक्रियामा सशक्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने शक्ति हो । नेपाली महिलाको आर्थिक अवस्था त्यति राम्रो नभएको कारणले उनीहरु पछाडि परेका हुन् । उत्पादनको सामाजिक संगठननै महिलाको अधिनताको लागि ठूलो मात्रामा जिम्मेवार रहेको छ (ऐंगेल्स, १९७२) । समग्र समाजको विकास हुनको लागि नारी र पुरुष दुवैको त्यति नै मात्रामा विकास हुनु जरुरी रहेको हुन्छ । सवैभन्दा महत्वपूर्ण कुरा के रहेको छ भने मानव विकासको अवधारणाले पुरुषको तुलनामा महिलाहरु जीवनका सवै क्षत्रेमा पछाडि परेका ले समग्रमा लैंगिक समानता लगायत समानताको अवस्था सिर्जना गर्न र विशेष गरी महिला सशक्तीकरणका लागि लैंगिक संवेदशील दृष्टिकोण तयार गर्नुपर्छ (लुँइटेल, २०१८) ।

व्यवसायिक खेतीमा महिलाहरुको सहभागिता उनीहरुलाई सशक्तीकरण गर्ने एक प्रमुख प्रक्रिया हो जसले उनीहरुलाई बलियो र आत्मविश्वासी बनाउँछ । तसर्थ यहाँ के भन्न सकिन्छ भने महिलाहरु व्यवसायिक खेतीमा आवद्ध भईसकेपछि उनीहरु आर्थिक तथा सामाजिक रुपमा बलिया हुने छन् र आफ्नो जीवनमा आफै नियन्त्रण गर्ने क्षमता वृद्धि गर्ने छन् (महिला जागरण तजा विकास केन्द्र, २०६२) । हाम्रो नेपाली समाज सदियो पहिलादेखि पुरुषद्वारा चलाइएका मुल्य र मान्यताका आधारमा चलेका हुनाले

महिलाहरुले आफ्नो जीवनमाथि आफै नियन्त्रण गर्ने क्षमता गुमाएका छन् । यसो हुनुको पछाडि विभिन्न कारणहरु रहे तापनि आर्थिक कारण प्रमुख कारण रहेको छ । महिलाहरु परम्परागत कृषि र घरधन्दामामै रुमल्लिनुले उनीहरुले गरेको कामको कुनै मुल्य नरहेको हो, साथसाथै महिलाहरुले सम्पत्ति माथिको अधिकार गुमाउनु नै महिलाहरु पुरुषको अधिनमा बस्नु पर्ने बाध्यता प्रमुख कारण हो । नेपाली समाज परम्परागत खेती कृषिमा आधारित रहेको समाज हो । परम्परागत कृषि पेशामा सवै कार्यहरु महिलाले गर्ने गरे तापनि सो उत्पादन घरखर्चको लागि मात्र प्रयोग हुने हुँदा महिला आर्थिक रुपमा सवल नहुने गरेका छन् । तर अहिले आएर विस्तारै विस्तारै महिलाहरु पनि आफूलाई व्यवसायिक कृषि कार्यमा संलग्न गराएको पाइएको छ । यसरी उनीहरु व्यवसायिक खेतीमा संलग्न हुँदा उत्पादन गरेको वस्तु विक्री गर्ने र आय आर्जन गर्न थालिसकेपछि उनीहरुमा उनीहरुको आफ्नो अधिकारको बारेमा केही चेतना आएको छ भने उनीहरुले आफ्नो जीवनमा नियन्त्रण प्राप्त गर्ने सौभाग्य प्राप्त गरेका छन् ।

महिलाहरु व्यवसायिक कृषिमा आवद्ध भइसकेपछि उनीहरुको सामाजिक स्थितिमा सुधार आउनुको पछाडिको मुख्य कारण उनीहरुको अर्थव्यवस्थाको अवस्थासँग गहिरो रुपमा सम्बन्ध रहनु नै हो । आर्थिक रुपमा सवल भइसकेपछि समाजले उनीहरुलाई हेर्ने दृष्टिकोण एवम सामाजिक कार्यहरुमा उनीहरुको पनि सहभागिता हुने हुँदा महिला सशक्तीकरणमा व्यवसायिक कृषिको प्रत्यक्ष महत्वपूर्ण योगदान रहेको छ ।

हाल आएर नेपाली समाजमा पनि कृषि तथा खेती प्रणालीमा आधुनिकीकरण र व्यवसायीकरण हुन थालेको छ । कृषिकार्यमा नयाँपन ल्याउन बाली बिबिधीकरण गर्ने, बहुबाली लगाउने, उन्नत मल बीऊ र कीटनाशक औषधीको प्रयोग गर्ने तथा आधुनिक कृषि औजार प्रयोग गर्ने जस्ता अभ्यासमा जोड दिन थालिएकोछ । तर, नेपालमा भने अपेक्षित रुपमा कृषिको व्यवसायीकरण शुरु हुन नसके पनि नेपालका ठूला सहरहरु जस्तै काठमाडौँ, भक्तपुर, ललितपुर, चितवन, पोखरा, बुटबल, महेन्द्रनगर, विराटनगर एवम जिल्लाका मुख्य बजारहरुको वरिपरि भने कृषिकहरुले व्यवसायिक कृषि थालेका छन्

भने दुरदराका गाउँहरुमा भने अधिकांश कृषकले कृषि कार्य दैनिक जीवन निर्वाहका लागि गर्ने धारणा अझैपनि छाड्न सकेका छैनन् । कृषि प्रधान देश नेपालमा नेपालीलाई पुग्ने खाद्यान्न, माछामासु लगायतका सबै चीज उत्पादनले नपुगेर भारत, चीन लगायत तेस्रो मुलुकहरुबाट समेत यस्ता खाद्यान्नहरु आयात गर्नुपर्ने अवस्था रहेको छ । तर, पनि केही ठुला व्यवसायिक रुपमा सन्चालन गरिएका कृषिलाई छाडेर कृषिको प्रमुख मियो महिला नै छन् । हुनत आजभोली सहरीकरण, वैदेशिक विप्रेषण आदिले कृषि विस्थापित हुँदैछ, तर ग्रामीण महिलाहरुमाथि भने कृषिको थप बोझ बढ्दै छ । तथापि कृषिको आधुनिकीकरण सँगै वर्तमान अवस्थामा अगाडि बढ्न महिलाहरु अग्रसर देखिएका छन् । व्यवसायीक खेतीपातीका लागि भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका वडा नं. ९ ताथलीमा पनि कृषिको व्यवसायीकरण तीब्र रुपले भएको छ, जसमा पुरुषको साथसाथै महिलाहरु पनि अहोरात्र खटिएका छन् । यो क्षेत्रमा परापूर्वकालदेखि बसिआएका नेवारहरु लगायत बाहिरी जिल्लाबाट आर्थिक उपार्जनको अवसरको लागि आएका मानिसहरु जग्गा भाडामा लिएर प्लाष्टिकका घरहरु बनाएर विभिन्न खाले कृषि व्यवसाय गरिरहेका छन् ।

**१.२ समस्या कथन**

नेपालको ठूलो मात्रामा पुरुष जनशक्ति वैदेशिक रोजगारीमा जानुले नेपालको कृषि क्षेत्रको जिम्मेवारी महिलाको काँधमा आइ परेको छ । पुरुषहरु वैदेशिक रोजगारीमा जानुको मुख्य कारण कृषि क्षेत्रलाई उत्पादनमूलक बनाउन नसक्नु पनि एउटा कारण रहेको छ । पुरुष पलायनसँगै बढेको महिलाको भूमिकालाई पनि नीतिगत तहमा अहिलेसम्म कतै सम्बोधन गडरिएको छैन । उदाहरणका लागि सवै कृषिकर्ममा महिलाको संलग्नता बढ्पनि मलिमैत्री प्रविधिको विकासमा राज्यको कुनै चासो देखिएको छैन (तामाङ्ग र गुरुङ, २०७४) । मानिसहरूको शारीरिक विकासको लागि तरकारीको मुख्य भूमिका रहन्छ, जुन कुरा नेपाली उत्पादनले पूरा गर्न सकेको छैन । स्वस्थ्य तरकारीको अभाव र निरन्तर रुपमा उपभोग नगर्नाले मानिसहरु कुपोषणको सिकास भइरहेका छन् भने हाम्रो उर्वरभूमिहरु दिनप्रतिदिन उजाड एवम् बन्जर बन्दै

गइरहेका छन् । नेपालको बढ्दो जनसंख्या र त्यसले सिर्जना गरेको बढ्दो तरकारीको मागलाई पूरा गर्न भारतबाट तरकारी आयात गरिन्छ तर नेपाली उत्पादनलाई वातावरण मैत्री एवम् सरकारी भूमीकाका भने कुनै सरसहयोग नरहेको अवस्था छ जुन आफैमा समस्यामूलक छ ।

लैङ्गक समानताका दृष्टिकोणले हेर्ने हो भने नेपाली महिलाहरुको स्थिति कमजोर रहेको छ । यहाँ बालविवाहका उदाहरणहरु प्रशस्तै भेटन सकिन्छ भने घरेलु हिंसा व्यापक रहेको छ । नेपाल सरकारले नारीहरुको स्कुलिङको लागि ठूलो लगानी गरेको छ तर यहाँको सामाजिक यथार्थता के छ भने महिलाहरु तलब नलिइएको काममा बढी प्रतिनिधित्व राख्दछन । उनीहरुको श्रमिशक्तिमा पुरुषको तुलनामा कम प्रतिनिधित्व रहेको छ । नेपाली समाजमा कृषि एउटा त्यस्तो क्षेत्र हो जुन महिलाले जिम्मा लिइरहेका छन् । अव यो कृषिक्षेत्रलाई नै महिलाले व्यवसायिकतामा परिरणत गरी आर्थिक रुपमा सबल र सम्पन्न बन्नु पर्ने हुन्छ जुन उनीहरुको सशक्तीकरणको एउटा अवसर पनि हो ।

नेपाली समाज अहिलेको परिदृश्यमा बढ्दो रुपमा वैदेशिका रोजगारीमा जाने क्रम बढेको छ भने यहाँका पाखा पखेरा र खेत खलियान प्रायः जसो बाँझै रहने प्रक्रिया एकदमै बढ्दो रहेको छ, जुन नेपाली समाजको एक समस्या हो । यस्तो अवस्थामा महिलाहरु व्यवसायिक खेतीमा लाग्नु नेपाली समाज एवम उनीहरु आफैको लागि पनि वरदान सावित हुने देखिन्छ । ध्वज गुरुङ ( २०२०) का अनुसार दक्षिण एसियाली अर्थतन्त्रको विकास हुँदै जाँदा पुरुषहरु बढ्दो रुपमा वैदेशिक रोजगारीको खोजीमा रहेका छन् । कृषि श्रमको बढ्दो हिस्साको लागि महिलाहरु जिम्मेवार छन् । बंगलादेश, भुटान, भारत, नेपाल र पाकिस्तानमा अहिले कृषिमा काम गर्ने आर्थिक रुपमा सक्रिय महिलाको हिस्सा ६० देखि ९८ प्रतिशत रहेको छ । हाम्रो जीवनको लागि नभई नहुने आधारभूत तत्व उत्पादन गर्ने अहिले महिलाहरु नै रहेका छन् ।

मानव जीवनको शारीरिक विकासको लागि खाद्यान्न नभई नहुने पौष्टिक तत्व हो । जसको अभाव र निरन्तर रूपमा उपयोग नगर्नाले मानिसहरू कुपोषणको सिकार

भइरहेका छन् । व्यवसायिक खेतीबाट एकातिर शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्व प्राप्त गर्न सकिन्छ भने अर्कोतिर यसको बिक्री वितरणबाट आर्थिक आयमा वृद्धि गरी आफ्नो पारिवारिक जीवनस्तरलाई पनि उकास्न सकिन्छ । नेपाली समाज पुरुषप्रधान समाज भएको हुनाले विगतदेखि वर्तमान समयसम्म पनि कृषिमा महिलाहरु नै पुरुषभन्दा अगाडि रहेका छन् तर पनि उनीहरुको कृषिसम्बन्धी कार्यमा निर्णय गर्ने अधिकार उनीहरुलाई दिइएको थिएन तर अहिले यो अवस्था केहीहदसम्म बलिएको पनि छ । अहोरात्र कृषिमा खटिएर उत्पादन गर्ने तर निर्णय गर्ने बेलामा उनीहरुलाई सोधनीसम्म पनि नहुनु लाई एउटा टडकारो समस्याको रुपमा लिन सकिन्छ ।

नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २४.१२% रहेको छ (नेपाल राष्ट्र बैंक, २०७९÷०८०) । कृषि क्षेत्रलाई खाद्यान्न तथा नगदे बाली गरी दुई किसिममा वर्गीकरण गर्न सकिन्छ । नगदे बालीअन्तर्गत व्यवसायिक कृषिको योगदान महत्वपूर्ण रहेको छ । नेपालमा अझै पनि कृषि कार्य परम्परागत रूपमा हुँदै आइरहेको परिवेशमा व्यवसायिक खेतीलाई प्रमुख व्यवसायको रूपमा अगाल्ने परम्पराको विकास सीमित स्थानमा मात्र हुन थालेको छ । भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका वडा नं. ९ ताथलीका कृषकहरूले पनि केही वर्षयता व्यवसायिक कृषिलाई व्यवसायका रूपमा अँगालेका छन्, जसमा महिलाको संख्या उल्लेख रहेको छ ।

भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं. ९ ताथलीका कृषकहरूले के कति मात्रामा व्यवसायिक खेती गर्दछन् ? तिनीहरूमध्ये व्यावसायिक रूपमा खेतीतर्फ लागेका कति छन् ? उनीहरूमा व्यावसायिक खेती सम्बन्धी प्राविधिक ज्ञान कस्तो छ ? कसरी व्यावसायिक कृषिले जीवनस्तरमा सुधार ल्याएको छ ? विगतको जीवनस्तर के कस्तो थियो र पछिल्ला दिनहरूमा के कसरी सो जीवनस्तरमा परिवर्तन आयो ? व्यावसायिक खेतीले कृषकहरूको शारीरिक तथा स्वास्थ्यमा के–कस्ता प्रभाव प¥यो जस्ता पक्षहरूलाई यो अध्ययनको समस्याको रूपमा लिई सोही अनुसार अध्ययनका उद्देश्यहरू निर्धारण गरी अनुसन्धानकार्य अगाडि बढाउने प्रयास गरिएको छ । निम्न पक्षहरूलाई यो अध्ययनको मुख्य समस्याको रूपमा लिइएको छ ।

१) व्यवसायिक खेतीमा महिलाको सहभागिता के कस्तो छ ?

२) व्यवसायिक खेतीबाट महिलाको सशक्तीकरणमा के कस्तो फरक परेको छ ?

**१.३ अध्ययनका उद्देश्यहरु**

यस अध्ययनको उद्देश्य चाँगुनारायण नगरपालिका वडा नं. ९ ताथलीम व्यवसायिक खेतीमा संलग्न महिलाहरुको परिवार एवम समुदायमा परेको प्रभावको विश्लेषण गर्नु रहेको छ भने यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्नअनुसार रहने छन् ।

१) व्यवसायिक खेतीमा महिला सहभागिताको अध्ययन अध्ययन गर्ने ।

२) व्यवसायिक खेतीले महिलाको जीवनस्तरमा आएको परिवर्तनको विश्लेषण गर्ने ।

**१.४ शोधको महत्व**

विगतदेखी वर्तमानसम्म कृषि कार्यमा महिला नै अगाडि छन् तर उनीहरुको अवस्थामा भने कुनै परिवर्तन देखिएको छैन । व्यवसायिक खेतीमा लागेका महिलाहरुको अवस्था परम्परागत कृषि गर्ने महिलाहरुको भन्दा पक्कै पनि केही फरक रहेको छ किनभने समाजमा उनीहरुमाथि विभेद रहनुको मुख्य कारण आर्थिक कारण हो । व्यवसायिक खेतीमा लागि सकेपछि उनीहरु पनि आर्थिक रुपमा सवल र सक्षम भएको कारणले समाजले उनीहरुलाई हेर्ने दृष्टिकोण, परिवारमा उनीहरुको स्थान पक्कै पनि परम्परागत कृषिमा लागेका महिलाको भन्दा फरक रहेको छ । यो अध्ययनले महिलाहरुको मुख्य असमानताको कारण आर्थिक सम्बन्धका उपजहरु बीच रहेको असमान वितरण हो भन्ने कुरा उनीहरुको सामाजिक, साँस्कृतिक, आर्थिक एवम पारिवारिक अवस्थामा आएको परिवर्तनको खोज गर्ने छ जुन कुरा हाम्रो जस्तो पुरुष प्रधान समाजमा बाँचिरहेका महिलाहरुको लागि एउटा बाटो देखाउने अस्त्रको रुपमा रहने छ ।

**१.५ अध्ययनको ढाँचा**

यो अध्ययन मुख्यगरी पाँच परिच्छेदमा विभाजन गरि पूरा गरिने छ । अध्याय एकमा अध्ययनको परिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा, अध्याय तीनमा अध्ययन विधि,

अध्याय चारमा तथ्यांक विश्लेषण र व्याख्या र अन्तिमक अध्यायमा अध्ययनको निष्कर्ष तथा सुझावहरु रहने छन् ।

## अध्याय दुई

## पूर्वकार्यको समीक्षा

अध्ययनमा व्यवसायिक खेती सम्बन्धी प्रकाशित तथा अप्रकाशित लेख रचना, पुस्तक तथा सम्बन्धित अनुसन्धान साहित्यहरू एवम् महिलाहरु समाजमा पछाडि पर्नुका मुख्य कारणहरुबारे महिलाबादी दृष्टिकोणहरुको पनि पुनरावलोकन गरिएको छ ।

### २.१ परम्परागत कृषिमा महिलाको सहभागिता

सामान्य अर्थमा व्यवासायिक खेती भन्नाले कृषिलाई नै आफ्नो जिविकोपार्जनको लागि अवलम्बन गरिने मुख्य पेशलाई जनाउँछ, जसमा विशेष ज्ञान, सीप र अभ्यासहरु समावेश हुन्छन् । नेपाली समाजमा सदियौ पहिलेदेखि परम्परागत कृषिपेशा अवलम्वन गर्दै आएको पुरुष प्रधान समाज हो । जहाँ खेतिपाति निर्वाहमुखी मात्र हुने गरेको कुरा लुक्न सकेको छैन् । कृषिमा आधुनिकीकरण नहुँदा नेपाली समाज कृषिप्रधान समाज भएर पनि कृषिमा आत्मनिर्भर हुन सकेको छ । आफ्नो पुख्र्यौली पेशा व्यवसाय छाडेर अहिले नेपाली समाजबाट ठूलो संख्यामा महिला पुरुषहरु वैदेशिक रोजगारीको सिलसिलामा विश्वका प्रायः सवै देशहरुमा पुगेका छन् ।

समृद्धि, द प्रोस्परिटि फाउण्डेशन (२०११) ले तयार पारेको नेपालमा कृषिको व्यवसायिककरण सम्बन्धी छलफल पत्रमा नेपालमा कुल जनसङ्ख्याको ठूलो हिस्सा दयनीय गरिबी र सामाजिक अभावमा बाँचेको निष्कर्ष निकाले छ । यसका अनुसार नेपाल सरकारको सबैभन्दा ठूलो र दीर्घकालीन विकासको चुनौती भनेको गरिबी निवारण हो । यस चुनौतीको सामना गर्न नेपालले आर्थिक वृद्धिदर बढाउन कार्यतर्फ आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने अवस्था रहेको निष्कर्ष निकालेको छ । वर्तमान स्थितिमा नेपालको अर्थतन्त्र मुख्यतया रेमिट्यान्स (विप्रेषण)ले धानेको छ । यस धनलाई उत्पादनशिल क्षेत्रमा लगानी गराउनु अर्को चुनौती रहेको छ । यस कार्यमा सफल भएको अवस्थामा देशको आर्थिक वृद्धिदर बढाउन पनि यसले मद्दत पुग्नेछ । यस सन्दर्भमा सामाजिक तथा आर्थिक कार्यसुचीमा कृषिको व्यवसायीकरणलाई एउटा

राम्रो विकल्पको रूपमा लिइएको छ । देशको कुल उत्पादनमा कृषिको योगदान कम हुँदै गए तापनि यसले अझै पनि एकतिहाई भाग ओगटेकै छ । तर केही वर्षयता समग्र आर्थिक वृद्धिदरसँगै कृषि क्षेत्रको वृद्धि पनि खस्कँदै गएको छ । कृषिले कुल उत्पादनको एक तिहाई भाग योगदान दिए तापनि यो क्षेत्रमा अपेक्षाकृत विकास भने भएको छैन । यसले गर्दा आर्थिक वृद्धिको समग्र अवस्थाको नक्सा नै बिग्रिएको छ । सन् १९९० मा नेपालको कुल आर्थिक वृद्धिदर ४.८ प्रतिशत रहेकामा यो दर २००१–२००६ मा ३.२ प्रतिशतमा झरेको छ । कृषि क्षेत्रको वृद्धिदर ९० को दशकमा २.७ प्रतिशत रहेकामा २००१–२००६ मा २.४ प्रतिशत भएको थियो । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार आर्थिक वर्ष २०७९÷८० मा आर्थिक वृद्धि उत्पादकको मूल्यमा १.८६ प्रतिशत रहने अनुमान छ । कृषि क्षेत्रको वृद्धि २.७३ प्रतिशत, उद्योग क्षेत्रको ०.५९ प्रतिशत र सेवा क्षेत्रको वृद्धि २.३३ प्रतिशत रहने अनुमान छ (नेपाल राष्ट्र बैंक, २०७९) ।

कृषिको व्यवसायीकरणको सम्बन्धमा बनेको ऐन “कृषि व्यवसाय प्रवद्र्धन ऐन, २०६३” ले कृषिको व्यवसायिकता हुनको लागि कृषि उत्पान प्रणालीलाई आधुनिक, सघन, प्रतिस्पत्रि एवम व्यवसायमुखी बनाउनु हो भन्ने कुराको जिकिर गरेको छ । साथसाथै निर्वाहमुखी तथा छरिएर रहेको कृषि उत्पादन प्रणालीलाई आधुनिक, सघन, प्रतिस्पर्धी एवं व्यवसायमुखी बनाउन आवश्यक भएको छ, कृषिजन्य वस्तुहरुले सुनिश्चित वजार पाउन नसक्नाले कृषि उत्पादन र उत्पादकत्व अपेक्षित रुपमा वृद्धि हुन सकिरहेको छैन । कृषि व्यवसाय प्रवद्र्धन गर्न कठिन भएको सन्दर्भमा प्रभावकारी वजार व्यवस्थापन प्रणालीको विकासबाट विश्व वजारका अवसरहरुको उपयोग गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउन राष्ट्रिरय कृषि नीति, २०६१ को “व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने” उद्देश्य अनुरुप कृषि व्यवसाय प्रवद्र्धन कार्यलाई गति प्रदान गर्न कृषि व्यवसाय प्रवद्र्धन नीति, २०६३ लागू गरिएको छ (नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, २०६३) ।

## २.२ व्यवसायिक कृषिमा महिला सभागिता

देशको आधा जनशक्तिको रूपमा रहेका महिलाहरू देश विकासमा सक्दो सम्लग्न रहे पनि अशिक्षा, अस्वस्थ, गरिबि एवम् रुढीवादी व्यवहारका कारण सम्पत्ति आय, रोजगार आर्थिक एवम् अन्य स्रोतको पहुँचबाट टाढा छन् । जवसम्म महिला र पुरुष वर्ग सँगसँगै पूर्ण रूपमा राष्ट्र निर्माण कार्यमा सम्लग्न हुँदैनन् तवसम्म देशको आर्थिक स्थितिमा सुधार आउन सक्दैन (पन्ध्रौ रा.यो.आ. २०७६÷७७–२०८०÷८१ । नेपालका अधिकांश जनताहरू गरिब छन् ती मध्य गरिब महिलाहरू नै बढी छन् । एक दशक लामो देशको आन्तरिक द्वन्दका कारण धेरै ग्रामिण महिलाहरू विस्थापित हुन पुगेका छन् । विस्थापित महिलाको थप संख्याले गर्दा देशको जनसंख्याको एउटा ठूलो वर्ग महिलाहरू अति गरिवीको चपेटामुनि बाँच्न बाध्य छन् । गरिब महिलाहरूको बाहुल्य रहेको आजको स्थितिमा सहकारी कार्यक्रमको विकास तथा विस्तार गरी उनीहरूलाई त्यसमा सहभागी तुल्याए । सहकारी व्यवसायको माध्यमबाट उनीहरूलाई त्यसमा सहभागी तुल्याई सहकारी व्यवसायको माध्यमबाट उनीहरूलाई सशक्त बनाउन अति आवश्यक भएको छ । विश्वका करौडौ मानिसलाई रोजगार दिन र प्रजातान्त्रिक प्रक्रियाबाट आफ्नो विकास आफैले गर्ने मौका प्रदान गर्न सहकारी अभियान सफल भएको छ (थापा, २०६२) ।

नेपालको संविधान (२०७२) का अनुसार राज्यले किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सिर्जना गरी कृषिलाई उद्योगको रूपमा विकास गर्नेछ । देशमा उपलब्ध आर्थिक साधन र स्रोतलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितररणको व्यवस्था मिलाई कुनै पनि जाति, लिङ्ग, वर्ण वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी आर्थिक असमानता हटाउँदै ज्ञठ स्वदेशी निजी एवम् सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवम् उन्नतिशील गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ ।

त्यसै गरी महिला जागरण तथा विकास केन्द्र (२०६२) का अनुसार, महिलाहरु अनुत्पादक अर्थतन्त्रमा सिमित रहेको पाइन्छ । जस्तै घरधन्दा र कृषिका कामहरु महिलाले गर्ने खेतिपाति, तरकारी व्यवसाय, फलफुल व्यवसाय जस्तो कार्यलाई आर्थिक गतिविधिको रुपमा गणना गर्ने चलनको विकास भइरहेको छैन । कृषि तथा सहकारी मन्त्रालयको २०६२ को सर्वेक्षण अनुसार कृषि कार्यको ६० प्रतिशत उत्पादन महिला श्रमबाट हुने गर्दछ । तर पनि महिलाका कामलाई आर्थिक दृष्टिकोणले अनुत्पादक मानिन्छ । सन् १९८१ को सेडाको प्रतिवेदन अनुसार कुन जातको बाली कहाँ लगाउने, कति र कुन प्रकारको रासायनिक मल कुन बालीमा राख्ने भन्ने विषयमा ४३ प्रतिशत निर्णय महिला कृषकहरूले गर्ने उल्लेख गरिएको छ ।

थापा (२०६२) का अनुसार नेपालको कुल जनसंख्याको करीव ८५ प्रतिशत जनता कृषिमा आधारित छन् । कृषि उत्पादन तथा प्रयोजनमा महिलाको मुख्य भूमिका रहे पनि महिलाको सामाजिक आर्थिक स्तरको स्थिति कमजोर छ । घरपरिवारदेखि लिएर राज्यले निर्णय प्रक्रिया र शक्ति संरचनाको कुरामा पनि महिलाको सहभागिता न्यून छ । शैक्षिक तथ्याङ्क हेर्दा पुरुष साक्षरता, ६५ प्रतिशत छ भने महिलाहरूको ३५ प्रतिशत छ । त्यस्तै राजनीतिमा पुरुष ९५ प्रतिशत छन् भने महिला ५ प्रतिशत छ । भूमिमा पुरुषको स्वामित्व ९० प्रतिशत छ भने महिलाको १० प्रतिशत रहेको छ । जबसम्म महिलाहरू आर्थिक र सामाजिक रूपले आत्मनिर्भर हुँदैनन् तवसम्म उनीहरूमा आत्मबल नेतृत्व तथा निर्णय लिने र दिने क्षमता विकास हुँदैन ।

देशको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र कृषकहरूको अनुभव तथा आधुनिक कृषि प्रविधिहरूको सदुपयोगबाट दीगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ । कृषि भूमिको अनुपयुक्त प्रयोग एवम् विभिन्न प्रकोपहरूका कारण उर्वरा कृषि भूमिको ह्रास हुँदै जानु, कृषिमा श्रम र सीप हुनेहरूमा कृषि भूमिको पहुँच नपुग्नु र पहुँच पुग्नेहरूले पनि आधुनिक प्रविधिहरूको प्रयोग गरी पर्याप्त मात्रामा व्यावसायिक रूपमा उपयोग गर्न नसक्नु र गैर कृषि क्षेत्रको विकासको आधारको रूपमा रहेको कृषि क्षेत्रको विकासका पूर्वाधार

(सिंचाई, सडक, बिजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरू) मा पर्याप्त लगानी आकृष्ट हुन नसक्नु कृषि क्षेत्रको विकासको मुल समस्याका रूपमा रहेका छन् । कृषि क्षेत्रको समग्र विकासका लागि ल्याइएका कृषि विकासको नीतिगत रूपरेखा २०४८ तथा दीर्घकालीन कृषि योजनाले यस क्षेत्रको विकासलाई केही हदसम्म दिशाबोध गराएको छ । तथापि आर्थिक उदारीकरण, विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरूमा नेपालको विद्यमान प्रतिबद्धता, नेपालको लागि दीगो विकासको एजेण्डा एवम् सहस्राब्दी विकासका लक्ष्यहरू समेतको पृष्ठभूमिमा दीर्घकालीन कृषि योजनाका मूलभूत पक्षलाई कायम राखी नयाँ राष्ट्रिय कृषि नीति तर्जुमा गरी लागू गर्न आवश्यक देखिएकोले नेपाल सरकारले राष्ट्रिय कृषि नीति २०६१ जारी गरेको छ (कृषि डायरी, २०६८) ।

युनिसेफका लागि महिला विकास केन्द्रले गरेको साना विकास कार्यक्रमअन्तर्गत ‘महिला विकास कार्यक्रम एक मूल्याङ्कन’ अध्ययनमा साना किसान विकासमा संलग्न महिलाहरूको आय वृद्धि भई घरपरिवारमा निर्णय गर्ने अधिकार बढी पाएका तालिमहरू पाएर काम गर्न सक्षँम भएकाले आफ्नो छिमेकी र घरपरिवारबाट समेत आदर सम्मान प्राप्त भएको उल्लेख छ । त्यस्तै महिला साना किसानहरूमा आपूm आत्मनिर्भर हुने आत्मविश्वास बढेको पाइएको र सामूहिक बचत कार्यक्रमले उनीहरूको बचत गर्ने बानी बसाल्न र विभिन्न कार्य गर्ने योगदान पु¥याउन सकेको कुरा व्याख्या गरिएको छ । सो कार्यक्रमअन्तर्गत महिलाहरूको आय वृद्धि गर्नेखालका कार्यक्रम सञ्चालन गर्ने कृषि विकास बैंकले ऋण उपलब्ध गराई मुख्य भूमिका खेलेको छ । साना विकास कार्यक्रमअन्तर्गत सञ्चालित ऋण असुली कार्यक्रममा महिला सदस्यहरू पुरुष सदस्यहरू भन्दा बढी मात्रामा ऋण तिर्न सचेत भएको पाइएको छ । यस कार्यक्रमबाट महिलाहरू बढी लाभान्वित भएका पनि पाइएको छ (बराल, २०६४) ।

डडेल्धुरा र डोटी जिल्लाका महिलाहरूले आय आर्जनका लागि तरकारी खेती गरेका छन् उनीहरू १० वर्षका ग्रामिण महिलाहरू भन्दा केही फरक देखिन्छन् । अधिकांशका सफा लुगा, गोडामा चप्पल गलामा नौगेडी हसिला अनुहार एवम् प्रफुल्ल थिए । उनीहरूले

समुहमा आवद्ध भइ तरकारी खेतीबाट वार्षिक रु. ५५,०००।– सम्म आम्दानी गरेका छन् । आम्दानीलाई पुरुषहरूले मनोमानी रूपमा खर्च गरेपनि समाजमा रहेको पितृसत्तात्मक सोच पिपलको जरा झै गडिए पनि हामिले हरेस खानु हुँदैनन् निराश भएर पाइला रोक्नु भनेको त अपाङ्ग भएर बाँच्नु जस्तै हो भन्दै उनीहरूले आफ्नो स्थितिमा आफैले सुधार ल्याउने हिम्मत सुनाए । उनीहरूका अनुसार तरकारी खेतीबाट हामीलाई धेरै राम्रो भएको छ । परिवारले सागसब्जी खान पाएका छन् बाँकी बेचेर पैशा आएको छ । उनीहरूको आफ्नै सहकारी छ सहकारीमा मासिक रु. १५ बचत गरेका छौ समुहका सदस्यहरूलाई ठूलो काम गर्न पैसाको खाँचो परेमा कम व्याजदरमा ऋण झिक्न पाइन्छ । भागेश्वरी समुहकी अध्यक्ष मनु सार्कीले तरकारी खेतीबाट वार्षिक रु.५५०००।– आम्दानी गरेको बताइन यही आम्दानीबाट उनले डडेलधुरामा पक्कि घर बनाएकी छिन् । यिनको जस्तो स्थिति आफ्नो बनाउन यहाँका महिलाहरू उत्साहित छन् । यिनको समुहका महिलाहरूले आफ्नो सहकारीमा रु. ६५०००।– हजारसम्म बचत गरिसकेका छन् । समुहले आफ्नो श्रम र आम्दानीबाट टोलमा खानेपानीको धारा बनाएका छन् । मनु सार्कीको अनुभवमा नारीलाई आर्थिक रूपले सक्षम बनाउन सके आधारभुत आवश्यकताको परिपूर्तिमा उनीहरू अग्रसर हुन्छन् । यसले महिलाहरूमा स्वतः अगाडि बढ्ने हिक्मत पनी बढाउँछ । यसरी सामान्यतया व्यवसायीक सिप र मौका उपलब्ध गराउँदा पनि महिलाको स्थितिमा सुधार आउन सक्दो रहेछ (शर्मा, २०६४) ।

माथिका अध्ययन अनुसन्धानहरुलाई हेर्दा नीतिनियमसँग सम्बन्धित अध्ययनहरुमा नेपाल कृषि प्रधान देश भएर पनि कृषिलाई व्यवसायीकरण गर्न नसक्नु र बजारी करण गर्न नसक्नु प्रमुख बाधक तत्वहरु रहेको पाइयो भने व्यवसायिक कृषिमा लागेका महिलाहरुमा उनीहरुको आर्थिक अवस्था, परिवारमा खर्चपर्चको सहजता राम्रो रहेको पाइयो । यो अध्ययनमा महिलाहरुले व्यवसायिक खेति कसरी हुँदै आएको छ, व्यवसायीक खेतिमा महिलाहरुको सहभागिता कस्तो रहेको छ र उनीहरुको जीवनस्तरमा कस्तो फरक परेको छ भन्ने सम्बन्धमा महिलाबादी शैद्धान्तिक दृष्टिकोणबाट अध्ययन गरिने छ ।

## २.३. महिला सशक्तीकरण

महिलाबिरुद्धका सवै प्रकारका विभेद र हिंसाको अन्त्यगरी महिलाहरुको हक तथा अधिकारको सुरक्षा र प्रवद्र्धनको लागि राज्यले अधिकारमा आधारित विकास अवधारणाको अवलम्बन गरी नीतिगत, कानुनी र संस्थागत सुधारका साथै विकास कार्यक्रमहरु सञ्चालन गरी बिभेदकारी कानुनहरु हटाई हरेक क्षेत्रमा महिलाहरुलार्य सहभागिता गराई महिलाहरुमा भएको अन्तर्निहित क्षमतालाई बृद्धि गर्ने नै महिला सशक्तीकरण हो (थापा, २०६२) ।

महिलाहरुलाई विश्वभरमा धेरै चर्चाको विषय बनाइएको छ, जुन कुरा उनीहरुको सशक्तीकरणको पहिलो खुडकिलोको उदाहरणको रुपमा लिन सकिन्छ । महिला हिंसा अन्त्य र महिला अधिकारका पक्षमा काम गर्नका लागि आर्थिक वर्ष २०७४÷०७५ को नीति तथा कार्यक्रम नगर परिषद्बाट ल्याइएको छ । महिला हिंसा अन्त्य गर्नका लागि पहिलो कुरा महिलालाई सचेत बनाउनु आवश्यक छ । महिलाहरूको सशक्तिकरणका लागि चन्दननाथ नगरपालिकाले वार्षिक १० लाख रुपियाँ विनियोजन गरेको छ । महिला हिंसा अन्त्यका लागि महिलालाई सशक्तिकरण गर्ने र यस विषयमा नीति कार्यक्रम ल्याउन जोड दिने सरकारको आगामी योजना रहेको छ । सन् २०७२ को संविधान अनुसार कुनैपनि पुरुषले महिलालाई कुनैपनि प्रकारको भेदभाव गर्न पाउदैन ।

महिला शसक्तिकरण को लागि धेरै आवाज उठाएतापनी माथिल्लो निकायबाट अनेक नियम कानुन बनेता पनि केवल उनीहरुलाई उपस्थितिलाई मात्र जोड दिने गरेको देखिन्छ्र उनीहरुलाई साच्चिकै प्रत्यक्ष रुपमा सक्रिय गराउनी हो भने समाजमा हुने विभिन्न् क्रियाकलापमा प्रत्यक्ष संलग्न गराई उनीहरुलाई पनि जिम्मेवारी दिई जिम्मेवारी बोध गराउन सकिन्छ्र

**क) आर्थिक सिद्धान्त**

महिलाहरु पछाडि पर्नुको मुख्य कारण आर्थिक कारण हो भन्ने तर्क राण्डल (१९९७) ले थेउरीटीकल सोसियोलोजी भन्ने पुस्तकमा गरेका छन् । उनका अनुसार सामाजिक परिवर्तनका सम्बन्धमा प्रत्येक खालका परिवर्तनका कारक तत्व आर्थिक पक्ष हो । महिलाको सम्पत्तीका सम्बन्धमा पनि आर्थिक सिद्धान्तले प्रभाव पारेको हुन्छ । आर्थिक पक्षले समाजका अन्य पक्षलाई निर्धारण गर्दछ । सम्पूर्ण परिवर्तनको मूल आधार आर्थिक तत्व भएका कारण जब आर्थिक अवस्थामा परिवर्तन आउँछ तब सामाजिक एकाइ र त्यसको प्रक्रियामा पनि परिवर्तन आउँछ (रान्डल, १९९७) ।

राण्डलको यो आर्थिक सिद्धान्त कार्लमाक्सको विचारबाट प्रभावित छ जस अनुसार सामाजिक परिवर्तनका सम्बन्धमा प्रत्येक खालका परिवर्तनहरूको कारक तत्व आर्थिक पक्षलाई मान्न सकिन्छ । सामाजिक परिवर्तनका सम्बन्धमा उत्पादनको तरिका, पद्धति र त्यसको पुनरावृत्तीकरणले आर्थिक क्रियाकलापलाई प्रत्यक्ष प्रभाव पार्दछ । उत्पादन प्रक्रियामा यसको प्रभाव परिवार, लिङ्ग, उमेर आदिमा पर्दछ । यसको प्रभावको फलस्वरूप नै सामाजिक रूपमा धार्मिक संस्था, कानुन, राजनीति आदिमा परिवर्तन आउँछ । सम्पूर्ण परिवर्तनको मूल आधार नै आर्थिक तत्व भएका कारण जब आर्थिक अवस्थामा परिवर्तन आउँछ तब सामाजिक एकाइ र त्यसको प्रक्रियामा परिवर्तन आउन सक्छ । अर्थ व्यवस्थामा आउने परिवर्तनसँगै सामाजिक जीवनमा पनि परिवर्तन आउँछ (राण्डल, १९९७) ।

**ख) लैङ्गिक अवधारणा**

आचार्य (२०६२) समाजका प्रत्येक व्यक्तिहरूमा तिनमा रहेका जैविकीय विशेषताका आधारमा ऊ महिला वा पुरुष हो भन्ने कुरा सार्वभौम रूपमा छुट्याउन सकिन्छ । यही आधारमा महिला र पुरुष छुटिट्नुलाई हामी लिङ्ग भन्न सक्छौ ।

त्यसैगरी अर्याल (२०६२) का मतमा प्राकृतिक लिङ्गलाई महिला र पुरुष बिचमा रहने शारीरिक विशेषताका आधारमा छुट्याइन्छ । जुन निश्चित हुन्छ भने सामाजिक लिङ्ग

भन्नाले समाजले महिला र पुरुषलाई दिएको भूमिकालाई जनाउँदछ । जुन समाजै पिच्छे फरक–फरक र परिवर्तनशिल हुन्छ । महिला र पुरुष बिच सामाजिक लिङ्ग कुनै प्राकृतिक विभेद नभइ समाजले सिर्जना गरेको भिन्नता हो । यो सामाजिक सम्बन्धमा आधारित छ ।

कमला भासिनका शब्दमा लिङ्ग शब्दले महिला र पुरुषको शरीरको भौतिक भिन्नतालाई जनाउँदछ र लैङ्गिक शब्दले मनोवैज्ञानिक सामाजिक र साँस्कृतिक भिन्नतालाई बुझाउँदछ । हरेक समाजमा महिला र पुरुषले निभाउनु पर्ने भूमिका अलग अलग हुने गर्दछ । लिङ्गको आधारमा पुरुष र महिला दुवैबाट समाजले अपेक्षा गरेका भूमिका नै लैङ्गिक हो । लैङ्गिकले महिला र पुरुषको सामाजिक साँस्कृतिक अतिरिक्त आर्थिक विशेषतालाई जनाउँदछ । जसरी लिङ्ग अन्तरगत महिला र पुरुष भनि जन्मजात निर्धारण भएर आउँदछ त्यसै गरी जेण्डर (लैङ्गिक) पनि लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने साँस्कृतिक मुल्य मान्यता भूमिका तथा विशेषताहरूको समष्टिगत रूप हो । प्रत्येक पुरुषमा स्त्रीत्व र प्रत्येक नारीभित्र पुरुषत्व हुने गर्दछ तर समाज र सँस्कृतिले यसलाई प्रस्फुटन हुन दिंदैन । केवल प्राकृतिक अंगहरू बाहेक महिला र पुरुषमा परिवर्तन गर्न नसकिने कुनै लक्षण वा विशेषता छैन (भासिन, २००३) ।

त्यसैगरी हिमराज पौड्यालका अनुसार महिलावादी सिद्धान्तले महिला र पुरुषको समाजमा हुने हैसियत र स्थानबारे व्याख्या विश्लेषण गर्दछ । मानव समाज र सँस्कृतिको उत्पत्तिदेखि वर्तमान अवस्थासम्म महिला सम्बन्धमा भएका सामाजिक आर्थिक संस्कृति शैक्षिक व्यवस्थालाई ऐतिहासिक दृष्टिबाट विश्लेषण गर्दछ । सामाजिक र साँस्कृतिक व्यवस्थामा महिलाको र पुरुषको स्थान र भूमिका सामाजिक संस्कृतिक असमानताहरू पुरुषबाट महिलामाथि हुने शोषण, दमन र उत्पीडन राज्यद्वारा अवलम्बन गरिएका कानुनी व्यवस्था र प्रदान गरिएको अघिकार त्यसको सामाजिक प्रभावका बारेमा व्याख्या र विश्लेषण गर्दछ । महिलावाद सामाजिक सिद्धान्त महिला र पुरुष बीचको आधारभूत असमानताहरूको सुझबुझ र महिला उपर

पुरुष सत्ता र शक्तिको विश्लेषणसँग सम्बन्धित छ । नारीवादी सिद्धान्त त्यस्तो विधि हो जसले महिला र पुरुषको स्थान र भूमिकामा संस्कृतिक रूपले स्थापित संस्थागत प्रक्रियाको अध्ययन गर्दछ । मुलत महिलावादी सिद्धान्तले महिलामाथि हुने पुरुषको प्रभुत्व भनेको कुनै विशिष्ट समाजमा सामाजिक आर्थिक, राजनैतिक व्यवस्थाबाट सृजना हुने सामाजिक तथ्य हो भन्ने कुरा उजागर गर्दछ । महिलावादी व्याख्या विधिको मुख्य आधार नै महिला र पुरुषको अवसर, महिलामाथि पुरुषको अधिपत्य, राष्ट्र र समाजमा सार्वजनिक लाभका विवरण उनीहरूका समस्या, सामाजिक भूमिका, परिवार र समाज भित्रको कार्य बोझ, स्रोत साधनको वितरणमा देखिने भिन्नता र असमानता नै रहेका देखिन्छ (पौड्याल, २०६८) ।

**ग) महिलावादी सिद्धान्तहरु**

प्रत्येक समाजमा लैङ्गिक असमानताको कारण परिणाम र यसको मात्रा समान किसिमको हुँदैन । त्यसलाई प्रभाव पार्ने पक्षहरू जसरी सामाजिक र साँस्कृतिक पक्ष जिम्मेवार छ । त्यसैगरी अर्थ व्यवस्था पनि जिम्मेवार हुन्छ । अर्कोतिर सामाजिक व्यवस्था राजनीतिक शिक्षा जस्ता पक्षले पनि लैङ्गिक सम्बन्धमा प्रभाव पार्दछ । त्यसैले समाजको बहु–विशेषता भित्र बसेर लैङ्गिक सम्बन्धलाई खोज्नु पर्दछ (आचार्य, २०६२) । यसले महिलाको हक हित र अधिकारलाई जोड दिन्छ । यसले महिलाको दृष्टिबाट हरेक पक्षको विश्लेषण र ब्याख्या गर्दछ । बास्तवमा नारीवाद महिलाहरूको पुरुष समान अवसर अधिकार र शक्तिको चाहना हो (चौलागाई र अन्य २०६१) नारीवादी सिद्धान्तहरू, वैचारिक आन्दोलनका उपज हुन जुन माक्र्सवादी विचारसँग नजिक छन् । महिलामाथि हुने सामाजिक उत्पीडन, पुरुष दमन, महिला मुक्ति आन्दोलन, राज्यको नीति नियम कानुन महिला स्वतन्त्रता जस्ता महिलाहरूको बहु आयामिक पक्षसँग सम्बन्धित विषय वस्तुहरूको व्याख्या गर्ने विश्लेषण गर्ने र अवधारणाहरूको विकास भएको छ । नारीवादी आन्दोलनले प्रस्तुत गरेका भिन्नाभिन्नै दर्शन र दृष्टिकोणहरूको आधारमा निर्मित प्रमुख नारीवादी चिन्तनका विभिन्न पक्षहरू यस प्रकार छन् ।

१) उदारवादी महिलावाद

२) माक्र्सवादी महिलावाद

३) समाजवादी महिलावाद

४) आमुल महिलावाद

**१) उदार महिलावाद**

उदार महिलावादीहरूले महिलालाई स्वतन्त्रता उपलब्ध गराउन सकिएमा समान प्रक्रियाबाट समाजलाई मुक्ति दिलाउन सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछ । तर यिनीहरू पितृसत्तात्मक व्यक्ति सम्बन्धका बारेमा चर्चा गरको छैनन् । यसैगरी उदार महिलावादी महिलालाई प्रजनन अधिकारका सवालमा स्वतन्त्र अधिकार हुनुपर्नेमा जोड दिन्छन् । जवकी आफ्नो शरीरको प्रयोग गर्ने सम्बन्धमा पनि पुरुषको नियन्त्रण रहनुलाई निकै नकरात्मक रूपमा लिएका हुन्छन् (रिटजर, १९९६) । उदारवादी महिलाहरूले ऐतिहासिक रूपमा पुरुष सरह महिला अधिकारका लागि काम गरिरहेका छन् । नेपालमा पनि यौन स्वतन्त्रता र महिला अधिकारका लागि काम गरिरहेका छन् । तेपालमा पनि यौन स्वतन्त्रता र महिलाको व्यक्तिगत अधिकारको माग गर्ने महिला विरुद्धका सबै खाले कानुनको खारेजी गर्न र उपयुक्त कानुनको निर्माण गर्नका लागि दवावमा कार्यहरू भइरहेका छन् । उदारवादी नारिवादीहरूले उठाएका प्रमुख मुद्दाहरू सन्तान उत्पादन र गर्भपतन सम्बन्धी अधिकार, यौन दुरुत्साहन, मताधिकार र शिक्षा समान कामका लागि समान ज्याला, सर्भसुलभ बाल हेरचाह स्वास्थ्य सेवा र सुविधा महिला विरुद्ध हुने घरेलु हिंसा हुन ।

**२) माक्र्सवादी महिलावाद**

माक्र्सवादी महिलावादको उत्पत्ति कार्लमाक्स र फ्रेडरिक एगेल्सको कृति ९इचष्नष्ल या त्जभ ँबmष्थि, एचष्खबतभ एचयउभचतथ बलम तजभ क्तबतभ० लाई लिन सकिन्छ । महिला मुक्तिका लागि माक्र्सवादी महिलावादले तार्किक अवधारणाहरू अगी सारेको छ । माक्र्सवादी महिलाहरू र पुरुष बीच सृजित जति पनि असमानता विभेद

छन् जुन जैविकिय कारण र ईश्वरीय कारणले भएको नभइ समाजको आर्थिक सम्बन्धका उपज भएको बताउँदछन् । महिलाहरू पुरुष सरह सबै काम गर्न सक्छन् तर महिला र पुरुष बीच रहेका असमान शक्ति सम्बन्धका कारण श्रोतमाथि पुरुषको नियन्त्रणले व्यापकता पाउँदै गरेको र यो क्रम पूँजिवादी अर्थव्यवस्था सम्म आइपुग्दा अरू बढी व्यापक बन्दै गयो । समाजको वर्गीय चरित्र नै महिला विभेदको मुल कारक तत्व हो भन्ने निष्कर्ष माक्र्सवादी महिलावादको रहेको छ (माक्र्स र एंगेल्स, १९४२) ।

माक्र्सवादी महिलावाद सिद्धान्त त्यस्तो सिद्धान्त हो जसले पूँजीवादी दासत्वबाट महिलालाई मुक्ति तथा स्वतन्त्रता दिलाउने विधि तथा माक्र्सको व्याख्यामा ध्यान केन्द्रित गर्दछ । पूँजीवादले महिलालाई भोग विलासिताका वस्तुका रूपमा रूपान्तरण गरेको छ । जुन वस्तुको रूपमा खरिद विक्री र व्यापार गरिने महिलाको अस्मिता र जीवनलाई मुक्तिको बाटो देखाउने सिद्धान्तका रूपमा स्थापित छ (पौड्याल, २०६८) ।

**३) समाजवादी महिलावाद**

समाजवादी महिलावादले लैङ्गिक दमनलाई बुझ्न सामाजिक कारक तत्वको खोजीलाई जोड दिंदै महिलाप्रतिका विभेद पुरुष र महिला स्वयंमबाटै भएको ठान्दछन् जसका पछाडि पितृसत्तात्मक सामाजिक ढाँचाले निकै भूमिका निर्वाह गर्न सक्दछ । समाजवादी महिलालाई माक्र्सवादी तथा उदार महिलावादको संश्लेषणको रूपमा लिइन्छ । जसमा महिला स्वतन्त्रताका साथै वर्गीय आधारमा लैङ्गिक विभेदका अवस्थालाई उठाएको छ । यस समाजवादी महिलावाद सम्प्रदायले समाजमा रहेको सबै प्रकारका अन्यायको खारेजीलाई जोड दिन्छ । जसमा बुर्जुक परिवारको पुन संरचना गरी घरायसी दासत्वबाट महिलाको मुक्तिलाई निकै महत्वका साथ उठाएको छ । यिनीहरूले सबै प्रकारका विभेदको अन्त्यका लागि राज्य नियन्त्रित राजनैतिक अर्थव्यवस्थाको आवश्यकता ठान्दछन् तर काममा व्यक्तिगत स्वतन्त्रतालाई पनि त्यत्तिकै जोड दिएका छन् (रिटजर, १९९६) । समाजवादी महिलावादीहरू महिलाको भूमिकाको व्यवस्था गर्दा लिङ्गका आधारमा रहेको श्रम विभाजनको अवस्थाको विश्लेषण साथै सामाजिकरण तथा पुर्नत्पादन भूमिका र अवस्थाका बारेमा पनि

विश्लेषण गर्ने धारणा राख्छन् । प्रत्येक समाजमा रहेको यौन व्यवहारमा महिला के कसरी किन प्रभावित छन् भन्ने व्याख्या र बुझाइ पनि महत्व हुने हुँदा महिलाहरू जो पुरुषबाट बढी सताइन्छन् । त्यसमा यौन व्यवहार र पनि महत्वपूर्ण हुन्छ । जसलाई अध्ययनमा जोड दिनुपर्छ । महिला असमान ज्याला दिइएको छ बढी समय काम गर्दछन् कमसल र कम उत्पादनशिल कार्यमा उनीहरू संलग्न छन् जुन व्याख्या समुदाय सापेक्ष गरिनु आवश्यक छ (रिटजर, १९९६) ।

समाजवादी महिलावादी व्याख्यामा समाजको यथार्थतामा बसेर लैङ्गिक भूमिका र अवस्थाका बारेमा प्रकाश पार्न खोजिएको छ । सम्पूर्ण सामाजिक व्यवस्थाभित्रको यथार्थ जटिलताभित्र बसेर मात्र लैङ्गिक विश्लेषण गर्न सकेमा महिलाको यावत पक्षका बारेमा वास्तविक बुझाइ हुन सक्छ भन्ने मान्यता रहेको छ ।


**४) आमुल महिलावाद**

आमुल महिलावाद समाजका प्रत्येक तहका महिलामा देखिएको छ । त्यसैले सामाजिक साँस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमुल्याङ्कनलाई निर्मुल पार्न महिलाको सामाजिक मुल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । यो आमुल महिलावाद १९६० को दशको अन्त्यतिरबाट बढी प्रभावशाली बन्यो । यसले समाजको प्रत्येक जात, वर्ण, संरचना संस्थामा दमन, विभेद र असमानता रहेपनि लैङ्गिक विभेदको जटिलतालाई जोड दिन्छ । यस्ता लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व भने पितृसत्ता अन्तरगतको सामाजिक सम्बन्ध हो भन्ने बुझाइ आमुल महिलावादहरूको रहेको छ । यिनीहरूका अनुसार महिला विभेद र दमनको प्रारम्भिक थलो परिवार हो । जहाँ प्रकृतिक लिङ्गका आधारमा क्रम विभाजन र यसै अनुरूपका सामाजिकीकरण तथा भूमिका हस्तान्तरण हुने गर्दछ (आचार्य, २०६२) ।

माथिका विभिन्न विद्वानहरुद्वारा प्रतिपादित सिद्धान्तहरुलाई हेर्दा महिलाहरु विभिन्न खाले सामाजिक, साँस्कृतिक र आर्थिक परिदृष्यमा पछाडी पारिएको भान हुन्छ । माथिका सिद्धान्तहरुलाई मैले आन्तरीकरण गर्दा के भान हुन्छ भने पक्कै पनि महिलाहरु कुनै न कुनै रुपमा पछाडि पारिएकै हुन् । मैले गर्न खोजेको यो अध्ययनमा

पनि महिलाहरु पुरुषको तुलनामा खेती कृषिमा लागे पनि उनीहरुलाई कस्तो विउ छर्ने, कहाँ लगेर बेच्ने, कुन बाली लगाउने जस्ता अधिकार नदिनुको पछाडि महिलाहरुलाई शसक्तिकरणबाट रोक्ने पुरुषप्रधानको अभिष्ट रहेको प्रष्ट देखिन्छ । तसर्थ मैले यो अध्ययनमा कार्लमाक्र्सले भने जस्तो महिला पछाडि पर्नुको कारण आर्थिक असमानता प्रमुख कारण हो भन्ने धारणालाई लिएर यो अध्ययन अगाडि बढाउने छु ।

**२.४ अवधाराणत्मक खाका**



# अध्याय तीन
# अध्ययन विधि

### ३.१ अध्ययनक्षेत्र छनौटको औचित्य

कृषि उत्पादनको दृष्टिले भक्तपुर जिल्ला एकदमै उर्वर भूमिको रुपमा चिनिएको यथार्थ हामी सबैको सामु छर्लङ्ग रहेको छ । यो जिल्लाको चाँगुनाराय नगरपालिका वडा नम्बर ९ ताथली व्यवसायिक कृषि उत्पादनको हिसाबले असाध्यै उर्वर र उपयुक्त जमिनका रुपमा रहेको मानिन्छ । यो क्षेत्रमा खासगरी व्यक्तिगत तथा व्यवसायीक रुपमा तरकारी उत्पादनमा लागेको आफ्नो आयआर्जनलाई बृद्धि गर्न लागेको पाइन्छ । वर्तमान सन्दर्भमा महिलाहरूले उत्पादनका निम्ति गरेको साहास र उनीहरूले गरेको कोसिसलाई कहिँकतै अध्ययन गरेको पाइन्दैन । त्यसैले यो क्षेत्रको छनोट गरिएको छ । देशको कमजोर आर्थिक अवस्था र बढ्दो जनसंख्यासँगै देखा परेको आर्थिक अभावको अवस्थालाई सहयोग पु¥याउने व्यवसायिक खेतीमा महिलाको सहभागिताले उनीहरुको जीवनस्तरमा पारेको प्रभाव सम्बन्धी यो अध्ययन चौचित्य पूर्ण हुने छ विश्वास गरिएको छ ।

### ३.२ अनुसन्धानको ढाँचा

प्रस्तुत अनुसन्धानमा व्यावसायिक खेतीमा सहभागिताले महिलाको जीवनस्तरमा परेको प्रभाववारे अध्ययन गरिने हुँदा यस अनुसन्धानमा लैङ्गिक अवधारणा प्रयोग गरिएको छ । व्यवासायिक खेतीमा महिलाको सभागिताले महिलाको जीवनस्तरमा के–कस्तो प्रभाव पारेको छ र के–कस्ता परिवर्तन ल्याएको छ भन्ने बारेमा अध्ययन गरिन भएको हुनाले यो अध्ययन मुख्यतः बर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचामा गरिएको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय खालका स्रोतहरू प्रयोग गरी सूचना सङ्कलन गरिएका छन् । प्राथमिक स्रोत अन्तगत स्थलगत अध्ययन, अवलोकन र

सर्वेक्षण विधिहरुको प्रयोग गरि तथ्यांक संकलन गरिएको छ भने द्वितीय स्रोत अन्तर्गत अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचना, जर्नल, पुस्तक तथा अन्य सम्बन्धित साहित्य एवम महिलावादी दृष्टिकोणको आधारमा यो अध्ययनलाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ३.४ अध्ययनको समग्र र नमुना

यो अध्ययनको लागि अध्ययन क्षेत्र भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका वडा नं. ९ ताथलीलाई लिएको छ । चाँगुनारायण नगरपालिका वडा नं. ९ को तथ्यांक अनुसार यस वडामा जम्मा घरधुरी संख्या १२६४, जम्मा जनसंख्या ५६९८ जसमा महिलाको जनसंख्या २९७५ र पुरुषको जनसंख्या २७२३ रहेको छ । ताथली हलाल गाउँ मैले अध्ययनको लागि प्रस्ताव गरेकी छु, यहाँँको घरधुरी ८९ र जम्मा जनसंख्या ७२९ जना रहेका छन जसमा महिला ३८२ र पुरुष ३४७ जना रहेका छन्, जसलाई यस अध्ययनको समग्र जनसंख्याको रुपमा लिइने छ भने यिनै ८९ घरधुरी भित्रका व्यवसायिक खेतिमा लागेका ३० जना महिलाहरुलाई रेन्डम सेम्पिलङको आधारमा अध्ययनका नमुनाका रुपमा चयन गरिने छ (चाँगुनारायण नगरपालिकाको पाश्वचित्र, २०७८) ।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनको लागि मुख्य रुपमा प्राथमिक स्रोतको उपयोग गरिने छ भने द्वितीय स्रोतहरुको पनि उपयोग गरिएको छ । प्राथमिक तथ्यांक संकलनको लागि तथ्यांक संकलनका स्रोतका रुपमा अन्तर्वाता अनुसूची, अवलोकन र वैयक्तिक अध्ययनको प्रयोग गरिएको छ भने द्वितीय तथ्यांक संकलन गर्नको लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

### ३.६ तथ्याङ्क सङ्कलनका साधनहरु

यो अध्ययनको लागि प्राथमिक तथ्यांक संकलनका साधनहरुको रुपमा निम्न विधिहरुको उपयोग गरिएको छ

### ३.६.१ अन्तवार्ता अनुसूची

यस अध्ययनमा अन्तवार्ता अनुसूचीलाई तथ्याङ्क सङ्कलनको एक प्रमुख विधिको रुपमा उपयोग गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनका लागि शोध निर्देशकको निर्देशन अनुसार आवश्यक प्रश्नावलीहरूको संरचना तयार गरी अनुसन्धानकर्ता स्वयम्ले तथ्याङ्क संकलन गरेको छु । उक्त प्रश्नावलीहरुमा व्यवसायिक खेतीमा महिला सहभागिताले उनीहरुको जीवतस्तरमा पारेको प्रभाव बारे प्रश्नहरूको प्रयोग गरिएको छ ।

### ३.६.२ अवलोकन विधि

यस अध्ययनमा प्राथमिक तथ्याङ्क सङ्कलनको लागि अवलोकन विधिको प्रयोग गरिएको छ । मैले यो विधिको प्रयोग गर्दा खेती गर्ने स्थान एवम उनीहरुको घरघरमा गएर उनीहरुको दैनिक क्रियाकलापको अध्ययन गरिएको छ । अवलोकन गर्दा उनीहरुको जीवनस्तर जस्तै पारिवारिक स्थान, उनीहरुको क्षमता, दक्षता, खेतीबारीबारे लिने निर्णय, बिक्री गर्ने, बजार जाने, लेनदेनको कार्य गर्ने। निर्णय लिने जस्ता कार्यहरुको सुक्ष्म अवलोकन गरिएको छ ।

### ३.६.३ वैयक्तिक अध्ययन

अध्ययनका लागि लिइएका महिलाहरूबाट पनि सफल र बढि सक्रिय कम्तिमा पनि ५ जना महिला छनोट गरी उनीहरुको वैयक्तिक अध्ययन गरिएको छ । जसमा अम्बिबा पण्डित, सुनिता थापा, सुनिता कुमारी श्रेष्ठ, सरला प्रजापति र माइली तामाङ रहेका छन् ।  उनीहरु व्यवसायिक खेतीमा लाग्नुका आ–आफ्नै कथा र व्यथा रहेका छन् । समग्रमा भन्दा उनीहरु व्यवसायिक खेतीमा लागि सकेछि उनीहरुको आर्थिक पाटोको साथसाथै सामाजिक, राजनैतिक एवम सशक्तीकरणको पक्षपनि राम्रो भएको देखिएको छ ।

### ३.७ अध्ययनको वैद्‍यता र विश्वसनियता

अनुसन्धानको वैद्‍यता कायम गर्नको लागि उत्तरदताहरुसँग लिइएको तथ्यांक मेरो शोधपत्र बाहेक अन्य कतै प्रयोग गरिका छैनन् । यो शोधपत्र तयार गर्ने क्रमा उत्तरदाताहरुको नाम कहिँ कतै खोलिने छैन, यदि नाम लेख्नु परेको खण्डमा उत्तरदाताहरुसँग अनुमति लिइएकोे छ या छदम्भेषी नामको प्रयोग गरिएको छ । यो अध्ययनमा प्रयोग गरिने द्‍वितीय तथ्यांकहरुको मामलामा उनीहरुको सम्पूर्ण जानकारी सन्दर्भग्रन्थ सूचीमा टिपोट गरी उल्लेख गरिएको छ । यसरी यो अध्ययनको वैद्‍यता र विश्वसनियता कायम गरिएको छ ।

### ३.८ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

संकलन गरिएका तथ्यांकहरुलाई अध्ययन स्थलबाट फर्किसकेपछि कही कतै गल्ती भएको छ कि भनेर दोहो¥याएर परीक्षण गरिएको  थियो । यसरी पुनः परीक्षण पश्चात उद्देश्यअनुरुपमा तालिकाहरु निर्माण गरी तालिकीकरण गरिएको छ । तथ्यांकलाई तथ्यांकको प्रकृति हेरेर मात्रात्मक तथ्यांकलाई तालिकीकरण एवम विभिन्न रेखाचित्रहरुको प्रयोग गरिएको छ भने गुणात्मक खालका तथ्यहरुलाई आवश्यक मात्रामा तथ्यपरक बनाइ विश्लेषण गरिएको छ ।

# अध्याय चार

# तथ्यांकको व्याख्या तथा विश्लेषण

## ४.१ जनसाख्यिक विवरण

चाँगुनारयाण नगरपािलका भक्तपुरमा अवस्थित रहेको छ । यो नगरपालिकाको वडा नं. ९ मेरो अध्ययनको क्षेत्र हो । यो क्षेत्र साँस्कृतिक विविधता र जनसांख्यिक विविधताको लागि परिचित रहेको छ । यहाँ विभिन्न जातजाति, भाषा, धर्म, पेशाका मानिसहरु बसोवास गर्दछन् । यो अध्ययनमा समावेश भएका उत्तरदाताहरुको विवरण तलका उपशीर्षकहरुमा व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ४.१.१ उत्तरदाताको जातिगत विवरण

जात मानव सभ्यताको एक महत्वपूर्ण विशेषता हो । समाजमा जातिका आधारमा पेशा, सामाजिक सम्बन्ध, व्यक्तिको हैसियत र भूमिका निर्धारण भएको हुन्छ । नेपाल एक, बहुजाती, बहुभाषिक तथा बहुसांस्कृतिक राष्ट्र हो । जहाँ विभिन्न जातजातिहरू वसोवास गर्दछन् । नेपालको सन्दर्भमा उच्च जात र निम्न जातमा मानिसहरू विभाजीत रहेका छन् । समयको परिवर्तनसँगैै जातजातिको दुरी पनि कम हुँदै गएको पाइन्छ । यस ठाउँमा विभिन्न जात जातीको बसोवास रहेको छ । यहाँका मुख्य बासिन्दाहरूमा क्षेत्री, ब्राहमण, नेवार तामाङहरु रहेका छन् । तलको तालिकामा यस अध्ययनमा सहभागी भएका व्यक्तिहरुको जातीगत विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१ : जातिगत विवरण**

| जातिगत विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्री | २५ | ८३.३३ |
| ब्राम्हण | २ | ६.६७ |
| नेवार | २ | ६.६७ |
| तामाङ | १ | ३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत: स्थलगत अध्ययन, २०८१

तालिका नं. ४.१ अनुसार अध्ययन स्थलमा व्यवसायिक खेतिमा लागेका महिलाहरु मुख्य गरी ब्राम्हण, क्षेत्री, नेवार, र तामाङ जातिका रहेका छन् । तालिकामा देखाए बमोजिम सबैभन्दा धेरै ८३.३३ प्रतिशत महिलाहरु क्षेत्री समुदायका रहेका थिए भने ब्राहमण र नेवार समुदायका महिलाहरु ६.६७ प्रतिशत र ३.३३ प्रतिशत महिलाहरु रहेका थिए ।

माथिको तालिकालाई हेर्ने हो भने यो क्षेत्रमा खास गरी क्षेत्री समुदाय त्यसमा पनि थापा थरका महिलाहरुको उल्लेख्य सहभागिता रहेको देखिन्छ किनकि चाँगुनारायण नगरपालिका वडा नं. ९ मा पहिलादेखि नै थापाहरुको बाहुल्यता रहेको क्षेत्र हो । पहिला पहिला यहाँका महिलाहरु परम्परागत खेतीपातिमा रमाउने गरेका थिए तर अहिले आएर यहाँको वस्ती विकास, शहरी जनघनत्व एवम स्थानीय तरकारको माग भएबमोजिम उनीहरु व्यवसायिक खेतीमा लागेका छन् । जसले गर्दा उनीहरुको पहिला परम्परागत धान, मकै, गहुँ, सागसब्जी लगाउनु भन्दा अहिले व्यवसायिक रुपमा टनेलाहरु बनाएर खेती गर्दा आर्थिक अवस्थामा निकै सुधार आएको अध्ययनका क्रममा गरिएका कुराकानीबाट थाहा हुन्छ ।

### ४.१.२ उत्तरदाताको भाषागत विवरण

भाषाको माध्ययमबाट एक व्यक्तिले अर्को व्यक्तिको अभिव्यक्तिलाई बुझ्ने र बुझाउने गर्दछ । भाषालाई मानव सभ्याताको एक अभिन्न अङ्गका रूपमा रूपमा बुझ्न सकिन्छ । भाषाकै माध्यमबाट नै मानिसल आफ्नो आवश्यकता व्यक्त गरी परिपूर्ति समेत गर्दछ । परिवारमा जुन भाषाको प्रयोग गरीन्छ बालबच्चाहरूमा पनि त्यही भाषाको प्रभाव पर्दछ । यसरी परिवारमा बोलीने भाषालाई मातृभाषा भनिन्छ । नेपालको राष्ट्रिय भाषा नेपाली हो । मूल भाषा नेपाली भए पनि अध्ययन क्षेत्रमा विभिन्न भाषा बोल्ने जनजातिको समेत बसोबास रहेको छ । अध्ययन क्षेत्रमा पनि जनजातिहरू आफ्नो भाषा र अन्य जातिहरू नेपाली भाषा बोल्ने गरेको पाइयो । केही जानजातीहरू आफ्नो मातृभाषाका साथै नेपाली भाषा समेत बोल्ने गरेको पाइयो भने

केही आफ्नो भाषा मात्र बोल्ने गरेको पाइयो । भाषाका आधारमा तरकारी उत्पादनमा लागेका महिलाहरूको जनसंख्यालाई मात्र तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका ४.२ उत्तरदाताको भाषागत विवरण**

| भाषागत विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| नेपाली | ३० | ९३.३३ |
| नेवारी र नेपाली | २ | ६.६७ |
| जम्मा | ३० | १००.०० |

स्रोत स्थलगत अध्ययन, २०८१

माथिको तालिका ४.२ का अनुसार यस अध्ययनमा सहभागि महिलाहरुमध्ये धेरै जसो ९३.३३ प्रतिशत महिलाहरु नेपाली भाषी रहेका थिए भने बाँकी ६.६७ प्रतिशत महिलाहरु पहिलो भाषा नेवारी तर अहिले आवश्यकता अनुसार नेवारी एवम नेवारी बोल्ने रहेको पाइयो ।

यसरी माथिको तथ्यांकलाई मनन गर्दा के भन्न सकिन्छ भने अध्ययन क्षेत्रमा मुख्य गरी नेपाली भाषी महिलाहरु नै यस पेशामा रहेको देखियो भने व्यापार व्यवसाय नेवारी समुदायमा मात्र नभएको हुनाले नेवारी भाषी महिलाहरु पनि नेपालको राष्ट्रभाषा नेपाली नै अंगिकार गरेको देखियो ।

### ४.१.३ उत्तरदाताको धार्मिक विवरण

अदृश्य शक्ति माथि विश्वास गर्नु नै धर्म हो । प्राचिन समयमा समाजलाई एकता र नियमको घेरा भित्र राख्न धर्मले महत्वपूर्ण भूमिका खेलेको थियो । कानुनको निर्माण नहुनजेलसम्म समाजलाई एकतामा बाध्ने काम धर्मले नै गरेको थियो । धर्मले हरेक नकारात्मक पक्षलाई नियन्त्रण गरेको हुन्छ धर्मकै कारणले मानिसले पाप लाग्छ भनि नराम्रो कार्य नगर्ने गरेको पाइन्छ । समयको परिवर्तनसगै नेपालमा पनि विभिन्न धर्मको विकास भएको पाइन्छ । धर्मलाई मानवले अलौकिक शक्तिका रूपमा विश्वास गरेको पाइन्छ । धर्म मानव समाजको एक सार्वजनीक संस्था भएकोले मानव जीवनमा विश्वास एवम् क्रियाकलाप दुवैलाई निर्धारण गरेको हुन्छ । धर्मले मानव समाजको सामाजिक, राजनैतिक, आर्थिक जीवनलाई प्रभावित गर्दछ । नेपालमा विशेष गरी दुई वटा धर्मलाई महत्वका साथ मान्ने गरीन्छ । ति हुन हिन्दू र बौद्ध धर्म । वर्तमान समयमा हिन्दु र वौद्ध धर्मका साथै क्रिस्चियन धर्म पनि मान्ने गरिन्छ । साथसाथै

अहिले आएर नेपाल धर्म निरपेक्ष राष्ट्र समेत घोषित भइसकेको छ । अध्ययन क्षेत्रमा पनि विभिन्न धर्म मान्ने मानिसहरूको बसोबास पाइन्छ ।

**तालिका ४.३ उत्तरदाताको धर्मिक विवरण**

| भाषागत विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | २७ | ९०.०० |
| बौद्ध | ३ | १०.०० |
| जम्मा | ३० | १००.०० |

स्रोत स्थलगत अध्ययन, २०८१

नेपाल बहुभाषिक, बहुसांस्कृतिक तथा बहुजाती भएको देश हो । अध्ययन क्षेत्रमा पनि विभिन्न धर्म मान्ने मानिसहरू बसोबास गर्दछन् । व्यवसायिक उत्पादनमा लागेका महिलाहरूको जनसंख्याको ९० प्रतिशत हिन्दू धर्म मान्ने गर्दछन् । त्यसैगरी यस पेसामा संलग्न महिहरु मध्ये बाँकी जम्मा १० प्रतिशतले बौद्ध धर्म मान्ने गरेको पाइयो भने व्यवसायिक खेतिमा लागेका महिलाहरु अन्य धर्महरु जस्तै मुस्लिम, क्रिश्चियन, किराँत धर्म जस्ता धर्महरु नमान्ने परिवेशका रहेको पाइयो ।

**४.१.४ उत्तरदाताको उमेरगत विवरण**

कुनै पनि क्षेत्रको जनसंख्यामा फरक पार्ने तत्वहरुमध्ये उमेर एउटा महत्वपूर्ण सामाजिक तत्व हो । यसले विभिन्न कार्यहरुमा विविधता ल्याउँछ । हाम्रो नेपाली समाजमा उमेरकै आधारमा व्यक्तिको सामाजिक हैसियत निर्धारण भएको कुरा पनि प्रस्टै देख्न सकिन्छ । हाम्रो समाजमा अझ भन्ने हो भने उमेरकै आधारमा गर्ने कार्यको पनि विभाजन गरिन्छ । व्यक्तिको काम गर्ने समय, कामको प्रकार, काम गर्ने सथान तथा निर्ण प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ । उमेरले गर्ने स्थान तथा निर्णय प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ । उमेरले महिलाहरुको सामाििजक विकास, उनीहरुको चेतना, रोजाई, निर्णय गर्ने क्षमता, आर्थिक तथा राजनैतिक क्रियाकलापहरुमा पनि प्रभाव पार्दछ । यो अध्ययनमा समावेश गरिएका महिलाहरुलाई उनीहरुको उमेरको आधारमा विभिन्न समूहमा वर्गीकरण गरी हेरिएको छ जसलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.४ः उत्तरदाताको उमेरगत विवरण**

| उमेरगत विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| १५–२५ | ८ | २६.६७ |
| २६–३५ | १५ | ५०.०० |
| ३६–४५ | ५ | १६.६७ |
| ४६ भन्दा माथि | २ | ६.६७ |
| जम्मा | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन, २०८१

माथिको तालिका नं. ४.४ मा देखिए अनुसार अध्ययन क्षेत्रका व्यवसायिक खेतीमा संलग्न महिलाहरुको उमेरमा विविधता आएको छ । सवैभन्दा धेरै महिलाहरु ५० प्रतिशत २६–३५ उमेरसमूहका रहेका छन् भने सवैभन्दा कम ६.६७ प्रतिशत व्यवसायिक महिलाहरु ४६ भन्दा माथिको उमेरका रहेका छन् । त्यसो त यस पेशामा संलग्न महिलाहरु २६.६७ प्रतिशत १५–२५ उमेरसमूहभित्रका पनि रहेका छन् ।

माथिको तालिकालाई हेर्ने हो भने के भन्न सकिन्छ भने व्यवसायिक खेतिमा संलग्न महिलाहरु उनीहरुको उर्वर उमेरमा नै यो व्यवसायमा संलग्न रहेका छन् । यो व्यावसायिक खेतीगर्नको लागि निकै भागदौड पनि गर्नु पर्ने भएकाले उमेरले निकै भूमिका खेल्ने कुरालाई नकार्न सकिँदैन । समग्रमा भन्दा यस पेशामा संलग्न महिलाहरु उनीहरुको उत्पादनमूलक पेशामा यस क्षेत्रमा लागेको पाइयो ।

### ४.१.५ उत्तरदाताको शैक्षिक अवस्था

शिक्षा समाज र राष्ट्र निर्माणको मेरुदण्ड हो । मानव विकासका लागि शिक्षा अति नै महत्वपूर्ण मानिन्छ । शिक्षाले नै मानिसको चौतर्फी विकास गरेर जीवनलाई स्वावलम्वी, आत्म निर्भर र आत्मविश्वास बढाउन सार्थक भूमिका खेल्दछ । शिक्षालाई हरेक क्षेत्रको आधारभूत आवश्यकता मानिन्छ । कुनै पनि गाउँ समाज, देश वा क्षेत्रको विकासको प्रमुख आधारशिला नै शिक्षा हो । शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तनिर्हित प्रतिभाको विकास भई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । मानव जीवनको लागि शिक्षा अति नै आवश्यक कुरा हो । शिक्षा विकासको मूल आधार हो । कुनै पनि समाजको विकास र सभ्यताका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा एउटा यस्तो अस्त्र हो जसले मानिसलाई सही

वा गलत छुट्टाउन सिकाउछ साथै सही बाटोमा हिड्न र उचित निर्णय लिन सिकाउछ । अध्ययन गरिएका व्यवसायित खेतिमा लागेका महिलाहरूको शैक्षिक अवस्थालाई विभिन्न चरणमा विभाजन गरी अध्ययन गरीएको छ । शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ः उत्तरदाताको उमेरगत विवरण**

| शिक्षा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ४ | १३.३३ |
| साक्षर | ६ | २०.०० |
| प्रा.वि. | ९ | ३०.०० |
| नि.मा.वि. | ५ | १६.६७ |
| मा.वि. | २ | ६.६७ |
| आइ.ए.÷+२ | ४ | १३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन, २०८१

माथिको तालिका नं. ४.५ अनुसार व्यवसायिक खेतिमा संलग्न महिलाहरु १३.३३ प्रतिशत निरक्षर, अलिअलि पडढ्न लेख्न जान्ने २० प्रतिशत, प्रा.वि. तह पास गरेका ३० प्रतिशत, नि.मा.वि. तह पार गरेका १६.६७ प्रतिशत मा.वि तह पार गरेका ६.६७ प्रतिशत र आइ.ए. तथा +२ पास गरेका १३.३३ प्रतिशत महिलाहरु रहेका थिए । उक्त तालिकालाई हेर्दा के देखिन्छ भने व्यवसायिक खेतिमा लागेका महिलाहरु सवैभन्दा धेरै प्रा.वि. तह पास गरेका महिलाहरु रहेका छन् भने १३.३३ प्रतिशत महिलाहरु आइ.ए.÷+२ तह पार गरेको पनि पाइयो । महिलाहरुको शैक्षिक अवस्था र उनीहरुको यस व्यवसायिक खेतिमा संलग्नताले के सन्देश दिन सक्दछ भने शिक्षित महिलाहरु पनि क्रमशः व्यवसायिकतामा लाग्ने गरेका छन् । यसो हुनुको मुख्य कारण उनीहरुमा जवसम्म उनीहरु उत्पादनमा संलग्न हुँदैनन् र उनको हातमा पैसा आउँदैन तवसम्म उनीहरुले उनीहरुका आमाहरु तथा हजुरआमाहरुको जस्तो जीवन जिउन पर्ने हुन्छ भन्ने चेतनाको विकास भएको मान्न सकिन्छ, जुन कुरा अन्तरवार्ता लिने क्रममा महिलाहरुले भनेका थिए ।

### ४.१.६ उत्तरदाताको पारिवारिक संरचना

परिवार समाज निर्माणको आधार हो । विशेष गरी नेपालमा एकल र संयूक्त गरी दुई प्रकारका परिवार पाइन्छन् । समयको परिवर्तनसँगै परिवारको संरचनामा पनि परिवर्तन हुँदै आएको पाइन्छ । यो प्रभाव अध्ययन क्षेत्रमा पनि परेको पाइन्छ । चाँगुनारायण नगरपालिका पनि आधुनिकीकरणको प्रभावबाट मुक्त हुन सकेको छैन । जसको प्रभावले गर्दा व्यवसायिक खेतीमा लागेका परिवारको पारिवारिक संरचनामा समेत परिवर्तन आएको पाइन्छ । परिवारको आकारले उत्पादनमा प्रभाव पार्ने हुँदा परिवारको पनि विश्लेषण गरीएको छ । हरेक क्षेत्रमा कृषि कार्य गर्नका लागि धैरै परिश्रम गर्नुपर्ने देखिन्छ । त्यसमाथि पनि खेती कृषिको क्षेत्रमा विभिन्न समस्याहरू हुने हुँदा बढी परिश्रम गर्नुपर्दछ । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूको परिवारीक संरचनालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.६ ः उत्तरदाताको परिवारको स्वरूप**

| पारिवारिक स्वरुप | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | २२ | ७३.३३ |
| संयुक्त | ८ | २६.६७ |
| जम्मा | ३० | १००.०० |

स्रोत स्थलगत अध्ययन, २०८१

माथिको तालिका नं ४. ६ का अनुसार अध्ययन व्यवासायिक खेतिमा लागेका महिलाहरुको पारिवारिक स्वरुप धैरै जसो ७३.३३ प्रतिशतको एकात्मक र २६.६७ प्रतिशतको संयुक्त रहेको पाइयो ।

माथिको तथ्यांकलाई हेर्दा के देखिन्छ भने नेपाली समाज पहिला संयुक्त परिवारमा विश्वास गर्ने सामाजिक परम्परा थियो । तह हाल आएर यो सामाजिक संरचनामा विस्तारै विस्तारै फरक पना देखिन थालेको छ । यसो हुनुको मुख्य कारण पश्चिमी आधुनिकीकरणको प्रभाव हो भन्न सकिन्छ । चाँगुनारायण नगरपालिका पनि पश्चिमीकरणको चपेटामा परेको देखिन्छ किन भने व्यवसायिक खेतीमा लागेका महिलाहरु धैरै जसोको पारिवावरिक वनावट एकात्मक किसिमको देखिन्छ । खास गरेर पश्चिमी देशहरुमा छोरा वा छोरी १८ वर्ष पछि बालिक हुने र उनीहरुले आफ्नो बाबाआमासँग छुट्टिएर बस्न पाउने कानुनी बाटो खुल्ने भएको कारण उनीहरु १८ वर्ष

पुगिसकेपछि आफ्नो केटी साथी वा केटा साथीसँग छुट्टै फ्याट लिएर सँगै बस्ने परम्परा रहेको छ । जुन कुरा नेपाली समाजमा पनि विस्तारै विस्तारै देखिन थालेको छ । अध्ययन क्षेत्रमा धैरै महिलाहरु एकात्मक परिवारसँग सम्बन्ध राख्नुले पनि यही कुराको पुष्टि गर्दछ ।

**४.१.७ उत्तरदाताको घरको वनावट**

उत्तरदाताहरुसँग उनीहरुको घरको बारेमा सोधिएको थियो । नेपाल भौगोलिक दृष्टकोणले विविधता भएको हुनाले यहाँ हिमालदेखि तराइ साथै पूर्वदेखि पश्चिमसम्म विभिन्न प्रकारका घरहरु पाइन्छन् । पहाडी क्षेत्रहरुमा परम्परागत ढुङ्गा, माटो, र काठबाट बनेका घरहरू सामान्य रुपमा पाइन्छन् । यी घरहरू चिसो मौसममा न्यानो र गर्मी मौसममा शीतल रहन्छन् । तराई क्षेत्रका घरहरू प्रायः बाँस, फुस र काठबाट निर्माण गरिन्छन्, जसले गर्मीमा शीतलता प्रदान गर्दछ । हिमाली क्षेत्रहरूमा पत्थर र काठको प्रयोग गरी बनाइएका घरहरू हुन्छन्, जसले चिसो हावालाई रोक्छ । शहरी क्षेत्रमा आधुनिक कंक्रिट र इँटाका घरहरू, अपार्टमेन्ट, र भवनहरूको प्रचलन बढ्दै गएको छ । यी सबै घरहरूले नेपालको विभिन्न भौगोलिक र सांस्कृतिक विविधतालाई प्रतिबिम्बित गर्छन् । तलको तालिकामा उत्तरदाताको घरहरुको बनावटको बारेमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

**तालिका ४.७ः उत्तरदाताको घरको वनावट**

| पारिवारिक स्वरुप | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| कच्ची (ढुङ्गा माटोको वाल, छाना टिनको) | १४ | ४६.६७ |
| आर.सि.सी. | ९ | ३०.०० |
| अर्धपक्की | ७ | २३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन, २०८१

माथिको तालिका नं. ४.७ का अनुसार अध्ययन स्थलमा छनोटमा परेका महिलाहरुको घरको वटावट हेर्दा धैरै जसो महिलाहरुको घरको वनोट कच्ची रहेको थियो । घरको वाल ढुङ्गा र माटोले बनेको छाना टिनको रहेका घरहरु यस क्षेत्रका पुरानो शैलीमा बनेका घरहरु हुन् जसले गर्मीमा शितलता प्रदान गर्ने गरेको पाइयो भने चिसो मौसममा घरलाई न्यानो प्रदान गर्ने गरेको पाइयो । त्यसो त त्यहाँ ३० प्रतिशत

महिलाहरुले उनीहरुको बासस्थान पक्की रहेको जनाएका छन् । पुराना घरहरु विविध कारणवस भत्किने र नयाँ बनाउँदा उनीहरुले शहर बजारमा जस्तै फलाम, कंक्रिट र सिमेन्टको प्रयोग गरेर आर.सि.सि. घरहरु बनाएको पाइयो । अध्ययन स्थलमा अझै पनि २३.३३ प्रतिशत घरहरु अर्धपक्क रहेको पाइयो । पहिले ढुङ्गा र मोटाबाट बनेका घरहरु अहिले बाहिर र भित्रबाट प्लाष्टर गरेर र पुरानो घरमै जोडेर इटा र सिमेन्टी बालुबाको मिश्रणबाट पनि दुइतलासम्मका एकदुइकोटठे घरही बनाएको पाइयो । यसबाट के भन्न सकिन्छ भने अध्ययन स्थल चाँगुनारायण एक पुरानो रैथाने वस्ती हो , जहाँ नेपाली परम्परा झल्काउने खालका घरहरुको संख्या उल्लेख्य मात्रामा रहेको छ । तर यो संख्या भने विस्तारै आधुनिक घरहरुमा परिणत हुँदै गइरहेको छ । कच्चीघर भएका व्यक्तिहरुले इँटा, बालुवा र सिमेन्टीको प्रयोग गरेर विस्तारै पुराना घरहरुलाई आधुनिक अवस्थामा रुपान्तरण गर्न नै यसको परिवर्तको सुरुवात हो भन्न सकिन्छ ।

माथिको तालिकालाई हेर्दा के देखिन्छ भने यस क्षेत्रमा महिलाहरु व्यवसायिक खेतिमा लागिसकेपछि केही आम्दानी वचत हुने भएको कारणले यस क्षेत्रका घरहरुमा आधुनिकता आउँदै गरेको झल्को पाउन सकिन्छ । पुराना घरमा प्लाष्टर गर्नु, पुराना घरसँगै जोडेर इँटा, बालुवा र सिमेन्टीको प्रयोग गरेर ढलानसम्म गरी दुइ चार कोठा बनाउने विस्तारै घरहरुको वनोटको सम्बन्धमा विस्तारै आधुनिकीकरणतिर लागेको हो भन्न सकिन्छ । सम्बन्धीत क्षेत्रका महिलाहरु व्यवसायिक खेती तर्फ लागिसकेपछि उनीहरुको आर्थिक सम्बन्धमा घरमा निकै सरसहयोग भएको भने अध्ययन क्षेत्रका महिलाहरुले निर्धक्कसँग भनेका थिए ।

### ४.१.८ परिवारको नाममा रहेको जग्गा जमिनको अवस्था

जग्गा जमिन भौतिक सम्पत्तिको सवैभन्दा भरपर्दो र उत्तम साधन हो । खासगरी नेपाली समाज कृषिमा आधारित समाज रहेको हुँदा यहाँको प्रत्येक परिवारमा आफूलाई आफ्नो खेतबारीबाटै खानपुग्ने जग्गा जमिन हुने गरेको विभिन्न तथ्यांकहरुले देखाउने गरेका छन् । अध्ययन क्षेत्र चाँगुनारायण नगरपालिका वडा नं. ९ पनि त्यस्तै परम्परागत कृषिमा आधारित स्थान हो, जहाँका मानिसहरु आफ्नो जग्गा जमिन, घरबास गरेर बसिरहेको स्थान हो । यहाँका मानिसहरुमा धैरैथोरै सवैको जग्गा जपमन रहेको छ । अहिले काठमडौंमा तीब्र रुपमा जग्गाको घरघडेरीहरु बनाउने नाममा तीब्र रुपमा खण्डीकरण हुँदै गएको छ, जसबाट यो वडा पनि अछुतो रहेको छैन, ता पनि

यहाँका मानिसहरुले आफ्नो जग्गा जमिन पुरै बेच्ने भने गरेका छैनन् । तलको तालिकामा उनीहरुको परिवारको नाममा रहेको जग्गा जमिनको अवस्था उल्लेख गरिएको छ ।

**तालिका ४.८ः उत्तरदाताको परिवारको नाउमा रहेको जग्गा जमिनको अवस्था**

| जग्गा जमिनको अवस्था | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| ५ रोपनीसम्म | २ | ६.६७ |
| ६ देखि ७ रोपनी | ५ | १६.६७ |
| ७ देखि ८ रोपनी | १२ | ४०.०० |
| ९ रोपनी भन्दा माथि | ११ | ३६.६७ |
| जम्मा | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन, २०८१

माथिको तालिका नं. ४.८ का अनुसार व्यवासायिक खेतिमा संलग्न महिलाहरुमध्ये सवैभन्दा ४० प्रतिशतको ७ देखि ८ रोपनीसम्म जग्गा रहेको पाइयो भने ३६.६७ प्रतिशतको ९ रोपनि वा सोभन्दा माथि जग्गा जमिन रहेको पाइयो । त्यसै गरी १६.६७ प्रतिशतको ६ देखि ७ रोपनी र जम्मा ६.६७ प्रतिशतको मात्रै ५ रोपनी सम्म जग्गा जमिन रहेको पाइयो ।

माथिको तथ्यांकबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रका महिलाहरु सदियो पहिलादेखि सोही ठाउँमा बसोवास गरिरहेका र उनीहरु विगतमा पूर्णत कृषिमा भरपर्ने गरेको पाइयो । अन्तरावर्ताका क्रममा उनीहरुले भने अनुसार उक्त जमिनमा सिजन अनुसारको बालि नाली लगाउने, वस्तुभाउ पाल्ने, दुध बेच्ने जस्ता कार्य गर्ने गरेको पाइयो । कसैकसैले अहिले कहिँ कतै केही जग्गा टुक्रा पारेर वेचविखन गर्ने गरेको पाइयो भने अझै धेरै जसो यहाँमा बासिन्दाहरुले पुख्यौली जग्गा जमिन बेचविखन नगरेको पाइयो ।

**४.१.९ उत्तरदाताहरूको घरको मुख्य आम्दानीको स्रोत**

नेपाल कृषि प्रधान देश हो । नेपालका अधिकांश जनताहरू कृषिमा नै आश्रित रहेका छन् । ग्रामिण भेगमा त कृषि बाहेक अन्य विकल्प नै हुदैन । त्यसैले अध्ययन क्षेत्रका उत्तरदाताहरूमा पनि मुख्य आम्दानीको स्रोत के रहेको छ भनी हेर्न

खोजिएको छ । व्यवसायिक कृषिका अलावा उनीहरुको परिवारको आम्दानीको मुख्य स्रोत के रहेको छ भन्ने कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९ः उत्तरदाताहरूको घरको मुख्य आम्दानीको स्रोत**

| मुख्य आम्दानिको स्रोत | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| व्ययवसायिक खेती | ६ | २०.०० |
| जागिर | १० | ३३.३३ |
| व्यापार | ५ | १६.६७ |
| अन्य (गाइपालन, कुखुरा पालन, ठेकेदारी, काठको काम, शिक्षण, रेमिटेन्स ... ) | ९ | ३०.०० |
| जम्मा | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन, २०८१

माथिको तालिकालाई हेर्दा उत्तरदाताको घरको मुख्य आम्दानीको स्रोतमा जागिर नै एक नम्बरमा रहेको छ भने ३० प्रतिशत महिलाहरुले परिवारको मुख्य आम्दानीको स्रोत गाइपालन, कुखुरापालन, ठेकेदारी, काठको काम, ड्राइभिङ जस्ता अन्य कामहरुबाट आउने गरेको बताएका थिए । त्यसै गरी २० प्रतिशत महिलाहरुले भने उनीहरुले नै गरेको व्यवसायिक खेति नै उनीहरुको घरो मुख्य आम्दानीको स्रोत रहेको देखियो । त्यसैगरी १६.६७ प्रतिशत घरपरिवारको मुख्य आम्दानीको स्रोत व्यापार रहेको पाइयो ।

माथिको तालिकालाई हेर्दा के देखिन्छ भने महिलाहरु व्यवसायिक कृषिमा लागेपछि उनीहरुको घरको मुख्य आम्दानीको स्रोत नै त्यहि भएको पाइयो जुन नेपाली समाजमा सकारात्मक पक्ष रहेको पाउन सकिन्छ किन भने महिलाहरुले अँगालेको पेशाबाट उनीहरुको घरपरिवार चलेको छ भने पक्कै पनि त्यो परिवारमा महिलाहरु निकै सशक्त भएका उभिएको पाइयो । कार्लमाक्सले भने झैं "आम्दानीले नै मानिसको चेतनाको स्तर निर्धारण गर्दछ" भन्ने भनाइलाई मान्ने हो भने पक्कै पनि ती २० प्रतिशत महिलाहरुको उनीहरुको घर एवम समाजमा राम्रो स्थान निर्धारण भएको हुनुपर्दछ ।

### ४.२ व्यवसायिक खेतीमा महिलाको सहभागिता

व्यवासायिक कृषि भन्नाले मुख्यत व्यवसायिक उद्देश्यका लागि गरिने कृषिलाई जनाउँछ, जसले कृषिकहरुको आम्दानीमा वृद्धि र ग्रामीण तहको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । नेपाल कृषि प्रधान देश भएर पनि पहिलादेखि नै

परम्परागत कृषिमा आधारित समाज रहेको छ, यहाँ उत्पादन गरेको सामान पैसामा बेचविखन गर्नुभन्दा पनि छरछिमेकमा बाँडेर खाने, नातेदार, आफन्तजनलाई दिने चलन रहेको समाज हो । तर अहिले आएर यो अवधारणामा व्यापक परिवर्तन आएको छ । देशका विभिन्न कुनाकाप्चामा पनि आफूले उत्पादन गरेको सामान पैसामा बेच्ने र आफूलाई चाहिएको सामान पनि किन्ने प्रचलन बढेको कारण हाल आएर नेपाली समाजमा धान, गहुँ, मकै जस्ता बालहरुको खेती, स्याउ। सुन्तला जस्ता फलफुलको उत्पादन, टमाटर, काउली जस्ता अन्य तरकारीहरुको व्यवसायिक खेती तथा गाई, बाख्रा, कुखुरा जस्ता पशुपालन र माछापालन समावेश रहेका छन् । यस्तो प्रकारको व्यवसायिक खेतिले स्थानीय स्तरमा खाद्यय सुरक्षा प्रवद्र्धन, रोजगारीको सिर्जना र आत्मनिर्भर बनाउने क्षमता बढाएको छ । तथापी सिंचाइको अभाव, प्राविधिक ज्ञानको कमी, बजार पहुँचको समस्या, विचौलियाको विगविगि, आवश्यक पुँजीको अभाव, आवश्यक कृषि औजार, कृषि सामग्री, मलविउ एवम कामदारको अभाव जस्ता चुनौतिहरु भने बग्रेल्ति रहेका छ ।

नेपालमा पुरुष वर्चस्व र महिला सि-मान्तकृतकरणले महिलाहरूलाई व्यवसायिक खेतीमा संलग्न हुन बाध्य बनाएको छ । ग्रामीण क्षेत्रमा परम्परागत रूपमा पुरुषहरू प्रमुख भूमिका खेल्दै आएका छन्, जसले महिलाहरूलाई परिवारका घरेलु कार्यहरूमा मात्र सीमित गरिदिएको थियो । तर, आधुनिक समाजमा पुरुष वर्चस्वका कारण महिलाहरूले आत्मनिर्भर बन्ने र आर्थिक रूपमा सबल बन्ने आवश्यकता महसुस गरेका छन् ।

महिला सिमान्तीकरणको कारणले उनीहरूलाई औपचारिक क्षेत्रको रोजगारीमा कम अवसर प्राप्त हुन्छ । यसले महिलाहरूलाई वैकल्पिक आम्दानीका स्रोतहरू खोज्न प्रेरित गरेको छ, जसमा व्यवसायिक खेती एक महत्वपूर्ण विकल्पको रूपमा देखा परेको छ । अध्ययन क्षत्रका महिलाहरु लाई तपाइँ किन व्यवसायिक खेती रोज्नु भयो भन्न्न प्रश्नको उत्तरमा उनीहरुको बाबुबाजेको पालादेखि गरिआएको त्यहि एउटा कृषि थियो । आफूलाई पनि काम गर्नु परेको र घरैमा जग्गा जमिन पनि भएको कारणले यहि पेशा रोजियो भन्ने कुरा धेरै कृषिक महिला दिदीबहिनीहरुले भनेका थिए । यसबाट के थाहा पाउन सकिन्छ भने कृषि क्षेत्रमा महिलाहरूको पहुँच र अनुभव बढी हुने हुँदा उनीहरूले यस क्षेत्रलाई अपनाउन थालेका छन् । यसबाट उनीहरूले परिवारको आर्थिक स्थितिमा

सुधार ल्याउने र आफ्नो स्थिति सुदृढ गर्ने प्रयास गरिरहेको कुरा अध्ययनको क्रममा थाहा हुन आयो ।

यस्तै, पुरुषहरूको वैदेशिक रोजगारतर्फको आकर्षणले पनि महिलाहरूलाई कृषिमा संलग्न हुन बाध्य बनाएको छ । धेरै पुरुषहरू विदेशमा काम गर्न जाँदा घरको खेतीपातीको जिम्मेवारी महिलाहरूको काँधमा पर्छ । यसले महिलाहरूलाई व्यवसायिक कृषिमा संलग्न भई परिवारको जीविकोपार्जन गर्न प्रेरित गरेको कुरा अध्ययन क्षेत्रमा पाइयो । यो प्रक्रियाले महिलाहरूलाई नयाँ सीप, ज्ञान र आत्मविश्वास प्राप्त गर्न मद्दत पु¥याउँएको पाइयो । जसले दीर्घकालीन रूपमा महिला सशक्तीकरणमा योगदान पु¥याउँछ । व्यवसायिक खेतीमा महिलाहरूको संलग्नता पुरुष वर्चस्व र महिला सीमान्तीकरणको प्रतिफल भए पनि यसले उनीहरूको सामाजिक र आर्थिक स्थिति सुधार्न महत्वपूर्ण भूमिका खेलेको छ ।

नेपालमा व्यवसायिक कृषिमा संलग्न महिलाहरूको योगदान उल्लेखनीय छ । परम्परागत रूपमा, नेपाली महिलाहरू कृषि कार्यमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्, तर व्यवसायिक कृषिमा उनीहरूको संलग्नता बढ्दो क्रममा छ । यसका मुख्य कारकहरूमा आर्थिक आवश्यकता, परिवारको भूमिका, र सशक्तीकरणको चाहनाहरु नै मुख्य रुपमा रहेका छन् ।

अध्ययन क्षेत्रका महिलाहरु व्यवसायिक कृषिमा लाग्नुको मुख्य कारणहरु मध्ये पहिलो कारक आर्थिक आवश्यकता रहेको पाइयो । ग्रामीण क्षेत्रमा पुरुषहरू विभिन्न पेशा व्यवसायमा लाग्ने, बैदेशिक रोजगारीमा जाने, महिलाहरुले घरको काम गर्ने तर जहिले पनि उनीहरुले केही गर्नु प¥यो भने, केहि चाहियो भने सदैव श्रीमान्सँग वा घरको मुलीमान्छे पुरुषसँग हातफैलाउनु पर्ने विवशताका कारण उनीहरूलाई कृषिमा संलग्न हुन प्रोत्साहित गरेको छ । परिवारको आर्थिक अवस्था सुधार्न महिलाहरूले कृषि उत्पादनमा बढी ध्यान दिन थालेका छन् । उनीहरू विभिन्न प्रकारका बाली, फलफूल, तरकारी र पशुपालनमा सक्रिय छन्, जसले परिवारको आम्दानीमा वृद्धि गर्दछ । यसले महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बन्न मद्दत पु¥याएको छ ।

नेपाली समाजको पारिवारिक भूमिका महिलाहरुलाई उनीहरु आफै व्यवसायिक खेतिमा लाग्नु पर्ने कारण अरु कारणहरुमध्ये एक रहेको छ । व्यवसायिक कृषि कार्यमा महिलाहरूको सक्रिय संलग्नताले परिवारमा उनीहरूको भूमिका महत्वपूर्ण बनाएको छ ।

महिलाहरूले कृषि कार्यमार्फत् परिवारको भरणपोषण गर्न सक्ने भएकाले उनीहरूलाई सम्मानजनक दृष्टिले हेर्ने गरिएको छ । साथै, कृषि कार्यले महिलाहरूलाई परिवारसँग निकटता बढाउने र सन्तुलित पारिवारिक जीवन बिताउन पनि मद्दत पु¥याएको स्थलगत अध्ययनको क्रममा पाइयो ।

त्यसैगरी महिलाहरु व्यवसायिक खेतिमा लाग्नुको सवैभन्दा महत्वपूर्ण कारक भनेको उनीहरुको सशक्तीकरणको चाहना रहेको पाइयो । व्यवसायिक कृषिमा संलग्न हुँदा महिलाहरूले नयाँ ज्ञान, सीप र प्रविधिहरूमा पहुँच पाउने अवसर पाउँछन् । विभिन्न तालिम, सहकारी, र कृषक समूहमा संलग्न हुँदै उनीहरू सशक्त हुँदैछन् । यसले उनीहरूको आत्मविश्वास बढाएको छ र सामुदायिक स्तरमा नेतृत्वदायी भूमिका निर्वाह गर्न प्रेरित गरेको छ । व्यवसायिक कृषिमा उनीहरुको आवद्धताले महिलाहरूलाई सामाजिक, आर्थिक र व्यक्तिगत रूपमा सशक्त बनाउने बलियो आधार बनाएको छ ।

**४.२.१ व्यवसायिक खेतिमा लागेको समय**

उत्तरदाता महिलाहरुसँग उनीहरु व्यवसायिक खेतिमा लागेको समय कति भयो भनेर सोधिएको थियो । उनीहरुले यसको उत्तरमा दिएको उनीहरु यस पेसामा लागेको समयसम्बन्धी जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ः

**तालिका ४.१०ः व्यवसायिक खेतिमा लागेको समय**

| खेतिमा लागेको समय | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| २ वर्षभन्दा कम | ११ | ३६.६७ |
| २–५ वर्ष | १४ | ४६.६७ |
| ६ वर्षभन्दा माथि | ५ | १६.६७ |
| जम्मा | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन, २०८१

माथिको तालिका नं. ४.१० अनुसार के देखिन्छ भने व्यवसायिक कृषि पेशालमा सवैभन्दा धैरै ४६.६७ प्रतिशत महिलाहरु २–५ वर्ष, ३६.६७ प्रतिशत २ वर्षभन्दा कम र १६.६७ प्रतिशत महिलाहरु ६ वर्षभन्दा माथिदेखि यो कार्यमा लागेको पाइयो ।

माथिको तथ्यांकलाई हेर्दा के देखिन्छ भने महिलाहरु यस क्षेत्रमा लागेको खासै धैरै समय नभएको देखिन्छ । पहिला यस क्षेत्रका महिलाहरु थोरै मात्रामा लागेको कुरा

देखिन्छ भने पछि उनीहरुको यस पेशामा सफलता एवम उनीहरुको सामाजिकी सशक्तिकरण एवम उनीहरुलाई परिवार एवम समाजमा हेर्ने दृष्टिकोणमा फरकपना आएपछि ती महिलाहरुका छिमेकी, आफन्त एवम नातेदारमहिलाहरु पन यस पेशा अंगाल्न पुगेको स्थलगत अध्ययनका क्रममा जान्नमा आएको थियो ।

**४.२.२ व्यवसायिक खेतिमा लाग्नुका मुख्य कारण**

कुनै पनि पेशा व्यवसायमा लाग्नुमा आआफ्नै कारणहरु रहेका हुन्छन् । कुनै पनि पेशा व्यवसाय गर्नको लागि आफन्त, साथीभाइ वा कसैको सहयोग विना त्यो क्षत्रमा कोहि पनि लाग्दैन । मैल अध्ययनमा छनोट भएका महिलाहरुलाई यो कार्यमा किन लाग्नु भयो र यस पेशामा आकर्षित हुनुको मुख्य कारण के हो भनेर सोधिकी थिएन । उनीहरुको जवाफ तलको तालिकामा तालिकीकरण गरिएको छ ।

**तालिका ४.११ः व्यवसायिक खेतिमा लाग्नुको मुख्य कारण**

| खेतिमा लाग्नुको मुख्य कारण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| देखासिकी | २१ | ७०.०० |
| संघसंस्थाद्वारा सहयोग | २ | ६.६७ |
| बेरोजगार भएर | ५ | १६.६७ |
| व्यवसायिक कृषिसम्बन्धी अध्ययन÷तालिम लिएर | ० | ०.०० |
| घरखर्च चलाउन | २ | ६.६७ |
| जम्मा | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन, २०८१

माथिको तालिका नं. ११ का अनुसार उत्तरदाताहरुमध्ये सवैभन्दा धैरै ७० प्रतिशत व्यवसायिक खेतिमा लाग्नुको पछाडिको कारण उनीहरुका छरछिमेक, साथीभाइ, नातागोताहरु यही व्यवसायमा लागेर राम्रो गरेको देखिसकेपछि ए यो पेशामा लाग्यो भने राम्रो हुने रहेछ भनेर देखासिकी गरेको बताएका थिए भने १६.६७ प्रतिशतले आफुहरु बेरोजगार भएर यो पेशा अंगाल्न पुगेको बताए । त्यसैगरी ६.६७ प्रतिशत महिलाहरु संघसंस्थाको सहयोग एवम् घरखर्च चलाउनकै लागि भएपछि उनीहरु बाध्य भएर यो पेशामा लागेको बताएका थिए । २ जना महिलाहरुलाई चाँगुनारायण नगरपालिका वडा नं. ९ को कार्यालयले ५० प्रतिशत आर्थिक सहयोग दिएपछि उनीहरुले आफ्नै जग्गामा गोलभेडा खेति गरेको बताए । उत्तरदाताहरुसँग अनौपचारिक

कुराकानीको क्रममा के व्यवसासिक खेतिबाट आम्दानी हुन्छ भनेर सोद्धा, यसबाट आम्दानी राम्रो हुने तर समयमा कामदार नपाउने समस्या रहेको बताए । कामदार पाउने र वेमौसमि तरकारीहरु जस्तै काँक्रा, काउली, बन्दा, सीमि, कुरिलो जस्ता बालि लगाउने हो भने मनग्ये आम्दानी गर्न सकिने, घरखर्च चलाउनकै लागि कोही पनि नेपाली दाजुभाइलाई विदेशमा जानु नपर्ने उनीहरुको तर्क रहेको थियो ।

### ४.२.३ व्यवसायिक खेतिमा प्रयोग भएका जग्गाको विवरण

उत्तरदातालाई तपाइँले आफ्नो जग्गामा मात्रै व्यवसायिक खेति गर्नुभएको छ कि अरुको जग्गा पनि लिजमा लिनु भएको छ भनेर सोधिएको थियो । व्यवसायिक खेती गर्नको लागि जग्गाको उर्वराशक्ति राम्रो भएको जग्गा चाहिने भएको कारणले आफ्नो जग्गा भएका कृषकहरुले पनि अरुको जग्गा लिजमा लिएर काम गर्नेपर्ने हुन्छ ।

नेपाल एक कृषि प्रदान देश हो । नेपाल कृषिप्रधान देश मानिए तापनि शहरीकरणको प्रभावले खेती योग्य जमिनमा ठूला–ठूला भवन तथा प्लटीङ्ग भएका छन् । विकासले हरेक क्षेत्रमा सकारात्मक तथा नकरात्मक प्रभाव पार्दछ विकाससँगै खेती योग्य जमिनको नास हुँदै जादै क्रम बढेको छ । अध्ययन क्षेत्रमा पनि शहरीकरणको प्रभावले दिनानुदिन नयाँ–नयाँ भवन बन्ने क्रम अगाडि बढेको छ । त्यस्तै देशको १८ प्रतिशत भूमिमात्र कृषि योग्य छ । ६० प्रतिशत किसानहरूसँग २० रोपनीभन्दा कम जग्गा जमिन छ । जसको स्वामीत्वमा कुल कृषि योग्य जमिनको ३० प्रतिशत भू–भागमात्रै पर्दछ । त्यसैगरी अर्कोतिर १०० रोपनीभन्दा बढी जमिन हुने धनी किसानहरू १.५ प्रतिशतमात्र छन् । उनीहरूको स्वामीत्मा खेती योग्य जमीनको करीव १४ प्रतिशत हिस्सा रहेको छ । यसको असर अध्ययन क्षेत्रमा पनि प्रष्टरूपमा देख्न सकिन्छ । अध्ययन क्षेत्रमा रहेको उत्तरदाताहरूमा पनि जमिनको भू–स्वामित्व न्यून रहेको अथवा जमिन नै नभएकोले अर्काको जमिन अधिया अथवा भाडामा लिएर पनि तरकारी उत्पादन गरेको पाइन्छ । त्यसैले अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूको जग्गाजमिनको अवस्था कस्तो छ, उनीहरुले व्यवसायिक खेती आप्नो मात्रै जग्गामा गरेका छ कि अरुको जग्गा पनि भाडामा लिएर गरेका छन भनेर अध्ययन गरीएको थियो । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूले व्यवसायिक खेतिमा प्रयोग गरेको जमिनके अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२ः व्यवसायिक खेतिमा प्रयोग भएका जग्गाको विवरण**

| व्यवसायिक खेतीमा प्रयोग भएको जग्गा रोपनीमा | जग्गाको अवस्था | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | आफनो मात्रै | आफ्नो पनि भाडामा पनि | भाडामा मात्रै | | |
| १ रोपनीसम्म | ३ | ० | ० | ३ | १०.०० |
| २ देखि ३ रोपनीसम्म | ९ | २ | ० | ११ | ३६.६७ |
| ४ देखि ५ रोपनीसम्म | ३ | १० | ० | १३ | ४३.३३ |
| ६ रोपनी भन्दा माथि | ० | ३ | ० | ३ | १०.०० |
| जम्मा | १५ | १५ | ० | ३० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका नं. १२ मा रहेको तथ्यांकलाई हेर्दा अध्ययन क्षेत्रमा १ रोपनीसम्म व्यवसायिक खेती गर्ने महिलाहरु जम्मा ३ जना अर्थात १० प्रतिशत र सवैभन्दा धैरै ६ रानेपनी भन्दा धैरै जग्गामा व्यवसायिक खेती गर्ने महिलाहरुले आफ्नो पनि र भाडाको जग्गा पनि प्रयोग गरेको पाइयो । त्यसै गरी २ देखि ३ रोपनीसम्म जग्गामा व्यवसायिक खेतिमा लागेका महिलाहरु आफ्नो मा मात्रै गर्ने ९ जना र आफ्नो पनि र अर्काको भाडा लिएर गर्ने पनि २ जना रहेका थिए । त्यसै गरी ४ देखि ५ रोपनीसम्म जग्गामा व्यवसायिक खेतिगर्ने महिलाहरुमध्ये आफना्े जग्गामा मात्रै गर्ने ३ जना र भाडामा पनि र आफ्नोमा पनि महिलाहरु सवैभन्दा धैरै १० जना रहेका थिए ।

स्थलगत अध्ययनको क्रममा उत्तरदाताहरुसँगको कुराकानीमा किन आफ्नो जग्गामा मात्र खेती नगर्नुभएको अर्काको जग्गा किन भाडामा लिनु भएको जवकि तपाइँहरुसँग नै आफ्नो जग्गा रहेको छ भन्ने प्रश्नको उत्तरमा उत्तरदाताहरुसँग जग्गा त रहेको तर राम्रो र मलिलो जग्गा धैरै आफ्नो नाममा नभएको, भएको पनि विभिन्न ठाउँहरुमा रहेको र त्यस्ता टुक्रेजग्गाहरुका खेती गर्न असम्भव भएको हुनाले अरुको जग्गा लिजमा लिनु परेको बाध्यता उनीहरुले सुनाएका थिए ।

त्यसै गरी केही उत्तरदाताहरुले उनीहरुको जग्गा जमिन रहेको तर माथि डाँडा पाखामा रहेको जग्गा त्यति उब्जनी नहुने खालको रहेको, त्यहाँको माटो मलिलो नभएको, जति मल हाले पन बर्षात्को पानीले बगाएर तल फाँटतिरै लैजाने भएको हुनाले पनि

उनीहरुले अरुको जग्गा भाडामा लिएर व्यवसायिक खेति गर्नुपरेको बाध्यता सुनाएका थिए ।

माथिको तालिकाको तथ्यांक र उत्तरदाताहरुको अनौपचारिक कुराकानीलाई हेर्ने हो भने यहाँका महिलाहरु निकै बाठा भएको पाइयो । उनीहरु व्यवसायिक खेतीमा लागि सकेपछि उनीहरुको चेतनाको स्तर निकै माथि उठेको पाइयो । खेती गर्नको लागि टुक्रे जग्गा भन्दा एकमुष्ठ जग्गा नै उपयुक्त हुन्छ र भिरालो जग्गाभन्दा सम्मो जग्गा नै उपयुक्त हुन्छ भन्ने कुरा उनीहरु यस खेतीमा लागि सकेपछि उनीहरुमा आएको चेतनाको कारणले नै हो

**४.२.४ तरकारीका किसिमहरु**

मुख्यत व्यवसायिक खेतिमा लागिका महिलाहरुले यहाँ विभिन्न खाले तरकारीका बालिहरु उत्पादन गर्ने गरेको भेटियो । ठिक यो बेलामा यो तरकारीको प्रजाति लगाइन्छ भन्दा पनि उनीहरुले कृषि उत्पादनहरुमा गोलभेडा, काँक्रा, काउली, बन्दा, च्याउ, काउली, बन्दा, गोलभेडा, खुर्सानी, काक्रो, करेला, घिरौला, बोडी, सीमी तरकारीहरु मुख्य गरी बेमौसमी समय पारेर साटाफेरा गर्दै लगाउने चलन रहेको छ । उनीहरुले आफ्नो उत्पादन क्षेत्रमा बाह्रै महिना वेमौसमी तरकारीहरु लगाउने गरेको पाइयो । मूलतः मौसमीतथा वेमौसमी तरकारी उत्पादन गरीने गर्दा उत्पादन दिने जमिनमा उही बालीलाई दोहो¥याएर नलगाउने गरेको पाइयो । अध्ययन क्षेत्रमा व्यवसायीक रूपमा तरकारी उत्पादनमा कस्ता खालका तरकारी बढी उत्पादन गर्दछन् भन्ने कुरा अध्ययन गर्दा मौसमी र वेमौसमी दुवै तरकारी उत्पादन गरेको पाइयो । तुलनात्मक हिसावमा मौसमी भन्दा वेमौसमी तरकारी उत्पादनबाट बढी मुनाफा आर्जन गर्ने गरेको पाइयो । तसर्थ अध्ययन क्षेत्रमा वेमौसमी तरकारी उत्पादन गरेको पाइयो । मौसमी तरकारीको तुलनामा वेमौसमी तरसकारी उत्पादनबाट उत्पादक महिलाहरूले करीव दोब्वर मूल्यप्राप्त गरेको उनीहरुको अनुभव रहेको स्थलगत अध्ययनका क्रममा थाहा पाइयो । जसका लागि, कृषि योग्य जमिन, उन्नतविउ, मल, तरकारी उत्पादन विधी तथा तालिम, सिचाई, बजार व्यवस्थापन आदिको व्यवस्था राम्रो हुनुपर्दछ । यस क्षेत्र क्षेत्र मालगाउने मुख्य वेमौसमी तरकारीहरूमा काउली, बन्दा, गोलभेडा, खुर्सानी, काक्रो, करेला, घिरौला, बोडी, सीमी आदि रहेका थिए । यस क्षेत्रमा गोलभेडा उत्पादनको राम्रो क्षेत्र भएकोले प्लाष्टीक टनेलमार्फmत् वर्षे भरी गोलभेडा उत्पादन गर्दछन् । विभिन्न जातका वेमौसमी तरकारी उत्पादन गर्न अनुकुल वातावरणको लागि यस्ता प्लाष्टीक घरको

आवश्यकता पर्ने गरेको पाइयो । मौसमी तरकारीमाभन्दा वेमौसमी तरकारी उत्पादनमा केही समस्याहरू पनि देखापर्ने गरेको पाइयो । रोग किराबाट सबैभन्दा बढी मात्रामा दुःख पाउने गरेको पाइयो ।

### ४.२.५ व्यवसायिक खेतीबाट हुने आम्दानी

व्यवसायिक खेती गर्नुको मुख्य उद्देश्य नै आफूले लगाएको खेतीबाट धेरैभन्दा धेरै फाइदा लिनु रहेको हुन्छ । त्यसमाथि पनि उत्तरदाताहरुले उनीहरुको व्यवसायिक खेतीमा खास गरी वेमौसमि तरकारीहरुको उत्पादन गरेर राम्रो आय आर्जनका गरेको स्थलगत सर्वेक्षणका क्रममा थाहा हुन आएको थियो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१३ः व्यवसायिक खेतिबाट वार्षिक आम्दानी**

| वार्षिक आम्दानी रु. मा | जम्मा | प्रतिशत |
|---|---|---|
| ५० हजारदेखि १ लाखसम्म | ७ | २३.३३ |
| १ देखि २ लाखसम्म | ११ | ३६.६७ |
| २ देखि ३ लाखसम्म | ८ | २६.६७ |
| ३ लाखभन्दा माथि | ३ | १०.०० |
| जम्मा | ३० | १००.०० |

स्रोत स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार अध्ययन स्थलमा व्यवसायिक खेतीमा लागेका महिलाहरु सबैले नै वार्षिक रुपमा हिसाव गर्दा कसैलाई पनि घाटा नहुने तर उनीहरुको लगानी अनुसार सवैलाई फाइदा हुने बताए । उनीहरुका अनुसार सवैभन्दा धेरै ३६.६७ प्रतिशतको वार्षिक रुपमा १ देखि २ लाखसम्म सवै खर्च कटाएर आम्दानी हुने कुरा अवगत गराएका थिए भने सवैभन्दा थोरै १० प्रतिशत अर्थात् ३ जनाले वार्षिक ३ लाखभन्दा माथि सवै खर्च कटाएर आम्दानी हुने कुरा अवगत गराएका थिए । त्यसैगरी २ देखि ३ लाखसम्म आम्दानी हुने २६.६७ प्रतिशत र ५० हजार देखि १ लाखसम्म आम्दानीहुने २३.३३ प्रतिशत रहेका थिए ।

माथिको तालिकालाई हेर्दा के भन्न सकिन्छ भने व्यवसायिक खेतीमा लागेका महिलाहरु आर्थिक रुपमा यस व्यवसायिक खेतीबाट लाभान्विन हुँदै गएको देखिन्छ । पक्कै पनि उनीहरुले यसरी आर्थिक उपार्जन गर्न थालेपछि उनीहरुमा सामाजिक,

राजनीतिक र आर्थिक चेत पनि खुल्ने छ । धेरै पहिले देखि हाम्रो नेपाली पुरुषप्रधान समाजमा सधै भरि पुरुषमा भरपर्ने महिलाहरु अहिले आफै पैसा कमाउने भएपछि उनीहरुको जीवनस्तरमा फरक परेको छ ।

**४.३ व्यवसायिक खेतीले महिलाको जीवनस्तरमा पारेको प्रभाव**

नेपाली समाजको आधाभन्दा धेरै हिस्सा ओगेटेका महिलाहरु वास्तवमा परिवारको पालनपोषणमा व्यस्त रहेर आफ्नो जीवन यापन गर्दछन भन्दा अतियुक्ति नहोला । नेपालको सन्दर्भमा हेर्नुपर्दा कुल जनसंख्याको आधा भन्दा बढी संख्या ५१.४ प्रतिशत महिलाको रहेको छ (राष्ट्रिय जनगणना २०७८) । तुलनात्मक रूपमा महिलाको स्तर पुरुषको भन्दा कम छ । पुरुषहरू प्राय आय आर्जनका लागि देश तथा विदेशमा समेत जाने गर्दछन् भने यसमा महिलाको सहभागीता न्यून पाइन्छ । पुरुषहरू स्वतन्त्र रूपमा हिडडुल गर्न पाउँदछन् भने महिलाहरूलाई समाजिक बन्देज लगाइन्छ । नेपालको सन्दर्भमा भन्नुपर्दा आम्दानी जसले बढी गर्छ त्यसको सामाजिक स्तर पनि राम्रो मानिन्छ । दैनिक जीवनमा घरगृहस्थी चलाउन केही न केही रूपमा आय आर्जन गर्नुपर्ने बाध्यता प्राय सबैलाई देखिन्छ । विकासका दृष्टीले पुरुषभन्दा महिला निकै पछाडी परेको तथ्य सर्वविदीतै छ ।

समाजको सर्वाङ्गीण विकासको लागी समुदाय भित्रका सबै जातजाति, भाषा, संस्कृति र लिङ्ग आदीको समान रूपले विकास हुनुपर्दछ । नेपालमा महिलाहरू विकासको मूल प्रवाहमा अभैm पनि आउन नसकेको विभिन्न अध्ययन अनुसन्धानबाट पुष्टी भइसकेको छ । अभैm पनि नेपाली महिलाहरू घरायसी काम धन्दामा मात्र सिमीत देखिन्छन् । नेपालको पितृसत्तात्मक समाजले आजको बौद्धिक र विकसीत विश्वपरिवेशमा देखा परेका नविनतम परिवर्तनको लहरसँगै महिला विकासको लहरूलाई अहिलेसम्म पनि सम्बोधन गर्न सकेको देखिँदैन । समाजमा लिङ्ग, वर्ग तथा सामाजिक, सांस्कृतिक रूपमा परम्परादेखी रहँदै आएका महिला र पुरुषका बिचको विभेदले समतामा आधारित समाजको निर्माण हुन सकेको छैन तथा विकासमा महिलाहरू निकै पछाडी परेका छन् । नेपाली महिलाहरूको आर्थिक पक्षमा पहुँच निकै नै कम छ । देशको सर्वाङ्गिण विकासका लागि महिलाहरूको सहभागीताको आवश्यकता रहेको छ । समाज र देशको विकासले जबसम्म गति लिन सक्दैन तबसम्म महिलाहरू विकासको मुल प्रवाहमा आउन सक्दैनन् । तसर्थ नेपालमा पनि महिला र पुरुष बिचको विभेदलाई हटाई सामाजिक, आर्थिक र अन्य क्षेत्रहरूमा महिला

सहभागीताका लागि सरकारी तथा गैर सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न प्रयासहरू भइरहेका छन् । आर्थिक सामाजिक रुपमा पनि आफै सक्रिय रुपमा लाग्दा पनि सामाजिक हिसाबले विभेदको आभास नहोला भन्ने पनि बुझिन्छ, हरेक व्यक्ति आफैमा सक्षम भए भने मात्र अरूको नजरबाट पनि माथि उठ्ने कुरा सम्मनानित समाजको नागरिकको रुपमा रहन अवस्था रहन्छ, दोश्रो दर्जाको नागारीकको रुपमा रहनु पर्ने अवस्थाको अन्त्य हुनेछ, महिलाहरूले व्यवसायिक खेतिमा लागि सकेपछि गरेका आर्थिक उपार्जन र उनीहरुका आएको सामाजिक, राजनैतिक तथा आर्थिक सशक्तीकरणलाई तलको उपशीर्षकहरुमा यसरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.३.१ आम्दानीको खर्च गर्ने निर्णय सम्बन्धी धारणा

प्रायः नेपाली समाजमा पुरुषहरू आयआर्जनमा घर बाहिर जाने र महिलाहरू घरधन्दामा मात्र सीमित रहने चलन रहेको छ । महिलाहरू घरधन्दा तथा सामान्य कृषिमा मात्र सिमीत रहेका छन् । सहभागीताका दृष्टीले कृषि क्षेत्रमा महिलाहरूको संख्या बढी देखीन्छ तर आम्दानीको पहँुच भने कम रहेको छ । जसका कारण महिलाहरू समाजमा आर्थिक रूपमा पुरुषमा नै निर्भर रहेको पाइन्छ । प्रत्येक समाजमा पुरुषको अधिपत्य रहेको कारण आम्दानी गरेर पनि महिलाहरूले पैसा खर्च गर्ने निर्णय गर्ने काम गर्न पाएका छैनन् । प्रायः सबै जसो समाजमा आर्थिक कारोबार पुरुषले नै गर्ने गरेको पाइन्छ । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूमा पनि व्यवसायिक खेतीबाट प्राप्त आम्दानी खर्च गर्ने निर्णय कसले गर्दछ, श्रीमान् वा सासुससुरासँग किनमेलको लागि पैसा माग्नु पर्दछ कि पर्दैन भनेर सोधिएको थियो । उत्तरदाताहरुको उत्तरलाई तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका ४.१४ः उत्तरदाताको खर्च गर्ने निर्णय सम्बन्धी धारणा**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| उत्तरदाता महिला स्वयम् | १७ | ५६.६७ |
| श्रीमान्को सल्लाहमा | ६ | २०.०० |
| श्रीमान् एवम सासुससुरा सवै परिवारको सल्लाहमा | ७ | २३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत स्थलगत अध्ययन, २०८१

माथिको ताि‌लका नं. ४.१४ का अनुसार सवैभन्दा धैरै महिलाहरु ५६.६७ प्रतिशतले महिलाहरु स्वयम नै घरपरिवारको खर्चमा चाहिने सरसामानहरु किन्नेगरेको पाइयो भने २३.३३ प्रतिशतले सवै परिवारका सदस्यहरुका सल्लाहमा किन्ने र २० प्रतिशतले श्रीमान्को सल्लाहमा किन्ने गरेको बताए । यसरी माथिको तालिकालाई हेर्ने हो भने उत्तरदाता महिलाहरुमा आफूमा निर्णय गर्न सक्ने क्षमता आएको पाइयो । उत्तरदातामध्ये आधाभन्दा धैरै महिलाहरुले घरपरिवारको लाग चाहिने आवश्यक सामग्री आफै किन्न सक्ने भएको देखियो । जुन कुरा उनीहरु व्यवसायिक खेतीमा लाग्नुभन्दा पहिले उनीहरुले गर्न सक्ने थिएनन् । स्थलगत अध्ययनको क्रममा एक जना महिलाले भने अनुसार उनी आफ्नो कमाई नहुँदा आफ्ना इच्छा र चाहनाहरु आफूभित्रै गुम्साएर राख्न परेको तर व्यवसायिक खेतीमा लागि सकेपछि २÷४ पैसा आम्दानी भएको कारण आफ्ना, छोराछोरी एवम् सवै परिवारका इच्छा आकांक्षाहरु सहजै पूर्ति हुन लागेको बताएकी थिएन ।

### ४.३.३ हरहिसाव बुझाउनु पर्ने सम्बन्धी धारणा

नेपाल एक पुरुष प्रधान समाज हो, जहाँ घरको मुख्य व्यक्तिको भूमिकाका पुरुषलाई मानिएको हुन्छ र घरको आय, व्यय, खर्च, किनमेल सवै पुरुषको स्वीकृति लिएर गर्नु पर्ने हुन्छ । तर विस्तारै यो अवस्थामा फरकपना आउँदै गरेको देखिन्छ । त्यसो हुनुको मुख्य कारण आजकाल महिलाहरु पनि आय आर्जनको क्षेत्रमा सक्रिय हुँदै गरेको परिदृश्य नेपाली समाजमा प्रायजसो सवै क्षेत्रमा देखिन थालेको छ । व्यवसायिक खेतीमा लागेको उत्तरदाताहरुसँग उनीहरुले कामएको पैसाको हिसाव किताव घरमा बुझाउँदु पर्दछ कि पर्दैन भन्ने बारेमा सोधिएको प्रश्नमा आएको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५ः हरहिसाव बुझाउनु पर्ने सम्बन्धी धारणा**

| व्यवसायबाट आयआर्जन घरमा हरहिसाव बुझाउन पर्दछ | जम्मा | प्रतिशत |
|---|---|---|
| पर्छ | २३ | ७६.६७ |
| पर्दैन | ७ | २३.३३ |
| जम्मा | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार सवैभन्दा धैरै ७६.६७ जना महिलाहरुले खेतीपातीबाट आएको हरहिसाव घरमा वा श्रीमान्लाई बुझाउनु पर्ने तर २३.३३ प्रतिशत महिलाले खेतीबाट आएको रकम घरमा हरहिसाव बुझलाउनु नपर्ने देखियो । उक्त तथ्यांकबाट के देखिन्छ भने महिलाहरु व्यवसायिक खेती कृषिमा लागि सकेपछि कमाएको पैसा अनिवार्य रुपमा परिवारमा हरहिसाव देखाउनु नपर्नुको मुख्य कारण उनीहरुको पारिवारिक जिम्मेवारीमा फरक पर्दै गएको देखिन्छ । अझै पनि नेपाली समाजमा केही मात्रामा पुरुषहरुले महिलाहरुलाई आप्mनो कन्ट्रोलमा राख्ने गरेको देखियो । जुन कुरा उनीरुले आफूले दुख गरेर कमाएको रकमको हरहिराव बुझाउनु पर्ने देखिन्छ ।

उत्तरदाताहरुसँगको अनौपचारिक कुराकानीको क्रममा उनीहरुले व्यवसायबाट आय आर्जन गरेको पैसाको हरसिसाव बुझाए पनि उनीहरुलाई पहिले जस्तौ रोकटोक नरहेको पाइयो । उनीहरुलाई इच्छा लागेको लगाउने, खाने, घरपरिवारमा किनमेल गर्दा निकै सजिलो भएको पाइयो । उनीहरुले घरमा हरहिसाव बुझाए पनि यति कमाइ भएको थियो यसको यो यो शीर्षकमा खर्च गरेँ भनेर श्रीमान् वा सासुससुरालाई भन्दा उनीहरुले मन नदुखाउने गरेको वा किन किनेको, वा किन खर्च गरेको भन्ने जस्ता प्रतिप्रश्नहरु नआउने गरेको अध्ययनका क्रममा जान्नमा आयो । यी सवै कुराहरुलाई मनन गर्दा के कुराको प्रतीत हुन्छ भने महिलाहरु व्यवसायिक खेतीमा लागि सकेपछि उनीहरुमा पनि सशक्तीकरणको जन्म भएको पाइयो । पहिला जे गर्दा पनि घरबाट रोकटोक हुनेमा आजकाल उनीहरुले गरेका कार्यहरुलाई पनि सहजै स्वीकार गर्नु भनेको उनीहरुमा आएको चेतनाको विकास हो ।

### ४.३.४ उत्तरदाताको शैक्षिक आधारमा पढाइखर्च एवम किनमेल सम्बन्धी धारणा

नेपाली समाजम पुरुष प्रधान समाज भएको कारणले छोराछोरी एवम सम्पूर्ण परिवारको जिम्मेवारी पुरुषले लिनु पर्दछ भन्ने भाष्य सिर्जना गरिएको छ । तर जब महिलाहरु पनि आय आर्जनको बाटोमा लम्किन्छन तव उनीहरुले पनि घरको केही जिम्मेवारी लिनु पर्दछ भन्ने सोच हाल आएर वृद्धि हुँदै गएको छ । उत्तरदाताहरुलाई उनीहरुले छोराछोरीको पढाइखर्च एवम लत्ता कपडामा खर्च गर्दा घर सल्लाह हुन्छ कि हुँदैन हुन्छ भने कसरी गर्नुहुन्छ भन्ने बारे प्रशन गरिएको थियो, जसको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ः

**तालिका ४.१६ः उत्तरदाताको शैक्षिक आधारमा पढाइखर्च एवम किनमेल सम्बन्धी धारणा**

| छोराछोरीको पढाइखर्च कसले गर्नुभएको छ ? | शैक्षिक स्तर | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | आइ.ए. ÷ +२ | | |
| मैल | ० | ० | ० | ० | ० | ३ | ३ | १०.०० |
| श्रीमानले | ३ | १ | १ | ० | ० | ० | ५ | १६.६७ |
| दुवैको सल्लाहमा | १ | ५ | ८ | ५ | २ | १ | २२ | ७३.३३ |
| जम्मा | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |
| छोराछोरीलाई लत्ताकपडामा स्वविवेकले खर्च गर्नुहुन्छ ? | | | | | | | | |
| सक्छु | ४ | ५ | ५ | ३ | १ | १ | १९ | ६३.३३ |
| सक्दिनण् | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| दुवैको सल्लाहबाट | ० | १ | ४ | २ | १ | ३ | ११ | ३६.६७ |
| जम्मा | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन, २०८१

माथिको तालिकालाई हेर्दा के देखिन्छ भने छोराछोरीको पढाइ खर्च सम्बन्धी सवैभन्दा धैरै ७३.३३ प्रतिशत उत्तरदाताहरुले श्रीमान्श्रीमतीको सल्लाहमा गर्ने गरेको पाइयो भने १६.६७ प्रतिशतले श्रीमानले भने अनुसार गर्ने गरेको पाइयो । श्रीमानले भने अनुसार गर्ने उत्तरदाताहरुको शैक्षिक अवस्था हेर्ने हो भने उनीहरु निरक्षर रहेका छन् । यसबाट के प्रष्ट हुन्छ भने पढाइलेखा सम्बन्धी निर्णय गर्नको लागि पढेलेखेका आमा पनि छन भने आमाले पनि निर्णय लिन सक्ने देखियो । त्यसै गरी १० प्रतिशत महिलाले भने छोराछोरीको पढाइ खर्च उनीहरु आफैले गर्ने गरेको पाइयो । त्यसै गरी छोराछोरीलाई लत्ता कपडा किन्ने क्रममा स्वविवेकको प्रयोग गर्ने महिला ६३.३३ प्रतिशत र दुवैको सल्लाहबाट किन्ने ३६.६७ प्रतिशत रहेको पाइयो । कपडा किन्ने कुरामा धैरै महिलाहरुले आफ्नो स्वविवेकेको प्रयोग गर्ने गरेको पाइयो । जसबी लत्ता कपडाको केसमा कोही पनि पुरुषले हस्तक्षेप नगरेको पाइयो भने पढाइ लेखाइको क्रममा ३ जना महिलाहरु आफ्नो स्वविवेक प्रयोग गर्ने गरेको पाइयो । यसरी स्वविवेकेको प्रयोग गर्ने महिलाहरुमा सवैले +२ अथवा आइ.एड तह उत्तीर्ण गरेका थिए । उत्तरदाताहरुसँगको अनौपचारिक कुराकानीको क्रममा यो थाहा भयो कि जो महिलाहरुले शिक्षाको बारेमा निर्णय लिने गरेका थिए उनीहरुको शैक्षिक अवस्था तुलनात्मक रुपमा उनका श्रीमान वा सासुससुराको भन्दा माथि रहेको पाइएको थियो भने लत्ता कपडा किनमेलको सन्दर्भमा श्रीमान्लाई नसोधिकन निर्णय गर्ने महिलाहरु सवैभन्दा धैरै ६३.३३ प्रतिशत

रहेको थियो जसमा निराक्षार देखि कम पढेलेखका महिलाहरुको बाहुल्यता बढी रहेको देखियो । त्यसै गरी लत्ता कपढा किनमेलको सन्दर्भमा दुवैको सल्लाहबाट गर्ने महिलाहरुको संख्या बढी पढेलेखेका महिलाहरुको बाहुल्यता बढी रहेको पाइयो ।

यसरी माथिको तालिकालाई हेर्दा के देखिन्छ भने आर्थिक रुपमा सवल महिलाहरु र शैक्षिक रुपमा पनि माथिरहेका महिलाहरुको अवस्था हरेक क्षेत्रमा परिवारमा उच्च रहेको पाइयो भने शैक्षिक अवस्था कम तर व्यवसायिक खेतीमा लागि सकेपछि उनीहरुको चेतनाको स्तर केही माथि उठेको देखियो । तसर्थ व्यवसायिक खेतीमा लागिसकेपछि महिलाहरुको चेतनाको स्तर माथि उठेको देखिन्छ ।

### ४.३.५ शैक्षिक अवस्थाअनुसार उत्तरदाताको नाममा घरजग्गा रहेको नरहेको सम्बन्धी विविरण

महिला सशक्तीकरणको क्षेत्रलाई चुस्त दुरुस्त बनाउनको लागि नेपाल सरकारले घरजग्गाको सवालमा महिलामैत्री वातावरण बनाउनको लागि महिलाहरुको नाममा जग्गा रजिष्ट्रेशन पास गर्दा पुरुषको तुलनामा राजस्वमा कम गर्ने जस्ता नीति नियमहरु महिलाहरुलाई उनीहरुले पनि आफ्नो नाममा घरजग्गा पास गरुन भन्ने उद्देश्य नै रहेको देखिन्छ । हाम्रो समाजमा घरजग्गा वा गरिखाने जमिन र बस्ने वास नभएको कारणले कतिपय महिलाहरुले श्रीमान्ले अर्को विहे गर्ने वा कुलतमा लागेर भएको जायजेथा बेचविखन गरेर सुकुम्वासी भएका उदाहरणहरु धैरै देखिन्छन् । यदि महिलाको नाममा घर जग्गा वा जमिन भयो भने उसले कम्तिमा पनि आफ्नो जीवन जिउने आधारभूत आवश्यकता सोही घरजग्गाबाट प्राप्त गर्न सक्दछ भन्ने मुख्य आधार हो । व्यवसायिक खेतीमा लागेका महिलाहरुको नाममा जग्गा जमिनको स्वामित्व भए नभएकोबारे स्थलगत सर्वेक्षणको समयमा उत्तरदाताहरुले दिएको जानकारीलाई तलको तालिकामा तालिकीकरण गरिएको छ ।

**तालिका ४.१७ः उत्तरदाताको शक्षिक अवस्था एवम् उनीहरुको नाममा घरजग्गा रहेको नरहेको सम्बन्धी विविरण**

| तपाइँको नाममा घरजग्गा छ | शैक्षिक स्तर | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | आइ.ए./+२ | | |
| छ | २ | ४ | ६ | ५ | २ | ३ | २२ | ७३.३३ |
| छैन | २ | २ | ३ | ० | ० | १ | ८ | २६.६७ |
| जम्मा | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |
| यदि छ भने व्यवसायमा लाग्नु अगाडि किनेको कि पछाडी | | | | | | | | |
| लाग्नुभन्दा पहिले | २ | ४ | ६ | ४ | १ | २ | १९ | ६३.३३ |
| लाग्नु भन्दा पछाडी | ० | ० | ० | १ | १ | १ | ३ | १०.०० |
| जम्मा | २ | ४ | ६ | ५ | २ | ३ | २२ | ७३.३३ |

स्रोत ः स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार अध्ययन स्थलका व्यवसायिक खेतीमा लागेका जम्मा ३० जना उत्तरदाता मध्ये ७३.३३ जनाको नाममा घरजग्गा रहेको र २६.६७ जनाको नाममा घरजग्गा नरहेको पाइयो । उत्तरदाताहरु जसले मेरो नाममा पनि घरजग्गा छ भनेका थिए, उनीहरुमध्ये जम्मा ६३.३३ सँग उनीहरु व्यवसायिक खेतीमा लाग्नु भन्दा नै जग्गा जमिन थियो भने १० प्रतिशतले व्यवसायिक खेतीमा लागेपछि आफ्नो नाममा जग्गा जमिन बनाएका थिए ।

उत्तरदाताहरुसँग के यो व्यवसायिक खेतीमा लागि सकेपछि जग्गा किन्ने पैसा कमाउनु भयो त भन्दा उनीहरुले कमाएको पैसा, श्रीमान्ले कमाएको पैसा र केही पाखो जग्गा बेचेर अलि बजारतिर चार पाँच आना घरबनाउनको लागि जग्गा किनेको बताएका थिए । यसरी उनीहरुको भनाइबाट के प्रष्ट हुन्छ भने उनीहरुले पनि आर्थिक रुपमा पैसा कमाएर घरजग्गा किन्दा सरसहयोग गर्ने भएका छन् । जसले गर्दा उनीहरुलाई पनि अपनत्व हुने र उनीहरुको आत्मसम्मान बढ्ने भएको हुँदा आर्थिक बृद्धिले उनीहरुमा केही मात्रमा भएपनि सशक्तीकरण ल्याएको मान्न सकिन्छ ।

**४.३.६ उत्तरदाताको गरहना एवम बैंकव्यालेसन्मा स्वामित्व**

महिलाहरु धैरै पहिलादेखि हाम्रो समाजमा बाबुको घर छाडेर आफ्ना कर्मघर आउने, कर्मघरमा न त उनको स्वामित्वमा जग्गा जमिन, वैंकव्यालेन्स न त उनले लगाएका गहनाहरु उनले आफ्नो इच्छा अनुसार प्रयोग गर्न पाउने भएको कारणले गर्दा

उनीहरुमा नैराश्यता आउने नै भयो । तर अहिले नेपालको सामाजिक परिवेश केही मात्रामा मात्रै भए पनि फेरिएको छ । महिलाहरु अर्थोउपार्जनको बाटोमा लागेका छन् । उनीहरुले पनि पुरुषको दाँजोमा आय आर्जनका बाटाहरु पहिल्याएको छन् । अध्ययन स्थलका महिलाहरु पनि सरकारी जागिर नै खान नसकेपनि आफ्नो पेशा व्यवसायमा आबद्ध रहेका छन् । उनीहरु व्यवसायिक खेतीमा लागि सकेपछि उनीहरुले कमाएको पैसा वैंकमा राखेका छन वा उनीहरुलाई इच्छा लागेको गरगहनमा लगानी गरेका छन भनेर उत्तरदाताहरुसँग सोधिएको थियो । प्रश्नोत्तरको क्रममा उनीहरुले भनेका उत्तरहरु यस प्रकार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८ ः उत्तरदाताको गरहना एवम बैंकव्यालेसन्मा स्वामित्वसम्बन्धी विवरण**

| विवरण | | शैक्षिक स्तर | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | आइ.ए./+२ | | |
| बैक व्यालेन्स | छ | २ | ४ | ५ | ३ | २ | ४ | २० | ६६.६७ |
| | छैन | २ | २ | ४ | २ | ० | ० | १० | ३३.३३ |
| जम्मा | | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |
| गरगहना | छ | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |
| | छैन | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| जम्मा | | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |

स्रोत स्थलगत अध्ययन २०८१

माथिको तालिका अनुसार ३० जना व्यवसायिक खेतीमा संलग्न महिलाहरु मध्ये ६६.६७ प्रतिशतसँग बै.क व्यालेन्स रहेको र ३३.३३ प्रतिशतसँग वैंकव्यालेन्स उनीहरुको खातामा नरहेको तथ्यांक प्राप्त भयो । उक्त तथ्यांकबाट के थाहा पाउन सकिन्छ भने उत्तरदाताहरु मध्ये धैरैजसोले व्यवसायिक खेतीमा लागेपश्चात् उनीहरुमा आर्थिक सवलीकरण भएको थाहा हुन आयो ।

त्यसैगरी गरगहनाको सन्दर्भमा भने सवै उत्तरदाताहरुसँग गरगहना रहेको तथ्यांक प्राप्त भयो । महिलाहरु स्वभावतः गरगहना लगाउने चाहने जातिको रुपमा हुँदा उनीहरुले आफूहरुसँग यो खेतीमा लाग्नु भन्दा पहिला पनि गरगहन रहेको तर यो व्यवसायमा लागि सकेपछि उनीहरुले आफूलाई मन पर्ने खालका गरगहना बनाएको

कुरा प्रश्नोत्तरका क्रममा स्वीकार गरेका थिए । यसबाट के थाहा पाउन सकिन्छ भने व्यवसायिक खेतीमा लागिसकेपछि उनीहरुले आर्थिक उपार्जन गरेको र सो आर्थिक उपार्जन उनीहरुले गरगहनामा लगानि गरेको देखिन्छ । उनीहरुसँगको कुराकानीका क्रममा धेरै जसो महिलाहरुले किन पैसा नराखेर गरगहना जोड्नु भएको हो भन्ने जिज्ञासाको उत्तरमा पैसा भयो भने खर्च गर्न मन लाग्ने, केही चाहियो भने किन्न पनि मन लाग्ने, कसैले माग्यो भने पनि दिनु मन लाग्ने तर गरगहना बनायो भने यी सवैकुराबाट छुटकारा पनि पाउने र आफूलाई अत्तो परेको बेलामा बेचिखान पनि सकिने भएको हुनाले उनीहरुले गरगहनमा लगानि गरेको कुरा अध्ययनका क्रममा थाहा हुन आयो ।

**४.३.७ गरगहना बनाउँदा लिइएको स्वीकृति एवम रोकटोक बारे जानकारी**

नेपाल पुरुषप्रधान समाज भएको हुनाले महिलाहरुले जे जति आयआर्जन गरेपछि पुरुषको स्वीकृति बिना चलाउन नपाउने, यदि त्यसो ग¥यो भने नेपाली समाजमा पोथी बासेको संज्ञा दिने चलन पुरानै चलन हो । उत्तरदाताहरुलाई उनीहरुले आफ्ना व्यवसायिक खेतीबाट कमाएको पैसाबाट उनीहरुले गरगहना बनाउँदा श्रीमान्लाई सोध्नुभयो कि भएन भन्ने जिज्ञासा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १९ ः गरगहना बनाउँदा लिइएको स्वीकृति एवम रोकटोकसम्बन्धी विवरण**

| विवरण | | शैक्षिक स्तर | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | आइ.ए./+२ | | |
| गरगहना बनाउँदा सल्लाह लिनुभयो | लिएँ | ३ | ५ | ७ | ४ | २ | ४ | २० | ८३.३३ |
| | लिइनँ | १ | १ | २ | १ | ० | ० | १० | १६.६७ |
| जम्मा | | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |
| रोकटोक भयोकि भएन | भयो तर बनाए | १ | २ | १ | २ | २ | २ | ३० | ३३.३३ |
| | भएन | २ | ३ | ६ | २ | ० | २ | ० | ५०.०० |
| जम्मा | | ३ | ५ | ७ | ४ | २ | ४ | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन २०८१

माथिको तालिका अनुसार के देख्न सकिन्छ भने शतप्रतिशत उत्तरदाताहरुले गरगहना बनाएको पाइयो जसलमा ८३.३३ प्रतिशत महिलाले गरगहना बनाउँदा श्रीमान्को सल्लाहबमोजम बनाएको र १६.६७ प्रतिशत महिलाले श्रीमान्को सल्लाह बिना नै गरगहना बनाएको बताएका थिए । ती महिलाहरु जसले श्रीन्को सल्लाह लिएका थिए , त्यसपछि निरक्षर महिलाहरु मध्ये २ जनालाई कुनै रोकटोक नभएको तर १ जनालाई सकारात्मक सल्लाह नदिए पछि बनाएको कुरा थाहा हुन आयो । त्यसैगरी साक्षरमहिलाहरुमध्ये सल्लाह लिएका ५ जना मध्ये ३ जनालाई रोकटोक नभएको तर २ जनालाई भए पनि उनीहरुले बनाएको बताएका थिए । त्यसै गरी प्राथमिक तह अध्ययन गरेका महिलाहरुको सवालमा ७ जनामध्ये ६ जनालाई कुनै रोकटोक नभएको तर १ जनालाई भएको तर उनले पनि अटेर गरी बनाएको पाइयो । त्यसैगरी नि.मा.वि. तहको अध्ययन गरेमा महिलाहरुमा ४ जनामध्ये २ जनालाई कुनै रोकटोक नभएको २ जनालाई बनाउन भनेर राम्रो मुखले सल्लाह नदिए पछि बनाएको पाइयो । त्यसैगरी मा.वि. तह अध्ययन गरेका महिलाहरुमध्ये सवैलाई सही सल्लाह नदिइएको तर उनीहरुले पनि बनाएको र आइ.ए. वा +२ अध्ययन गरेका महिलाहरुलाई कुनै रोकटोक नभएको श्रीमानको सल्लाहमा नै गरगहना बनाएको बताए ।

माथिको तालिकाको अध्ययनबाट के देखिन्छ भने महिलाहरु आर्थिक रुपमा सवल र सशक्त भइसकेपछि उनीहरुले पनि आफ्नो रहर र इच्छाहरुको बारेमा आफै निर्णय लिन सक्ने रहेछन् । यदि ती महिलाहरु व्यवसायिक खेतीमा नलागेको अवस्थामा श्रीमान्सँगको सल्लाह विना उनीहरुले गरगहना बनाउने सक्ने अवस्था रहने थिएन । त्यसैले महिलाहरु व्यवसायिक खेतीमा लागि सकेपछि उनीहरुको सशक्तीकरण र सवलीकरण भएको मान्न सकिन्छ ।

### ४.३.८ व्यवासायिक खेतीमा थप लगानी गर्नुपर्ने अवस्थामा लिइएको स्वीकृति एवम आर्थिक सहयोगसम्बन्धी जानकारी

व्यवसायिक खेतीमा थप लगानी गर्नुपर्ने भयो भने श्रीमान्सँग सरसल्लाह गर्नुहुन्छ कि आफै गर्नुहुन्छ भन्ने सन्दर्भमा सोधिएको प्रश्नकोउत्तरमा उत्तरदाताहरुबाट प्राप्त जानकारीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २० ः व्यवसायिक खेतीमा थप लगानी गर्नुपर्ने अवस्थामा लिइएको स्वीकृति एवम आर्थिक सहयोगसम्बन्धी विवरण**

| विवरण | | शैक्षिक स्तर | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | आइ.ए./+२ | | |
| थप लगानीको लागि सल्लाह लिनुहुन्छ | लिन्छु | ४ | ६ | ८ | ४ | १ | ० | २३ | ७६.६७ |
| | लिन्न | ० | ० | १ | १ | १ | ४ | ७ | २३.३३ |
| जम्मा | | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | ३० |
| लगानीगर्न श्रीमानले थप सहयोग गर्नुहुन्छ | गर्नुहुन्छ | ४ | ६ | ९ | ३ | १ | ० | २३ | ७६.६७ |
| | गर्नुहुन्न | ० | ० | ० | २ | १ | ४ | ७ | २३.३३ |
| जम्मा | | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन २०८१

माथिको तालिका अनुसार व्यवसायिक खेतीमा थप लगानी गर्नुपर्ने भएको खण्डमा श्रीमान्सँग सल्लाह लिने ३० जनामध्ये २३ जना र श्रीमान्बाट सल्लाह पाउने पनि २३ जना नै रहेका छन् । यसरी सल्लाह लिने मा मुख्य गरी कम शैक्षिक अवस्थाका महिलाहरु रहेका छन् भने व्यवसायिक खेतीमा लागेका महिलाहरुमध्ये अलि धैरै पढेलेखेका महिलाहरुले आफ्नो स्वविवेकले लगानी बढाउने वा घटाउने गर्ने गरेको पाइयो ।

यसरी माथिको तालिकालाई हेर्दा के देखिन्छ भने महिलाहरुलाई व्यवसायिक खेतीमा थपघट सम्बन्धी निर्णय लिनको लाग उनीहरुको शैक्षिक अवस्थाले पनि सहयोग गरेको देखियो । जुन उत्तरदाताहरु कम पढेलेखेका थिए, उनीहरुले श्रीमान्को सहयोग लिने गरेको देखियो भने बलि बढी पढाइलेखाइले उनीहरुलाई स्वविवेकीय निर्णय गर्न सहजता तुल्याएको पाइयो ।

**४.३.९ व्यवासायिक खेतीमा लागेका महिलाहरुको महिला समूहमा आवद्धताको अवस्था**

नेपालको सामाजिक अवस्थाको अवलोकन गर्दा महिलाहरु विभिन्न आमासमूहहरु बनाएर उनीहरुका समस्याहरुको निराकरणको लागि एक आपसमा सहयोग र सहकार्यको साटासाट गर्ने गरेको पाइन्छ । त्यसै महिलाहरुको समूहमध्ये एउटा गाउँटोल होस या सहर जहाँ पनि आमा समूहहरुको गठन एवम चहल पहल देख्न सकिन्छ । जहाँ उनीहरुले सामाजिक रुपमा हुने गरेका अन्याय र अत्याचार, उनीहरु

सवलीकरण हुने बाटाहरु सम्बन्धी छलफल र निर्देशनात्मक कार्य गर्ने गरेका छन् । कुनै कुनै ठाउँमा त खासगरी विवाहित महिलाले पुरुषबाट हुने विभिन्न खाले दमन र थिचोमिचोको विरुद्धमा आवाज उठाएको पनि पाइन्छ । तलको तालिकामा महिलाहरुको आमासमूहमा आवद्धताबारे जानकारी प्रस्तुत गरिएको छ ।

**तालिका नं. २१: व्यवासायिक खेतीमा लागेका महिलाहरुको आमासमूहमा आवद्धता सम्बन्धी विवरण**

| आमासमूहमा आवद्ध हुनुहुन्छ ? | शैक्षिक स्तर | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | आइ.ए./+२ | | |
| छु | ४ | ६ | ८ | ४ | १ | ० | २३ | ७६.६७ |
| छैन | ० | ० | १ | १ | १ | ४ | ७ | २३.३३ |
| जम्मा | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन २०८१

माथिको तालिका २१ अनुसार के देख्न सकिन्छ भने जम्मा ३० जना महिलाहरुमध्ये धैरै जसो ७६.६७ प्रतिशत महिलाहरु आमासमुहमा आवद्ध रहेको कुरा थाहा हुन आयो भने २३.३३ प्रतिशत महिलाहरु आमा समूहमा आवद्ध नभएको थाहा भयो । यसबाट के थाहा हुन आयो भने महिलाहरु आफ्नो हक हितको लागि समुह बनाएर अगाडि बढेको प्रतित हुन्छ ।

महिलाहरुलाई सोधिएको प्रश्नको जवाफमा १ जना महिला त आमा समूहको अध्यक्षको रुपमा नै रहेको जानकारी आयो भने बाँकी महिलाहरुमा एक जना कोषाध्यक्ष र बाँकी महिलाहरु साधारण सदस्यहरु मात्र रहेको थाहा भयो । अध्यक्ष महिलासँग प्रश्नोत्तरको क्रममा सोधिएको विभिन्न खाले प्रश्नको जवाफमा महिलाहरुले के कस्तो प्रकारका कार्यहरु गर्नुहुन्छ त भन्ने सवालमा उनीहरुले खास गरी समाजमा विकास निर्माणका कार्यहरु गर्ने गरेको, कोही महिलाहरुलाई समाजमा उसको श्रीमान् वा अरु कसैले अनाहकमा दुःखदिने, मादकपदार्थ सेवन गर्ने, जस्ता असामाजिक कार्यहरु गरेको खण्डमा यो महिला समूहले सामान्य कारवाही गर्ने र त्यसबाट पनि सो उक्त समस्या समाधान नभएको खण्डमा पुलिस एवम वडा कार्यालयमा जानकारी दिने र समस्याको निराकरण गर्ने जस्ता कार्यहरु गरेको बताए । अहिलेसम्म के कस्ता काम गर्नु भयो त भन्ने सन्दर्भमा धैरै जसो पुरुषबाट पिडित भएका महिलाहरुको बारेमा कार्य गरेको थाहा हुन

आयो भने अहिले त्यस्ता खालका पुरुषहरुले पनि आफ्नो बानि सुधारेको र उनीहरुको घरव्यवहार राम्रो चलेको बताएका  थिए ।

**४.३.१० व्यवासायिक खेतीमा लागेका महिलाहरुको राजनीतिक दलमा आवद्धताको अवस्था**

नेपाल एक पुरुष प्रधान समाज भएको हुनाले उनीहरु राजनीतिमा लाग्नुको एकमात्र उद्देश्य हालसम्म भएका सामाजिक, आर्थिक र राजनैतिक असमानताहरुमा समानता ल्याउनु रहेको छ । त्यसै गरी महिलाहरुको राजनीतिमा संलग्नताको मुख्य कारण पितृसत्तात्मक सामाजिक मानसिकतासँग संघर्ष गर्नु हो । पितृसत्तात्मक समाजले महिलाहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गर्ने, उनीहरुको अधिकार र स्वतन्त्रतालाई सीमित गर्ने गर्दछ । यसकारण मा िलहरुले राजनीति मार्फत् आफ्ना अधिकारको संरक्षण, समाजमा समानता स्थापनाको लागि आवाज उठाउने र नीति–निर्माणमा सहभागिता जनाउने प्रयास गरिरहेका छन् । मा िलहहरुको राजनीतिक सक्रियता समाजको सोचाइमा परिवर्तन ल्याउने, लैगिंक समानताको प्रवद्र्धन गर्ने र उनीहरुको जीवनको हरेक क्षेत्रमा स्वतन्त्रता र अधिकार सुनिश्चितता गर्ने महत्वपूर्ण कदम हो, त्यसैले व्यवसायिक खेतीमा लागेका महिलाहरुलाई उनीहरुको राजनैतिक आवद्धताबारे प्रश्न गरिएको थियो, जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ः

**तालिका नं. २२ ः व्यवासायिक खेतीमा लागेका महिलाहरुको राजनीतिमा सक्रीय आवद्धता सम्बन्धी विवरण**

| भेला, सम्मेलन सभा जस्ता कार्यक्रमा सहभागिता हुनुहुन्छ | शैक्षिक स्तर | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | आइ.ए./+२ | | |
| हुन्छु | १ | २ | २ | ४ | २ | ४ | १५ | ५०.०० |
| हुँदिन | ३ | ४ | ७ | १ | ० | ० | १५ | ५०.०० |
| जम्मा | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन २०८१

माथिको तालिकालाई हेर्दा के देखिन्छ भने व्यवसायिक खेतीमा लागेका जम्मा ३० जना महिलाहरुमध्ये २ जना अर्थात ६.६७ प्रतिशत सक्रिय राजनीतिमा लागेको र बाँकी ९३.३३ प्रतिशत महिलाहरु सक्रिय राजनीतिमा नलागेको थाहा हुन आयो । महिलाहरुलाई के तपाइँको राजनीतिक आस्था नै नभएको हो कि के हो भन्दा उनीहरुले

किन राजनीतिमा लाग्नु र ? जो राजनीतिक दलमा लागे पनि राम्रो गर्ने होइनन् त्यसैले उनीहरु राजनीतिमा भन्दा व्यवसायिक खेतीमा लागेको बताए भने २ जना महिलाहरु राजनीतिमा लागेको र उनीहरु भने वडा सदस्यमा महिला कोटामा पनि उम्मेदवार बनाइएको थाहा हुन आयो । वडा सदस्यमा निर्वाचित भएका महिलाहरु राजनीतिमा लागि सकेपछि उनीहरुले सामाजिक रुपमा पछाडि पारिएका महिला एवम पिचडा वर्गहरुको समस्याहरुलाई निराकरण गर्न सहज भएको बताए । उनी आफू राजनीतिमा लाग्नु पूर्व ससाना कार्यहरु गर्दा पनि विभिन्न खाले बाधा व्यवधान हुने गरेको तर राजनीतिमा लागि सकेपछि उनीहरुलाई नीतिगत, महिला हक र अधिकारका कुराहरुबारे जानेकारी भएको हुन उनीहरुमा राजनीतिक सशक्तीकरण भएको पाइयो । त्यसै गरी राजनीतिमा किन लाग्नु भएन त भनेर भनेको प्रश्नको उत्तरमा धेरै जसो महिलाले काम नगरी अगाडि बढ्न नसकिने, राजनीतिमा लागेर घरको कार्य गर्न सम्भव नभएको कारण उनीहरु राजनीतिमा नलागेको बताएका थिए ।

यसरी माथिको तालिकाबाट के देखिन्छ भने महिलाहरु व्यवसायिक खेतीमा लागि सकेपछि उनीहरुमा राजनीतिक चेत पनि पलाएको पाइयो, उनीहरु वडा सदस्यजस्तो पदमा उम्मेदवारी दिएको पनि थाहा हुन आयो, जुन कुरा उनीहरुमा आएको चेतनाको कारण हो भन्न सकिन्छ ।

### ४.३.११ व्यवासायिक खेतीमा लागेका महिलाहरुको गाउँमा हुने भेला, सम्मेलन, सभा जस्ता कार्यक्रममा सहभागिसम्बन्धी जानकारी

पुरुष प्रधान समाजमा महिलाहरुले सार्वजनिक सभा, बैठक, सम्मेलन र जमटहरुमा सहभागी नहुन हुने धारणा राख्दछ । यो साइचाइले महिलाहरुलाई घर भित्र सीमित राख्ने र उनीहरुको आवाजलाई दबाउने कार्य गर्दछ । महिलाहरुले सार्वजनिक स्थलहरुमा सहभागी हुँदा उनहिरुको क्षमतामा शंक गरिन्छ र उनीहरुर्ला कमजोर ठानिन्छ । यसले समाजमा महिलाहरुको आत्मविश्वासलाई कम गर्ने मात्र होइन, उनीहरुको व्यक्तिगत र व्यवसायिक विकासमा पनि बाधा पु¥याउँछ । यस्ता धारणाहरुलाई परिवर्तन गर्न महिलाहरुले सामाजिक तथा राजनीतिक गतिविधिहरुमा सक्रिय सहभागिता जनाउनुपर्ने आवश्यकता छ, जसले गर्दा उनीहरुको आवाज सुन्ने र सम्मान गर्ने संस्कारको विकास गर्न सकिन्छ । व्यवसायिक खेतिमा लागेका महिलाहरु सामान्यत सार्वजनिक सभा, बैठक, सम्मेलन र जमघटहरुमा सहभागी हुने नहुने कुरा तलको तालिकामा देखाइएको छ ः

**तालिका नं. २३ ः व्यवासायिक खेतीमा लागेका महिलाहरुको गाउँमा हुने भेला, सम्मेलन, सभा जस्ता कार्यक्रममा सहभागिसम्बन्धी जानकारी**

| भेला, सम्मेलन सभा जस्ता कार्यक्रमा सहभागिता हुनुहुन्छ | शैक्षिक स्तर | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | आइ.ए./+२ | | |
| हुन्छु | १ | २ | २ | ४ | २ | ४ | १५ | ५०.०० |
| हुँदिन | ३ | ४ | ७ | १ | ० | ० | १५ | ५०.०० |
| जम्मा | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन २०८१

माथिको तालिकालाई हेर्दा के देखिन्छ भने व्यवसायिक खेतीमा लागेका महिलाहरुमध्ये ५० प्रतिशत त्यस्ता भेला, सम्मेलन, सभा जस्ता कार्यक्रमा सहभागी हुने गरेको देखियो भने ५० प्रतिशत महिलाहरु त्यस्ता भेला, सम्मेलन, सभाजस्ता कार्यक्रममा सहभागी नहुने देखियो । महिलाहरुलाई “व्यवसायिक खेतीमा लाग्नुभन्दा पहिले यस्ता सभा सम्मेलनमा जानुहुन्थ्यो कि व्यवसायमा लागि सकेपछि जान थाल्नुभयो” भन्ने प्रश्न गर्दा धेरै जसो सहभागी हुने महिलाहरुले व्यवसायिक खेतीमा लागि सकेपछि जान थालेको बताएका थिए ।

यसरी माथिको तालिका एवम सूचनालाई हेर्दा के देखिन्छ भने २ जना महिलाहरु त प्रत्यक्ष राजनीतिमा जोडिएका महिलाहरु थिए भने बाँकी महिलाहरु पनि व्यवसायिक खेतीमा लागि सकेपछि यस्ता खाले वडामा एवम नगरपालिकामा एवम सामाजिक स्थलमा हुने कार्यक्रममा भाग लिने वा त्यहाँ गएर अरुले भनेका कुराहरु सुन्ने गरेको पाइयो । तसर्थ यसबाट के थाहा हुन जान्छ भने उनीहरु व्यवसायिक खेतीमा लागि सकेपछि उनीहरुमा सचेतना आएको पाइयो ।

### ४.३.१२ व्यवासायिक खेतीमा लागेका महिलाहरुको गाउँमा परि आउने समस्या समाधानका लागि आमन्त्रित गर्ने सम्बन्धी जानकारी

व्यवसायिक खेतीमा लागेका महिलाहरुलाई गाउँमा परि आउने समस्या समाधानका लागि बस्ने गरेका भेला र छलफलहरुमा बोलावट हुन्छ कि हुँदैन भनेर सोधिएको थियो । उत्तरदाताले दिएको जानकारीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ः

**तालिका नं. २४ ः व्यवासायिक खेतीमा लागेका महिलाहरुको गाउँमा परि आउने समस्या समाधानका लागि आमन्त्रित गर्ने सम्बन्धी जानकारी**

| **विवरण** | **शैक्षिक स्तर** | | | | | | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|---|
| | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | आइ.ए./+२ | | |
| बोलाउँछन | ० | ० | ० | १ | ० | २ | ३ | १०.०० |
| बोलाउँदैनन | ४ | ५ | ८ | ३ | ० | ० | २० | ६६.६७ |
| पहिला बोलाउँदैनथे, अहिले बोलाउँछन् | ० | १ | १ | १ | २ | २ | ७ | २३.३३ |
| जम्मा | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन २०८१

माथिको तालिका २४ अनुसार व्यवसायिक खेतीमा लागेका कूल ३० जना महिलाहरु मध्ये धैरै जसो महिलाहरु ६६.६७ प्रतिशतले गाउँमा हुने समस्यामाधानार्थ छलफल कार्यक्रमहरुमा नबोलाउने भनेका थिए भने जम्मा १० प्रतिशत महिलाहरुले बोलाउँछन भन्ने उत्तर दिएका थिए । त्यसैगरी २३.३३ प्रतिशत महिलाहरुले भने पहिला नबोलाउने तर अहिले आएर गाउँमा कुनै समस्याहरु प¥यो भने उनीहरुलाई पनि बोलाउने गरेको भन्ने जानकारी दिए ।

यसरी माथिको तालिकालाई हेर्दा के देखिन्छ भने व्यवसायिक खेतीमा लागि सकेपछि महिलाहरु आर्थिक रुपमा सवल बने र उनीहरुले घरभन्दा बाहिरको संसारसँग पनि परिचित हुने मौका पाए जसले गर्दा उनीहरुमा पनि चेतनाको विकास भयो । कार्लमाक्र्सले भने जस्तो “पैसाले चेतना निर्धारण गर्दछ” भन्ने भनाइ यहाँ लागू हुन्छ । कार्लमाक्र्सले भने जस्तै उनीहरुले पनि व्यवसायिक खेतीमा लागेपश्चात् उनीहरु पनि आर्थिक रुपमा सवल भए, उनीहरुलाई पैसाको लागि, लगाउनेका लागि, खर्च गर्नको लागि श्रीमान् अथवा परिवारका अन्य सदस्यहरुको भर पर्नु परेन र उनीहरुमा पनि चेतनाको प्रवाह भयो । त्यसैले यस जानकारीबाट केप्रष्ट हुन्छ भने व्यवसायिक खेती यहाँका व्यवसायि महिलाहरुका लागि वरदान सावित भएको छ ।

**४.३.१३ उत्तरदाताको सहकारीमा संलग्नता सम्बन्धी विवरण**

नेपालमा सहकारीको स्थापनाको सन्दर्भमा विभिन्न समयमा विभिन्न सहकारीहरुको स्थापना भएको छ तर आधिकारिक रुपमा सहकारीको सुरुवात २०१० सालमा भएको मानिन्छ । सहकारी स्थापना गर्नुको मुख्य उद्देश्यहरुमा सामाजिक तथा आर्थिक विकास, स्वावलम्बनको प्रवद्र्धन, सहकार्य र सहयोग, आर्थिक सुरक्षा र शिक्षा र तालिम मुख्य रुपमा रहेका छन् । त्यसका साथसाथै सहकारीहरुको मुख्य उद्देश्य भनेको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासको लागि सामूहिक प्रयासमार्फत सदस्यहरुको हितको प्रवद्र्धन गर्नु पनि हो, जसले गर्दा व्यवसायिक खेतीमा लागिका महिलाहरुको दिगो विकासको लागि सहयोगी वातावरण सिर्जना हो । तलको तालिकामा सहकारीमा संलग्नता सम्बन्धी महिलाहरुको विवरण देखाइएको छ ः

**तालिका नं. २५ ः उत्तरदाताको सहकारीमा संलग्नता सम्बन्धी विवरण**

| सहकारीमा संलग्नता सम्बन्धी विवरण | शैक्षिक स्तर | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | आइ.ए./+२ | | |
| संलग्न छु | १ | ० | ० | १ | ० | २ | ४ | १३.३३ |
| संलग्न छैन | ० | १ | १ | ० | ० | ० | २ | ६.६७ |
| पहिला थिइन अहिले छु | ३ | ५ | ८ | ४ | २ | २ | २४ | ८०.०० |
| जम्मा | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन २०८१

माथिको तालिका हेर्दा के देखिन्छ भने हाल जम्मा ६.६७ प्रतिशत महिलाहरु सहकारीका संलग्न नभएको तथ्यांक बाहिर आयो । उक्त महिलाहरुलाई किन सहकारीका सहभागि नहुनु भएको भनि गरेको प्रश्नमा उनीहरुले भर्खर–भर्खर मात्रै यो पेसा व्यवसायमा लागिएको छ अव संलग्ने हुने विचारमा छौं भनेका थिए । यो क्षेत्रमा व्यवसायिक खेतीमा आवद्ध महिलाहरुले यहाँको स्थानीय व्यक्तिहरुद्वारा सञ्चालित सहकारीमा आवद्ध रहेको जानकारी प्राप्त भएको थियो । अन्तरवार्ताका क्रममा पहिलादेखि नै सहकारीमा संलग्न हुने महिलाहरुमा १३.३३ प्रतिशत रहेको देखियो भने ८० प्रतिशत महिलाहरु व्यवसायमा संलग्न भएपछि सहकारीमा आवद्ध भएको देखिएको छ । उनीहरुलाई जो पहिलादेखि नै सहकारीमा आवद्ध थिए, उनीहरुका अनुसार स्थानीय सहकारी भएकोले उनीहरु यस सहकारीको स्थापनाकालदेखिबाट नै यो सहकारीमा

संलग्न भएका थिएन भने अरु महिलाहरु पनि सहकारीमा संलग्न भएपश्चात् व्यवसायमा परिआउने समस्याको समाधानको लागि यहाँ संलग्न भएपछि ऋण र आफूसँग भएको पैसा जम्मा गर्ने गरेको पाइयो । स्थानीय सहकारी भएको हुनाले अहिले उनीहरुलाई कुनै समस्या नपरेको सुनाए । सहकारीले पैसा खाएर भाग्ला नी भन्ने प्रश्नमा यहीँका व्यक्तिहरुले चलाएको हुनाले नभाग्ने कुरामा उनीहरु ढुक्करहेको जानकारी पाइयो ।

**४.३.१४ व्यवसायिक खेती सम्बन्धी तालिम लिए नलिएको सम्बन्धी जानकारी**

कुनै पनि काम गर्नुभन्दा पहिलो त्योसँग सम्बन्धित आधारभूत तालिम वा जानकारी लिनु अति उपयोगी ठहर्छ । उत्तरदाताहरुले व्यवसायिक खेती गर्नको लागि कहिँ कतै तालिम लिए नलिएको सम्बन्धी जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २६ ः व्यवसायिक खेती सम्बन्धी तालिम लिए नलिएको सम्बन्धी जानकारी**

| तालिम लिनु भएको छ | शैक्षिक स्तर | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | आइ.ए./+२ | | |
| छु | १ | १ | २ | २ | २ | ४ | १२ | ४०.०० |
| छैन | ३ | ५ | ७ | ३ | ० | ० | १८ | ६०.०० |
| यदि लिनु भएको थियो भने कसले दिएको थियो | | | | | | | | |
| गाउँपालिका | ० | १ | ० | १ | १ | ३ | ६ | २०.०० |
| जिल्ला कृषि कार्यालय | ० | ० | १ | ० | १ | १ | ३ | १०.०० |
| गैर सरकारी संस्था | ० | ० | १ | १ | ० | ० | २ | ६.६७ |
| अन्य | १ | ० | ० | ० | ० | ० | १ | ३.३३ |
| जम्मा | ४ | ६ | ९ | ५ | २ | ४ | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन २०८१

माथिको तालिका अनुसार जम्मा ३० जना व्यवसायिक महिलाहरुमध्ये १२ जनाले आधारभूत कृषि तालिम लिएको जानकारी पाइयो भने बाँकी १८ जनाले कुनै प्रकारको तालिम नलिएको जानकारी पाइयो । उनीहरुलाई तालिम नलिइकन कसरी काम गर्नुहुन्छ भन्ने सम्बन्धमा उनीहरुले विउविजन ल्याउने ठाउँबाट नै बेलाबेलामा

कृषिसम्बन्धी डक्टर आउने र उहाँले नै सिकाउने गर्ने गरेको पाइयो । खासगरी उनीहरुले के सिकाउँछन त भन्ने क्रममा बालिविरुवामा कसरी मल राख्ने, विरुवाको फेँदबाट कति टाढा राख्नु पर्छ भन्ने सिकाउनु भएको छ भने किटनाशक औषधि छर्कनेबेलामा लगाउने मास्क, कपडा, जुत्ता आदिको बारेमा सम्झाउनु भएको छ । औषधि छर्कदा मास्क अनिवार्य रुपमा लगाउनु पर्ने नत्र मानिसको ज्यान नै जान सक्ने खतरा रहेको बारे उनीहरु सचेत रहेको जानकारी पाइयो ।

माथिको तालिका हेर्दा के देखिन्छ भने ४० प्रतिशत व्यवसायिक तालिम लिएका महिलाहरुले त गर्ने नै भए तालिम नलिएका महिलाहरुलाई पनि उनीहरुले विउविजन ल्याउने ठाउँका जेटिएले सामान्य नभई नहुने तालिम दिने गरेकोले उनीहरुलाई खेतीगर्नको लागि खासै समस्या नपरेको पाइयो ।

४.३.१५ व्यवसायिक खेतीबाट जम्मा हुने रकम बचत सम्बन्धी विवरण

कुनै पनि काम गर्नुभन्दा पहिलो त्योसँग सम्बन्धित आधारभूत तालिम वा जानकारी लिनु अति उपयोगी ठहर्छ । उत्तरदाताहरुले व्यवसायिक खेती गर्नको लागि कहिँ कतै तालिम लिए नलिएको सम्बन्धी जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २७ः व्यवसायिक खेतीबाट जम्मा हुने रकम बचत सम्बन्धी विवरण**

| बचत गर्नु भएको छ | खेतीमा लागेको समय | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | २ वर्षभन्दा कम | २-५ वर्ष | ६ वर्षभन्दा माथि | | |
| छु | १ | ८ | ५ | १४ | ४६.६७ |
| छैन | १० | ६ | ० | १६ | ५३.३३ |
| जम्मा | ११ | १४ | ५ | ३० | १००.०० |
| यदि वचत गर्नुभएको छ भने कहाँ जम्मा गर्नुभएको छ ? | | | | | |
| समूहमा | ० | ३ | २ | ५ | १६.६७ |
| सहकारीमा | १ | ५ | ५ | ११ | ३६.६७ |
| बैंकमा | ० | ३ | ५ | ८ | २६.६७ |
| व्यक्तिलाई व्याजमा | ० | १ | २ | ३ | १०.०० |

स्रोत ः स्थलगत अध्ययन २०८१

माथिको तालिका अनुसार जम्मा व्यवसायिक खेतीमा लागि सकेपछि महिलाहरुले आर्थिक वचत पनि गर्नेगरेको देखियो । कुल महिलाहरु मध्ये १४ जना अर्थात् ४६.६७ प्रतिशत महिलाहरुले वचत गरेको पाइयो भने ५३.३३ प्रतिशत महिलाहरुले वचत गर्न नसकेको पाइयो । यसरी हेर्दा जुन महिलाहरुले वचत गरेका छौ भनेका थिए, उनीहरु

मध्ये ६ वर्षभन्दा माथि यो व्यवसायिक खेतीमा लागेका महिलाहरुले एउटै व्यक्तिले विभिन्न ठाउँमा थोरै थोरै रकम भए पनि जम्मा गरेको पाइयो । त्यसैगरी व्यवसायिक खेतीमा लागेको २ देखि ५ वर्ष भएका १४ जना महिलाहरुमध्ये ८ जनाले वचत गरेको पाइयो । उनीहरुले पनि समूह, सहरकारी, बैंक, एवम स्थानीय व्यक्तिहरुलाई समेत सरसापटीमा आफ्नो व्यवसायबाट आएको आम्दानी लगानी गरेको जानकरी दिएका थिए भने २ वर्षभन्दा कम समय भएका ११ जना महिलाहरुमध्ये जम्मा १ जनाले सहकारीमा मात्र केही रकम जम्मा गरेको बताएकी थिई ।

यसरी माथिको तालिकालाई हेर्दा के देखिन्छ भने कुनै पनि कुरामा लामोसमयसम्म लागि पर्दा आर्थिक उपार्जन हुने रहेछ, र उनीहरुको आर्थिक सवलीकरण पनि हुने रहेछ भन्ने कुरा जान्नमा आयो ।

### ४.३.१६ छोराछोरीको शिक्षा सम्बन्धी विवरण

नेपाली समाजमा शिक्षामा विभिन्न खाले तह र तप्काका शिक्षालयहरु खुलेका छन् । सरकारी स्कुलमाभन्दा यी प्राइभेट स्कुलमा पढाइ राम्रो हुन्छ । त्यसैले मानिसहरुले आफ्ना सन्तानको राम्रो भविष्यको लागि आफूले सकी नसकी प्राइभेट स्कुलमा पढाउन लालायित हुन्छन् । तलको तालिकामा व्यवसायिक खेतीमा लागि सकेपछि छोराछोरीलाई कस्तो स्कुलमा पढाउनुभएको छ भन्ने जानकारी प्रस्तुत गरिएको छ ।

**तालिका नं. २८ ः व्यवसायिक खेतीमा लागि सकेपछि छोराछोरीको शिक्षा सम्बन्धी जानकारी**

| छोराछोरीको शिक्षा सम्बन्धी जानकारी | खेतीमा लागेको समय | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | २ वर्षभन्दा कम | २-५ वर्ष | ६ वर्षभन्दा माथि | | |
| प्राइभेट | १ | ८ | २ | ११ | ३६.६७ |
| सरकारी | ७ | १ | ० | ८ | २६.६७ |
| पहिला सरकारी अहिले प्राइभेट | १ | ३ | १ | ५ | १६.६७ |
| पहिला प्राइभेट अहिले पनि प्राइभेट | २ | २ | २ | ६ | २०.०० |
| जम्मा | ११ | १४ | ५ | ३० | १००.०० |

स्रोत ः स्थलगत अध्ययन २०८१

माथिको तालिका अनुसार के देख्न सकिन्छ भने व्यवसायिक खेतीमा लागि सकेपछि महिलाहरुको आर्थिक स्थिति मजवुत हुँदै जाँदा उनीहरुका बच्चाबच्चीहरुको पढाइको

सिलसिलामा जसले सरकारी स्कुलमा राखेका थिए उनीहरुले प्राइभेट बोर्डिङ स्कुलमा राख्ने र जसले बोर्डिङस्कुलमा राखेका थिए, उनीहरुले अझ त्यो भन्दा माथिल्लो स्तरको बोर्डिङ स्कुलमा राख्ने गरेको जानकारी पाइयो भने अझै पनि सरकारी स्कुलमा आफ्ना बच्चाबच्चीहरु पढाउने उत्तरदाताहरु ८ जना अर्थात् १६.६७ प्रतिशत रहेको पाइयो । उनीहरुलाई किन सरकारी स्कुलमा राख्नु भएको भन्ने प्रश्नको जवाफमा प्राइभेट स्कुलमा फी महंगो हुने हुनाले उनीहरुले त्यस्ता स्कुलमा भर्ना नै गर्न नसकेको जवाफा दिएका थिए । भने तपाइँले किन बच्चालाई सरकारी स्कुलबाट निकालेर प्राइभेट स्कुलमा भर्ना गर्नुभएको हो भन्ने प्रश्नको उत्तरमा पहिला आफ्नो आयस्रोत कमजोर भएको र अहिले व्यवसायिक खेतीमा लागि सकेपछि केही आम्दानी भएको हुनाले आखिर पैसा कमाएर पनि खाने उनीहरुले नै हो त्योभन्दा उनीहरुलाई राम्रो शिक्षा दिक्षा दियो भने उनीहरुको जिन्दगी राम्रो हुने थियो त्यसैले खेतीबारीमा दुःख गरेर भए पनि उनीहरुलाई प्राइभेट स्कुलमा भर्ना गरेको हो भन्ने उत्तर आयो ।

**४.३.१७ व्यवसायिक खेतीले परिवारको जीवनस्तरमा ल्याएको परवर्तन**

अध्ययन स्थलका व्यवसाकिय खेतीमा लागिका परिवारको जीवनस्तरमा व्यवसायिक कृषिले महत्वपूर्ण सुधार ल्याएको छ । यसले परिवारका सदस्यहरूलाई आर्थिक, सामाजिक, र शैक्षिक रूपमा समृद्ध बनाएको छ । पहिले परम्परागत कृषि गर्दा परिवारको जीविकोपार्जन मुश्किल थियो, तर अहिले व्यावसायिक कृषिले राम्रो आम्दानी ल्याउँदैछ । यसले परिवारलाई आत्मनिर्भर र सशक्त बनाएको छ ।

व्यावसायिक खेतीको सकारात्मक प्रभावले उनीहरुका परिवारहरूमा ठूलो परिवर्तन ल्याएको छ । आधुनिक कृषि प्रविधि र ज्ञानको प्रयोगले उत्पादनशीलता बढेको छ । उत्पादन बढेसँगै बजारमा राम्रो मूल्य पाउने भएकाले उनीहरूको आर्थिक स्थिति सुधारिएको छ । यसले परिवारको दैनिक जीवनस्तरमा परिवर्तन ल्याएको छ, स्वास्थ्य र पोषणमा सुधार भएको छ । बच्चाबच्चीहरु सरकारी स्कुलबाट निजी स्कुलमा शिक्षा लिन थालेका छन भने सामान्य निजी स्कुलबाट राम्रा भनिएका स्कुलहरुमा शिक्षा लिन पाएका छन्

आशा र आकांक्षाको दृष्टिकोणले हेर्दा, व्यावसायिक खेतीमा लागेका महिलाहरूलाई पनि प्रेरित गरेको छ । अब गाउँका युवा रोजगारको खोजीमा विदेश जानुपर्ने अवस्था कम भएको छ भने विदेसिएका महिलाहरुका श्रीमानहरु, बुढाबुढी बाबुआमाका छोराछोरीहरु र

कलिला नानीहरुका बाबाहरु अब आफ्नै गाउँठाउँमा गरीखाने सकारात्मक कुराको सञ्चार भएको छ । उनीहरू आफ्नै गाउँठाउँमा व्यावसायिक खेती गरेर राम्रो आम्दानी गर्न सक्ने भएका छन् । यसले परिवारमा आपसी समन्वय र सहकार्य पनि बढाएको छ ।

अन्त्यमा, व्यावसायिक खेतीले उनीहरुको परिवारमा उठान र उन्नति ल्याएको छ, भने छिमेकी महिलाहरु पनि उनीहरुको यो उन्नति र प्रगति देखेर उनीहरुको बाटो पहिल्याउने पक्षमा रहेका छन् । आर्थिक सुरक्षाले परिवारका सदस्यहरूलाई शिक्षामा लगानी गर्न सक्षम बनाएको छ । अब बालबालिकाहरू राम्रो विद्यालयमा पढ्न सक्ने भएका छन् । व्यावसायिक खेतीले ग्रामीण विकासमा पनि योगदान दिएको छ, जसले समग्र समाजमा सकारात्मक प्रभाव पारेको छ । यसरी, व्यावसायिक कृषिले परिवारलाई आर्थिक, सामाजिक र शैक्षिक रूपमा उन्नत बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ, भने घरभित्रै गुम्सिएर बस्ने महिलाहरु सामाजिक काममा, राजनैतिक नेतृत्वमा र भेला वा सम्मेलनमा आफ्ना दुइचार कुृरा राख्न सक्ने भएका छन् ।

# अध्याय पाँच

# सारांश तथा निष्कष

## ५.१ सारांश

खासगरी यो अध्ययन व्यवसायिक खेतीमा महिलाहरुको सहभागिता उनीहरुलाई सशक्तीकरण गर्ने विषयमा भक्तपुर जिल्ला, चाँगुनारायण नगरपालिका वडा नं. ९, ताथलीमा व्यवसायिक उत्पादनमा लागेका महिलाहरुको एवम् समाजशास्त्रीय अध्ययन हो। परम्परागत सामाजिक साँस्कृतिक संरचना, समतामूलक शिक्षाको अभाव, पुरुषप्रधान समाज, विदकारी शिक्षा, अन्धविश्वास र रुढी वादी सोचाई, चतेनाको अभाव आदि कारणले लंगिंक विभेदको सिर्जना भएको छ । समाजमा पहिलादेखि जरागाडेर बसेको लैंगिक, आर्थिक र सामाजिक विभेदले महिलाहरुलाई पछि पारेको छ । समाजमा रहेका यी विभिन्न खाले विभेदले आर्थिक अवस्थालाई प्रभाव पारेको छ । कार्लमाक्सले भने झैँ "आम्दानीले नै मानिसको चेतनाको स्तर निर्धारण गर्दछ" भने झै आर्थिक अभावको कारण महिलाहरुमा चेतनाको दियो बल्न सकेको छैन । शिक्षाको भाव र लैगिक विभेदका कारण समाजमा रहेका हरेक पक्षमा महिला सहभागीता न्यून रहेको छ भने परम्परागत कृषिमा उनीहरुको संलग्नता अधिक रहेको पाइन्छ ।

यो अध्ययनमा सैद्धान्तिक विश्लेषणका लािग लैगिक अवधारणा र आर्थिक विकासको सिद्धान्त प्रयोग गरिएको छ । यो अध्ययनमा प्राथमिक र द्वितीय खाले दुवै तथ्यांकहरुको संकलन गरी उद्देश्यअनुसार वर्णनात्मक र व्याख्यात्मक साथै विविध तालिकाहरुको प्रस्तुत गरिएको छ । प्राथमिक तथ्यांक संकलनका लागि अन्तरवार्ता सूची र अवलोकन विधिको प्रयोग गरिएको छ भने द्वितीय तथ्यांकको संकलनका लागि पुस्तकालयीय विधिको अध्ययन गरिएको छ ।

यस अध्ययनमा भक्तपुर जिल्ला, चाँगुनारायण नगरपालिका वडा नं. ९, ताथलीमा व्यवसायिक उत्पादनमा लागेका महिलाहरुबारे उनीहरु व्यवसायिक खेतीमा किन लागे, उनीहरुले यो व्यवसायबाट कस्तो आम्दानी गरिरहेका छन् । व्यवसायिक खेतीबाट महिलाको जीवनस्तरमा यस व्यवसायमा लाग्नुभन्दा पहिला र अहिले के – कस्तो फरक परेको छ । त्यसको आम्दानीले उनीहरुको सामािजक, आथिृक, शैक्षिक अवस्थाका कसतो प्रभाव परेको छ भन्ने जस्ता कुराहरुलाई विभिन्न तथ्यांकका

आधारमा तालिकीकरण गरी आवश्यकता अनुसार तथ्यांक विश्लेषणगरि निष्कर्ष निकालिएको छ ।

**५.२ निष्कर्ष**

व्यवसायिक खेतीमा लागेका उत्तरदाताहरुमध्ये मध्ये जातका क्षेत्री जाातका महिलाहरुको बाहुल्यत रहेको छ भने अनय जातिका महिलाहरु पनि व्यवसायिकताको लागि नेपाली भाषालाई नै प्रमुख भाषाको रुपमा प्रयोग गर्ने गरेको पाइयो । त्यसै गरी हिन्दु धर्म मान्ने उत्तरदाताहरु सवैभन्दा धैरै रहेका थिए । खेतीमा लागेका परिवारको पारिवारिक स्वरुप हेर्दा एकात्मक परिवारमा बसोवास गर्ने सबैभन्दा धैरैे, कच्चि माटोको वाल, टिनको छाान भएको घरमा बस्ने सवैभन्दा धैरै घरमा बसोवास गर्ने गरेको पाइयो ।

व्यवसायिक खेतीमा लागेका परिवारको सवैभन्दा धैरैको ७ देखि ८ रोपनी जग्गा जमिन रहेको पाइयो भने सवैभन्दा थोरी ५ रोपनीसम्म हुने परिवार रहेका थिए भने परिवारको मुख्य आम्दानीको स्रोत जागिर ३३.३३ प्रतिशतको रहेको पाइयो । उत्तरदाताहरु व्यवसायिक कृषिमा लाग्नुको कारणहरुमा उनीहरुको सीमान्तकृतकरणले उनीहरुलाई गर कि मरको अवस्थामा रहेको कारणले उनीहरु बाध्य भएर व्यवसायिक खेतीमा लागेको पाइन्छ । उत्तरदाताहरु खेतीमा लागेको समयलाई हेर्दा सबैभन्दा धैरै २ देखी ५ वर्ष भएको पाइयो

आयस्रोतको आधारमा हेदौ सवगैभन्दा धैरै महिलाहरुले वार्षिक १ देखि २ लाखसम्म आम्दानी गर्ने गरेको पाइयो । उत्तरदाताको खर्चगर्ने निर्णय सम्बन्धी धारणाहेर्दा धैरैजवसोले आफ्नै तजवितमा खर्च गर्ने गरेको पाइयो भने केही महिलाहरुले आफ्नो आम्दानी खर्चको हरहिसाव घरम बुझाउनु पर्ने अवस्था रहेको पाइयो ।

उत्तरदातामध्ये थोरैले आफ्नो वार्षिक आम्दानी छोराछोरीको पढाइखर्चमा गर्ने गरेको पाइयो भने धैरैले श्रीमान्श्रीमतिको सहमतिमा गर्ने गरेको पाइयो । यस पेशाव्यवसायमा लागि सकेपछि घरजग्गा किनेको र उक्त घरजग्गा आफ्नो नाममा बनाएको पाइयो अझै केही महिलाहरुको नाममा जग्गा जमिन नै नरहेको पाइयो । भने सवै उत्तरदाताहरुसँग गरगहना र वै.क व्यालेन्स रहेको पाइयो । जुन कुरा उनीहरु व्यवसायिक पेशामा लागि सकेपछिको उपलब्धीलाई मान्न सकिन्छ । धैरैजना महिलाहरुले गरगहना बनाउँदा सरसल्लाह लिएको केहीले कुनै सरसल्लाह नलिइकन

गरगहना बनाएको पाइयो भने सरसल्लाह लिएका मध्ये पनि धैरैलाई  रोकटोक भएको तर रोकटोक भए पनि उनीहरुले गरगहना बनाएको पाइयो । यो कुरा उनीहरुको आफ्नो आय आर्जन भएको कारणले सम्भव भएको मान्न सकिन्छ ।  व्यवसायिक महिलाहरुमध्ये धैरै जसो आमासमूहमा सहभागि रहेको पाइयो ।

उत्तरदाताहरु मध्ये आधाजसो महिलाहरु सभा, सम्मेलनमामा भाग लिने गरेको पाइयो । त्यसैगरी व्यवसायिक खेतीमा लागि सकेपछि गाउँमा हुने राजनैतिक भेला, सभा, सम्मेलनमा बोलाउन थाले भन्ने व्यवसायी महिलाहरुको पनि उल्लेख्य रहेको पाइयो । व्यवसायिक खेतीमा लागि सकेपछि ८० प्रतिशत महिलाहरु सहकारीमा संलग्न भएको पाइयो ।

उत्तरदाताहरुमध्ये शैक्षिक अवस्थाको आधारमा हेर्ने हो भने मा.वि. वा सोभन्दा माथि शैक्षिक अवस्था भएका महिलाहरु सवैले कृषि सम्बन्धी आधारभूत तालिम लिएको पाइयो भने उत्तरदाताहरुले व्यवसायिक खेतीमा लागे पश्चात बैंक तथा वित्तीय संस्थाहरु साथसाथै सहभागी एवम सरसापटी पनि दिने गरेको पाइयो ।

उत्तरदाताहरुमध्ये केहीले आफ्ना छोराछोरीहरुलाई प्राइभेट स्कुलमा पढाएको तर पहिला सरकारीमा पढाउने उत्तरदाताले पनि अहिले प्राइभेट स्कुल र पहिला अलि कमसल प्राइभेट स्कुलमा पढाउनेले अलि माथिल्लो स्तरको प्राइभेट स्कुलमा आफ्ना छोराछोरी पढाउने गरेको पाइयो ।

## सन्दर्भसूची


अर्याल, भोजेन्द्र (२०६२), लैङ्गिक अध्ययन, दिक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर ।

आचार्य, बलराम (२०६२), सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा, विद्यार्थी पुस्तक प्रकाशन ।

कृषि डायरी (२०६८), कृषि सूचना तथा सञ्चार केन्द्र ।

गुरुङ, ध्वज (जुन २९, २०२०), फ्रोम फार्मिङ टु इम्पावरमेन्ट, द काठमाडु पोष्ट, जततउकस्रपबतजmबलमगउयकत।अयmरअयगिmलकरद्दण्द्दण्ग्रण्टरद्दढराचयm(ाबचm ष्लन(तय(ाझबभि(झउयधभचmभलत

चौलागाई, तिलकप्रसाद; पोखरेल, नानिराज र सापकोटा, केशवराज (२०६१), लैङ्गिक अध्ययन, न्यूहिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर ।

चापागाईं, एन्जिला (आइतवार ०४ साउन, २०७७), कृषिमा महिला सहभागिता ः विगत र वर्तमान, कृषि पत्रिका, समाचार कृषिका, जततउकस्रपचष्कजष्उबतचष्पब।अयmरद्दण्द्दण्ग्रण्ठर ज्ञटढद्दढर

थापा, सावित्री (२०६२), राष्ट्रिय सहकारी संघ, वार्षिक प्रतिवेदन, राष्ट्रिय सहकारी संघ ।

नेपाल राष्ट्र बैंक (२०७९), देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति, नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०७६), पन्ध्रौ योजना आर्थिक ववर्ष २०७६÷७७–२०८०÷८१), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार

नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, (२०६३), कृषि व्यवसाय प्रवद्र्धन नीति, २०६३, नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय ।

नेपालको संविधान २०७२, नेपाल ल कमिसन ।

पौड्याल, हिमराज (२०६८), महिला सशक्तिकरणका लागि पैतृक सम्पत्ति, महिलाहरूको समान अधिकार सम्बन्धी, एक समाजशास्त्रीय ऐजेन्डा ।

बराल, शिवजी (२०६४), भरत पोखरी गा.वि.स.मा व्यवसायीक गोलभेडा खेती, सम्बन्धी समाजशास्त्रीय अध्ययन, अप्रकाशित शोधपत्र समाजशास्त्र÷मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस पोखरा ।

भासिन, कमला (२००३), पितृसत्ता के हो ? कालि फर वीमन ।

मार्क्स, कार्ल र एेंगेल्स, फ्रेडरिक (१९४२), ओरिजिन अफ द फेमिली, प्राइभेट प्रोपर्टी एण्ड द स्टेट, इन्टरनेशनल पब्लिसर्स ।

महिला जागरण तथा विकास केन्द्र (२०६२), महिला सशक्तिकरणका लागी कानूनी अधिकार काठमाण्डौ नेपाल ।

रान्डल, कोलिन्स (१९९७), थेउरीटीकल सोसियोलोजी, जयपुर भारत ।

रिटजर, जर्ज (१९९६), मोडर्न सोरियोलोजिकल थ्योरी, एमसी ग्रहिल कम्पनी ।

शर्मा, रमेशनाथ (२०६४), सोसियो इकोनमिक एण्ड मार्केट सर्भे,

समृद्धि, द प्रोस्परिटि फाउण्डेशन (२०११), नेपालमा कृषिको व्यवसायिककरण, समृद्धि प्रकाशन ।

तामाङ्ग, सुजाता र गुरुङ, करिश्मा (वैशाख २०७४), नेपाली कृषिकर्मको महिलाकरण ः किन र कसरी, हाम्रो वन सम्पदा, वर्ष १४, अंक १, ५०–६२ ।

जेटकिन, क्लारा (२०६५), महिलाहरूको मुक्तिको बारेमा, प्रगति प्रकाशन ।

Engels, F. (1972). *The Origin of the Family, Private Property and the State.* Pathfinder Press.

Luintel, Y. B. (2018). *Gender and Development: Some Essays*. Academic Book Center

Paudel, K.P., Dahal, D., and Shah, R. 2012. Abandoned Agriculture Land in Mid Hills of Nepal, Prepared by ForestAction Nepal and IUCN Nepal for ACIAR/ICRAF 2012.

अनुसूची १

अन्तरवार्ता अनुसूचि

क) पारिवारिक विवरण

उत्तरदाताको नामथरः  वैवाहिक स्थितिः

उमेरः  भाषाः

धर्मः  जात÷जातिः

शिक्षाः

प्र. १. तपाईको पारिवारिक संरचना कस्तो छ ?

(क) एकात्मक  (ख) संयुक्त

प्र. २. तपाईको घरको बनावट कस्तो छ ?

(क) कच्ची  (ख) टिन÷ढुङ्गाको छाना

(ग) आर.सि.सि.  (घ) अन्य

प्र. ३. तपाईको परिवारको नाउँमा रहेको जग्गाकति छ ?

.......... अना ...................रोपनी

सो मध्ये खेती योग्यजमिनकति छ ?

......................आना .............रोपनी

प्र. ४. व्यावसायिक रूपमा तरकारी खेती गरिएको जमिनकति छ ?

................ रोपनी÷हल

प्र. ५. तपाइँको नाममा जग्गा जमिन छ कि छैन ?

क) छ ख) छैन

यदि छ भने कति छ ? .......................आना .............रोपनी

प्र. ६. उक्त जमिन व्यवसायिक खेतीमा लागि सकेपछि किन्नु भएको हो कि पुख्र्यौली जमिन हो?

क .........................................................................................................

प्र. ७. तपाइँलाई जग्गा जमिन किन्ने बेलामा घरमा सोध्नु हुन्छ कि हुँदैन ।

क ...........................................................................................................

प्र.८. घर परिवारको आम्दानीको मुख्य स्रोत के के हुन् ?

(क) व्यावसायिक खेती (ख) नोकरी÷रोजगारी

(ग) उद्योग÷व्यापार (घ) अन्य

ख) व्यवसायिक खेती

प्र.१. व्यवसायिक खेतीमा कसरी लाग्नु भयो ?

क ............................................ ख ..............................................

प्र.२. व्यावसायिक तरकारी खेतीमा लाग्नु भएको कति समय भयो ?

(क) २ वर्ष भन्दा कम (ख) २–५ वर्ष (ग) ६ वर्ष भन्दामाथि

प्र.३. व्यावसायिक तरकारी खेतीमा किन आर्कषित हुनुभयो ?

(क) देखासिकी (ख) संघ संस्थाद्वारा सहयोग

(ग) बेरोजगार भएर (घ) व्यावसायिक कृषि सम्बन्धी अध्ययन÷तालिम लिएर

(ङ) घर खर्च चलाउन ।

प्र.४. तपाईले व्यवासायिक खेतिको लागि कति जग्गाको प्रयोग गर्नु भएो छ?

................ रोपनी .............. आना

प्र. ५. तपाईले आफ्नो बाहेक अन्य व्यक्तिको जग्गा प्रयोग गरेर पनि व्यवसाय गर्नुभएको छ ?

(क) छु (ख) छैन

यदि गर्नु भएको छ भने कति .......................आना .............रोपनी

प्र. ६. व्यावसायिक तरकारी खेतीको लागि कुन तरकारी बालीहरू लगाउनु भएको छ ?

(क) गोलभेडा (ख) काक्रो (ग) काउली÷बन्दा

(घ) च्याउ (ङ) आलु (च) अन्य ...

प्र. ७ तपाई कृषिमा पनि तरकारी उत्पादन नै किन रोज्नु भयो ?

.......................................................................................................

प्र. ८. खेतबारीमा कति महिना तरकारी लगाउनु हुन्छ ?

(क) ३ महिना (ख) ६ महिना (ग) वर्ष भरी

प्र. ९. तपाई कस्तो तरकारी उत्पादन गर्नुहुन्छ ?

(क) मौसमी (ख) बेमौसमी (ग) दुवै

प्र. १०. कस्तो तरकारी लगाउँदा आम्दानी बढी हुन्छ ?

(क) मौसमी (ख) बेमौसमी

प्र. ११. तरकारी उत्पादनबाट वार्षिक कति आम्दानी हुन्छ ?

....................................................................................................

प्र. ११. तरकारी उत्पादनबाट हुने आम्दानी के मा खर्च गर्नुहुन्छ ?

(क) घर खर्च (ख) बालबच्चाको पढाई

(ग) जग्गा÷घर किन्न (घ) पुनः उत्पादनमा लगानी

सामाजिक आर्थिक अवस्था

प्र. १. तपाइँको घरमा सरसामान पनि किन्ने गर्नु भएको छ ?

क) छ ख) छैन

प्र. २ . तपाइँले आफ्नो खर्चको लागि श्रीमान् वा सासुससुराबाट पैसा माग्नु पर्दछ कि पर्दैन

क) पर्छ ख) पर्दैन

प्र. ३. यदि पर्दैन भने आफ्नो कमाइ स्वविवकेले खर्च गर्न सक्नु हुन्छ ?

क) सक्छु ख) सक्दिन

प्र. ४. व्यवसायबाट कमाएको पैसा घरमा हिसाव बुझाउनु पर्छ कि पर्दैन ?

क) पर्छ ख) पर्दैन

प्र. ५. छोरा छोरीको पढाइ खर्च कसले गर्नु भएको छ ?

क) मैले ख) श्रीमानले ग) दुवैले

प्र. ६. छोराछोरीको लत्ता कपडाइको लागि कसले तपाइँ आफूले स्वविवेकले खर्च गर्न सक्नुहुन्छ ?

क) सक्छु ख) सक्दिन ग) दुवैको सल्लाहबाट हुन्छ

प्र. ७. घरजग्गा किन्दा घरसल्लाहमा तपाइँको सहभागिता हुन्छ कि हुँदैन् ।

क) हुन्छ ख) हुँदैन ग) पहिले हुन्थेन अहिले हुन्छ

प्र. ८. तपाइँको आफ्नो नाममा पनि घर जग्गा रहेको छ ?

क) छ ख) छैन

प्र. ९. यदि छ भने व्यवसायमा लाग्नु भन्दा पहिला किन्नु भएको हो कि पछि ?

क) लाग्नुभन्दा पहिले ख) लाग्नु भन्दा पछि

प्र. १०. तपाइँको नाममा बैंक व्यालेन्स पनि रहेको छ ?

क) छ ख) छैन

प्र. ११. तपाले गरगहना पनि बनाउनु भएको छ ?

क) छ ख) छैन

प्र. १२. यदि छ भने आफ्नो कमाइले बनाउनु भएको हो ?

क) हो ख) होइन

प्र. १३. गरगहना बनाउने बेलामा श्रीमान्को सल्लाह पनि लिनु भएको थियो ?

क) थिएँ ख) थिइन

प्र १४.. बनाउने बेलामा उहाँको रोकटोक भयो कि भएन् ?

क) भयो तर बनाए ख) भएन

प्र. १५. व्यवसायिक खेतिमा थप लगानि गर्नु प¥यो भने सल्लाह लिनु हुन्छ कि आफै गर्नु हुन्छ ?

क) सल्लाह लिन्छु ख) आफै गर्छु

प्र. १६. खेतिमा थपि लगानि गर्नको लागि श्रीमानले आर्थिक सहयोग गर्नुहुन्छ ?

क) गर्नुहुन्छ ख) गर्नु हुँदैन

प्र. १७. तपाइँ कुनै महिला समूहमा आवद्ध हुनुहुन्छ कि हुँदैन ?

क) छु ख) छैन

यदि हुनुहुन्छ भने कुन पदमा हुनुन्छ ?

क) ...........................................................

प्र. १८. तपाइँ कुनै राजनीतिक दलमा पनि आवद्ध हुनुहुन्छ ?

क) छु ख) छैन

प्र. १९. तपाइँ भेला, सम्मेलन, सभा जस्ता कार्यक्रममा सहभागि हुनुे गर्नु भएको छ ?

क) छ ख) छैन ग) पहिला हुन्थिन अहिले हुन्छु

प्र. २०. गाउँमा परि आएका समस्याहरुको समाधानमा तपाइँलाई बोलाउँछन कि बोलाउँदैनन्

क) बोलाउछन्  ख) बोलाउँदैनन    ग) पहिला बोलाउदैनथे अहिले बोलाउँछन्

प्र. २१. कुनै सामाजिक कार्य गर्नु परेमा तपाइँलाई सोधखोज गर्छन कि गर्दैनन्

क) गर्दछन्   ख) गर्दैनन्   ग) पहिला गर्दैनथे अहिले गर्दछन््

प्र. २२. कुनै सहकारीमा आवद्ध हुनुहुन्छ कि ?

क) छु ग) छैन ग) पहिला थिइन अहिले छु

प्र. २३. यदि समुहमा आवद्ध हुनुहुन्छ भने तपाईको समुहमा कति जना कृषकहरू संलग्न हुनुहुन्छ ?

(क) २० जना कम   (ख) २१–३० जना

(ग) ३१–४० जना   (घ) ४० भन्दा माथि

प्र. २४ तपाइले गरेको आम्दानीले परिवार र समाजलाई कसरी के फाइदा पुगेको छ ।

..........................................................................................

प्र. २५ ऋण आवश्यक पर्दा कहाँबाट लिनुहुन्छ ।

..........................................................................................

प्र. २६. तपाईले व्यावसायिक तरकारी खेती सम्बन्धी कुनै तालिम लिनुभएको छ ?

(क) छु   (ख) छैन

प्र. २७. यदि तालिम प्राप्त गर्नु भएको छ भने कसले दिएको थियो ?

(क) नगरपालिका   (ख) जिल्ला कृषि कार्यालय

(ग) गैर सरकारी संस्था (घ) अन्य

प्र. २८. तरकारी उत्पादनबाट जम्मा हुने आम्दानी बचत गर्नुभएको छ ?

(क) छ   (ख) छैन

प्र.२९. यदि बचत गर्नुभएको छ भने कहाँ गर्नुभएको छ ?

(क) समुहमा मात्र (ख) सहकारीमा (ग) बैङ्कमा

प्र. ३०. तरकारी उत्पादनमा लागेपछि तपाईलाई के के फाइदा भयो ?

........................................................................................................

प्र.३१. तपाईको छोराछोरीलाई कस्तो स्कुलमा पढाउनु भएको छ ?

(क) सरकारी (ख) प्राईभेट

ग) पहिले सरकारी अहिले प्राइभेट घ) पहिले प्राइभेट अहिले अर्को प्राइभेट

प्र.३२. तरकारी उत्पादन गर्दा कसको सहयोग लिनुहुन्छ ?

क) ...................................................... ख) ..........................................

प्र.३३. व्यावसायिक खेती गर्न थालेपछि तपाईको परिवारको जिवनस्तरमा के कस्तो परिवर्तन पाउनु भएको छ ?

..................................................................................................

प्र.३४. तरकारी उत्पादनमा के के समस्या रहेका छन् ?

..................................................................................................

प्र.३५. ती समस्याको समाधान कसरी गर्न सकिएला ?

..................................................................................................

प्र.३६. उत्पादनमा अझै वृद्धि गर्नका लागि तपाईको समाजले के गरोस भन्ने लाग्छ ?

..................................................................................................

प्र.३७. महिला सशक्तिकरणका लागी समूह बनेको छ कि छैन?

क) छ ख) छैन

प्र. ३८. महिला समुहले तरकारीको बजारीकरणको लागि पनि पहल गर्ने गरेको छ?

क) छैन ख) छैन

प्र. ३९. तपाइँको पैसा कसैले लगेर नदिएको घट्ना छ कि छैन

क) छ ख) छैन

प्र. ४०. यदि छ भने कृषि समुहले सहयोग गरेको छ ?

क) छ                         ख) छैन

प्र. ४१. तपाइँको कृषि समूहले महिला अधिकार सम्बन्धि सचेतना कार्यहरु गर्ने गरेको छ ?

..........................................................................................

प्र. ४२. सिप सिकाइका लागी समूहले गरेका कार्यहरू के के होलान?

................................................................................................

प्र. ४३. समाजमा कुनै महिला समस्यामा पर्दा समाधानका लागि पहल गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

प्र. ४४. समुहमा बस्नाले के फाईदा भएको छ ?

क) सुलभ व्याज ऋण पाइन्छ ख) बचत भएको छ

ग) साथीसँग सम्बन्ध बढेको छ घ) माथिका सबै

प्र. ४५. समूहको सहयोगमा बिउबिजनको क्षेत्रमा कस्तो काम भएको छ?

..........................................................................................

प्र. ४६. तपाइँका उत्पादनहरूलाई सामुहिक रुपमा संकलन गर्ने ब्यबस्था छ कि छैन ?

..........................................................................................

प्र. ४७. नेतृत्व बिकासका लागी कस्ता अवसर प्राप्त भए ?

..........................................................................................

प्र. ४८. भोलिका दिनमा सामाजिक नेतृत्वका लागी अहिलेको सिपले पारेको प्रभाबका बारेमा केहि भन्नु छ कि?

..........................................................................................

प्र. ४९. तपाईलाई भन्न मन लागेका कुरा केही छन् कि ?

# स्थलगत अध्ययनका क्रममा लिइएका तस्विरहरु













**वैयक्तिक अध्ययन १– सुनिता थापाको व्यवसायिक खेतिमा लागेपछि पाएको सफलता**

चाँगुनारायण नगरपालिका वडा नं. ९ हर्षपुर निवासी ३३ वर्षिय सुनिता थापाको परिवार मध्ययम खालको छ । उनी व्यवसायिक खेतिमा लाग्नु अगाडि खेत बारीमा धान, मकै जस्ता अन्नबाली मात्र उत्पादन गरिन्थ्यो । तर पनि यस्ता अन्नबालीले उनको परिवारलाई वर्ष गरी खान समेत पुग्दैन्थ्यो । ५÷६ रोपनीभन्दा बढी जमिन भएर पनि वर्ष भरी खान नपुग्ने स्थिती थियो । उनको परिवारमा ६ जना सदस्य रहेका छन् । वषौं देखि धान, मकै उत्पादन आदी गरेको सुनीता थापाले बताइन । उनलाई सुरुवातका वर्षमा व्यवसायीक तरकारी उत्पादन गर्नुपर्छ भन्ने ज्ञान थिएन । विस्तारै सबैले अलिअलि तरकारी लगाउँदै सामान्य रूपमा बेचविखन गरेको देखेर आपूmले पनि अलिकति जग्गामा तरकारी लगाएको उनी बताउँछिन । त्यसपछि त्यो तरकारिले अरु अन्नवालिले भन्दा राम्रो उत्पादन दिएपछि उनले २ वटा टनेल बनाएर व्यवसायिक उत्पादनको कार्य सुरु गरेकी थिइन । उक्त क्षेत्रमा कसैले पनि व्यवसाकिय खेती नगरेका कारण उनलाई समाजमा फरक ढंगले समेत हेरियो । अरुले के भन्छ भन्ने कुरामा ध्यान नदिई आफ्नो कर्ममा लगातार लागिसकेपछि उनले राम्रो आम्दानी गर्न थालिन । सुरुमा उनको कार्यप्रति कुरा काट्नेहरुले पनि अहिले आएर उनको सिको गर्न थालेको उनी बताउँछिन् । विस्तारै व्यवसायिक खेतीबाट आम्दानी हुन थाले पछि र आफ्नो घरमा आवश्यक पर्ने घरखर्च तरकारी विक्रीबाट आउन थालेपछि परिवारका अन्य सदस्यले विस्तारै उत्पादन कार्यमा सहयोग गरेको उनी बताउछीन । तरकारी उत्पादन गर्नुभन्दा अगाडि आपूmसँग केहीपनि रकम हातमा हुदैनथ्यो तर आपैm उत्पादन कार्यमा खटेपछि आपूmसग २–४ हजार रूपैया नटुटेको उनी बताउँछीन् । परिवारको सहयोग र समर्थन पछि उनको घरमा अहिले ७ वटा टनेलमा व्यवसायीक खेती गरेकी छन् । पहिला उनलाई घरपरिवारका कुनै कार्य गर्दा पनि नसोध्ने श्रीमान् सासुससुरा लगायत अन्य परिवारका सदस्यहरुले अहिले केही गर्नु प¥यो भने उनको सल्लाह सुझाव लिने गरेको बताउँछिन् ।

**वैयक्तिक अध्ययन २– सुनिता कुमारी श्रेष्ठको व्यवसायिक खेतिमा लागेपछि पाएको सफलता**

चाँगुनारायण नगरपालिका वडा नं. ९ हर्षपुर निवासी ५० वर्षिय सुनिता कुमारी श्रेष्ठ यस पेसामा लागेको झण्डै १० वर्ष जति भयो । उहाँको पति व्यवसायले ड्राइभर हुन् । आफूसँग रहेको जग्गामा सामान्य खालको अन्नवाली लगाउने गरेको परिवारले वर्षभरि पेट पाल्न पनि नपुगेपछि उनले सुरुमा आफ्नो खेतमा तरकारी खेति गरेर बजारमा लगि बेच्न थालेको कुरा बताउँछिन् । सुरुमा तरकारी उत्पादन गरेर बेच्न जाँदा समाज एवम परिवारले गिज्याउने गरेको उनलाई अझै सम्झना छ । श्रीमान्को पेशा भुकम्प पछि धरासायी बन्दै गएपछि उनको कमाइबाट छोरा छोरीको स्कुलमा फिस तिर्न नसकेर स्कुलबाट फोन गरेर नमिठा शब्दहरु भनेको उनलाई अझै याद आउँछ । त्यसपछि अब यसरी हुँदैन भनेर एउटा टनेल बनाएर व्यवसायिक वेमौसमी तरकारी लगाए पछि उनको जीवनमा हरियाली नै छाएको उनको अनुभव छ । उनका अनुसार सुरुमा एउटा टनेलबाट सुरु गरेकी सुनिता अहिले छिमेकीको २ रोपनी जग्गा समेत भाडामा लिएर अहिले ५ वटा टनेलमा विभिन्न खालका व्यवसायिक कृषि कार्य गर्दै आएकि छन् । पहिला जस्तो अहिले उनलाई डोकोमा तरकारी बोकेर बेच्न जानुपर्ने बाध्यता छैन । तरकारी उत्पादन मात्रै गर्न सक्नुपर्छ, व्यापारि एवम ग्राहकहरु टनेलमै किन्न आउने गरेको उनको अनुभव छ । पहिला स्कुलको फि समेत तिर्न नसकेकी सुनिता अहिले छोराछोरीहरुलाई पहिलाको भन्दा पनि महंगो विद्यालयमा पढाउने गरेकी छन् । घरका छोरा छोरी एवम श्रीमान्बाट पनि उनले यथेष्ट सहयोग पाएकी छन् ।

**वैयक्तिक अध्ययन ३ अम्बिका पौडेल जीवनमा आएको परिवर्तन**

अम्बिा पण्डित ३६ वार्षिय जागरुक महिला कृषक हुन, १ छोरा, १ छोरी, श्रीमान् र सासू गरी ५ जनाको परिवारमा बस्ने उनकोे मूख्य जिवीकोपार्जनको आधार कृषि पेसा नै हो । यी आफ्नो कुरा यसरी सुनाउँछीन् । जब बिबाह गरेर म यहाँ आए त्यसपछी मैले जीवनमा धैरै संघर्ष गर्दै आएँ । दुई सन्तान जन्मिए र तिनको पालनपोषणमा दिनहरू विते । सुरुवातमा बालबच्चाको रेखदेख खेतीपाती तथा वनपाखामा दाउरा घासमा मात्र

मेरा दिन वित्दथ्ये । आफ्नो २ रोपनी जग्गा मात्र भएकोले ५ रोपनी जग्गा अधिया कमाएर मैले खेती गर्दथे । विगतमा व्यवसायीक उत्पादनमा कसैले पनि ध्यान नदिएकाले यो सम्बन्धी कति पनि ज्ञान थिएन । सामान्य रूपमा आपूmले धान, मकै, आदि रोपीन्थ्यो । जति दुःख गरे पनि आपूmलाई वर्ष भरी खान पुग्दैनथ्यो । विगतमा सामान्य रूपमा आफ्नो घरमा खाने तरकारी मात्र उत्पादन गरिन्थ्यो । सामान्य गोलभेडाको २–४ वटा विरुवा तथा मलखाद वरपर अलिअलि साग लगाइन्थ्यो । जब चाँगुनारायण नगरपालिकाकाले कृषि खेती सम्बन्धी तालिम यस वडामा सञ्चालीत भयो त्यस बेला मैले पनि तालिम लिने मौका पाए । तालिम पश्चात् हामीले सिकेका कुराहरू परिवारमा सिकाउदै व्यवहारमा उतार्दै गएँ । तालिम पूर्व मलाई व्यवसायिक खेती कसरी गर्ने, के गर्दा बढी उत्पादन हुन्छ, कुन विउ कसरी लगाउने र कहिले लगाउने भन्ने केही पनि थाहा थिएन । जब तालिममा सहभागी बने म भित्र एउटा आत्म विश्वास पलाएर आयो । तालिम पछाडी एउटा टनेल बनाए । व्यवस्थित रूपले तरकारी लागउँदै गए । पहिलो वर्ष तरकारीबाट ८० हजार भन्दा माथि आम्दानी भएको थियो । तरकारीबाट आम्दानी बढ्दै गएकोले घरको आर्थिक अवस्थामा सुधार हुँदै आयो । आफ्नो खेतबारीमा उब्जेको ताजा तरकारी दैनिक खान पाइएको छ । विभिन्न तालिम भ्रमण जस्ता कार्यक्रममा सहभागी हुने अवसर मिलेको छ । तालिम, गोष्ठी चेतनामूलक कार्यक्रम आदिमा म पनि सहभागी भएकी छु र त्यहाँबाट पनि आपूmले ज्ञान पाएकी छु । बालबच्चालाई राम्रो शिक्षा होस् भनेर दुःख नै गरेर भएपनि पढाएकी छु । श्रीमान् पहिला वैदेशिक रोजगारीका हुनुहुन्थ्यो । अहिले वहाँ पनि सँगै हुनुहुन्छ । गाउँमा व्यवसायिक तरकारी खेतीमा आइ परेको समस्याको बारेमा मलाई बोलाउने गर्दछन् । मैले जानेको कुरा सिकाउने एवम सहयोग गर्ने गरेकी छु । पसलमा सामान किन्न जाँदा रित्तो हात जानुपरेको छैन । सहकारी र समूहमा मासिक बचत गर्ने गरेकी गर्दछु ।

**वैयक्तिक अध्ययन ४ माइली तामाङ जीवनमा आएको परिवर्तन**

माइली तामाङ ३४ वार्षिय महिला कृषक हुन, उनी यहाँ दोलखाको चरिकोटबाट बसाइ सरेर आएको करिव ११ वर्ष भयो । श्रीमान् ड्राभइभिङ पेसामा दुवइमा लामो समय रहे । उनले विदेशमा कमाएको पैसाले यहाँ ४ आना जग्गा किनेर ४ कोटे पक्की घर पनि बनाए । तर उक्त पक्की घर बनाउँदा उनलाई ऋणले चाँपेको थियो । श्रीमान्ले विदेशमा कमाएको  मासिक रु १ लाखले उनलाई घरको किस्ता तिर्न पनि हम्मेहम्मे पर्ने, कहिले छोराछोरीको फि तिर्न पनि नसक्ने भएपछि उनलाई आर्थिक समस्याले गर्दा बैंकले निकै दुःख दिएको सम्झना अझै पनि उनको दिमागमा ताजा नै रहेको छ । उनको दैनिक जीवनमा आर्थिक समस्याहरु आइपरेपछि उनले व्यवसायिक कृषिमा लाग्ने विचार गरिन् । सुरुमा १ रोपनी जग्गा वर्षको १६ हजारमा लिएर च्याउ खेति गरेकी उनले च्याउबाट राम्रो उत्पादन गरि आर्थिक उपार्जनको जग बसालेको बताउँछिन् । पछि व्यवसायिक खेतीमा राम्रो भएपछि सँगैको ४ रोपनी जग्गा साहुसँग भाडामा लिएर टनेल हाली व्यवसायिक खेतीमा लागिन् । टनेलमा खासगरी वैमौसमी खेती गर्दै आउँदा उनले यो पेशाबाट मनग्गे आम्दानी भएको र श्रीमान्ले कमाएको पैसा पनि जोड्दा उनले अहिले आफ्नो घर वैंकबाट फुक्का बनाउन सफल भइन् । अहिले उनले दोलाखाबाट आफ्ना सासुसुराहरुलाई पनि उक्त ठाउँमा ल्याएर बसोवास गरिरहेका छन् भने श्रीमान् वैदेशिक रोजगारीमा नै छन् । घरमा परिआउने प्रत्येक कार्यहरुमा उनको निर्णयनै मुख्य हुने गर्दछन् । पहिले उनलाई सोधखोज नगर्ने सासुसुरा, एवम नातेदारहरुले अहिले केही गर्नु प¥यो भने उनको सल्लाह लिने बताउँछिन् ।

**वैयक्तिक अध्ययन ५ सरला प्रजापतिको जीवनमा आएको परिवर्तन**

सरला प्रजापति अहिले ३९ वार्षिय महिला कृषक हुन् । उनको पुख्र्योली थलो नै हर्षपुर हो । उनको पुख्र्योली पेशा भाडाँ बनाउने हो । अहिले विभिन्न खाले प्लाष्टिकका भाडाँहरु बजारमा सस्सो मुल्यमा पाइने हुनाले उनको पुख्र्योली पेशा धरापमा परेको

गुनासो उनको रहेको छ । उनीहरुले बनाएका माटाका भाँडाहरुले राम्रो बजार नपाएपछि उनी त्यही खेतमा सुरुमा खुल्ला आकाश मुनी तरकारी खेती गरेको र उक्त तरकारी खेती सफल भएपछि उनले आफ्नो ४ रोपनी जग्गामा टहरा बनाइ वेमौसमी तरकारी खेती सुरु गरेको बताउँछिन् । सुरुमा उनका सासुससुराले उनलाई के गर्न आँटेको भनेर बेलाबेलामा गाली समेत गरेको तर तरकारी खेतीबाट आम्दानी हुन थालिसकेपछि खुसी हुँदै गएको र परिवारमा पहिलाको भन्दा पनि राम्रो सम्बन्ध स्थापित भएको उनको अनुभव रहेको छ । भाँडा बनाउँदा दाउरा खोज्नु पर्ने, भाँडाहरु पोल्नुपर्ने भन्दा अहिलेको पेशा सजिलो भएको उनको भनाइ छ । उनका अनुसार अहिलेउनले वार्षिक ४÷५ लाख रुपैयाँ कमाउने गरेकी छिन् जसले गर्दा अहिले उनको पारिवारिक एवम सामाजिक जीवन राम्रो भएको छ । उनैको सिको गरेर अहिले वर परका महिलाहरुले पनि व्यवसायिक खेतीमा लागेको बताउँछिन् । अहिले उनको समाजमा हुने प्रत्येक भेला सम्मेलनहरुमा सहभागिता हुने गरेको छ । उनले आफ्नो समाजमा हुने महिलामाथिका विभेदमाथि प्रश्नचिन्ह खडा गर्ने भएको हुनाले अहिले उनको समाजका महिलाहरुले उनलाई आफ्नो अगुवा ठान्ने गरेका छन् ।